सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ असोज २०८०, शुक्रबार (29 Sep 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १६९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

हुम्लामा कुहिएको चामल बिक्री



काठमाडौंदेखि केरुङ नाका हुँदै हुम्लाको हिल्सा नाकाबाट नाम्खा गाउँपालिका- ५ मुचु, सम्बामा पुऱ्याएर ५० परिवारलाई बिक्री गरिएको चामल कुहिएको पाइएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले हुम्लामा सोमबार र मंगलबार १२५ क्विन्टल चामल बिक्री गरेको थियो। नाम्खा- ५ का सम्बाका रिन्जिन तामाङले आफूले चार बोरा चामल किनेकामा दुई बोरा कुहिएको पाइएको बताए।

(विस्तृत पृष्ठ ३)

अन्तर्राष्ट्रिय उडान ८५% 'रिकभर'

कोभिडपछि आन्तरिक उडानतर्फ 'फ्लाइट मुभमेन्ट' र यात्रु संख्यामा उत्साहप्रद वृद्धि





यस वर्ष हवाई यात्रु ८५ लाख पुग्ने अपेक्षा छ

प्रताप तिवारी, महाप्रबन्धक, त्रिभुवन विमानस्थल

(विस्तृत पृष्ठ ९)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ अख्तियार पुगेका ३५ प्रतिशत उजुरी स्थानीय तहको भ्रष्टाचारका

दुई महिनामा बहालवाला दुई पालिका प्रमुखसहित १२ जनप्रतिनिधि र ११ प्रशासकीय अधिकृतविरुद्ध मुद्दा

● त्रियुगामा गिटी, बालुवा ठेक्कामा ८१ लाख ३५ हजार राजस्व हिनामिना प्रकरणमा पूर्वमेयरसहित चारविरुद्ध मुद्दा

● सिम्रौनगढका प्रमुख प्रशासकीयविरुद्ध ६ महिनामै भ्रष्टाचारको दोस्रो मुद्दा दायर, अनुदान दुरुपयोग गर्ने सिम्रौनगढका निमित्त प्रमुख प्रशासकीयविरुद्ध पनि मुद्दा

● गरेको कामको भुक्तानी माग्दा घुस, विष्णुपर गाउँपालिका अध्यक्षसहित तीनविरुद्ध मुद्दा

● लिखुपिकेमा निःशुल्क प्राप्त जग्गालाई ६ लाखमा किनेको देखाएर भ्रष्टाचार

● बोदेबर्साइनमा आयोजना नै नथाली पौने १५ लाख भुक्तानी

● कृषि अनुदानका लागि सिफारिस गरेबापत घुस लिए नेपालगन्ज- १३ का कार्यवाहक वडाध्यक्षले

● भीमदत्त नगरपालिकामा ढुंगा, गिटी, बालुवाको ठेक्कामा सवा करोड छुट, तत्कालीन मेयर र निमित्त प्रमुख प्रशासकीयसहित १० विरुद्ध मुद्दा

● पालिका कोषमा दाखिला गर्नुपर्ने ६ लाख आफैंले लिएर अपचलन गर्ने विजयनगर- ४ का वडाध्यक्षविरुद्ध मुद्दा

● मर्चवारीमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतबाट भ्रष्टाचार, रकम छोराको खातामा

● महोत्तरीको पिपरामा गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन बनाएर भ्रष्टाचार

● छाँयानाथ रारामा पार्क निर्माणमा साढे ३८ लाख हिनामिना

● शैल्यशिखरमा भुटा बिल बनाएर २६ लाखभन्दा बढी भुक्तानी

● प्रमुख प्रशासकीय अधिकृत छँदा भ्रष्टाचार गरेको आरोपमा खोटाङका सिडिओ भोजराज खतिवडाविरुद्ध मुद्दा

सुवास भट्ट/नयाँ पत्रिका

पछिल्ला दुई महिनामा स्थानीय तहका ११ प्रमुख प्रशासकीय अधिकृत (निमित्तसहित) र बहालवाला दुई पालिका प्रमुखसहित १२ जनप्रतिनिधिविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका कुल उजुरीमध्ये स्थानीय तहका मात्रै ३५ प्रतिशत हाराहारी छन्।

» पृष्ठ ११ मा क्रमशः

■ मुद्दा लागेका जनप्रतिनिधि



आतेशकुमार सिंह
मेयर, बोदेबर्साइन नगरपालिका (सप्तरी)



उमेशप्रसाद यादव
अध्यक्ष, विष्णुपुर गाउँपालिका (सप्तरी)



बलदेव चौधरी
पूर्वमेयर, त्रियुगा नगरपालिका (उदयपुर)



सुरेन्द्रबहादुर विष्ट
पूर्वमेयर, भीमदत्त नगरपालिका (कञ्चनपुर)

सोलुखुम्बुको लिखुपिके गाउँपालिका- २ का तत्कालीन वडाध्यक्ष रमेशकुमार बस्नेत, सप्तरीको बोदेबर्साइन नगरपालिका- ४ का तत्कालीन वडाध्यक्ष रामानन्द चौधरी र नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगत, कञ्चनपुरको भीमदत्त नगरपालिका- १७ का तत्कालीन वडाध्यक्ष हिमालबहादुर चन्द, कपिलवस्तुको विजयनगर गाउँपालिका- ४ का वडाध्यक्ष तिलकराम कँडेल, रुपन्देहीको मर्चवारी गाउँपालिका- ३ का तत्कालीन वडाध्यक्ष नारायणबहादुर यादव र तत्कालीन गाउँ कार्यपालिका सदस्य राजेश हरिजन, ओखलढुंगाको सिद्धिचरण नगरपालिका- १० का तत्कालीन वडाध्यक्ष दामोदर धमला

रंगशाला स्तरोन्नतिमा भएको भ्रष्टाचारमा राजविराजका मेयर भीमराज यादव दोषी ठहर

■ मुद्दा लागेका प्रशासकीय अधिकृत



विश्वराज मरासेनी
सिम्रौनगढ नगरपालिका (बारा)



राजेन्द्र भण्डारी
लिखुपिके गाउँपालिका (सोलुखुम्बु)



घनश्याम यादव
बोदेबर्साइन नगरपालिका (सप्तरी)



हरिदत्त जोशी
भीमदत्त नगरपालिका (कञ्चनपुर)



लक्ष्मण अर्याल
मर्चवारी गाउँपालिका (रूपन्देही)



वीरेन्द्रप्रसाद साह
सिम्रौनगढ नगरपालिका (बारा)



रञ्जिता झा
पिपरा गाउँपालिका (महोत्तरी)



ललितजंग मल्ल
छाँयानाथ रारा नगरपालिका (मुगु)



सुरेन्द्रबहादुर विष्ट
शैल्यशिखर नगरपालिका (दार्चुला)



भोजराज खतिवडा
सिद्धिचरण नगरपालिका (ओखलढुंगा)



किरणकुमार कार्की
त्रियुगा नगरपालिका (उदयपुर)

निमित्त भएका स्थानीय तहमै अनियमितता धेरै



● **सुमन दाहाल**, सहसचिव, संघीय मामिला मन्त्रालय

स्थानीय तहमा प्रमुख प्रशासकीय नभएर निमित्तलाई जिम्मेवारी दिँदा उनीहरूमा खासगरी खरिदसम्बन्धी, प्रशासनिक र आर्थिक अधिकारको ज्ञान तथा अनुभव कम हुन्छ। यसले कतिपय अवस्थामा जानेर या नजानेरै पनि अनियमितता हुने गरेको देखिन्छ।

अख्तियारले मुद्दा दायर गरेका प्रशासकीय अधिकृतमध्ये धेरै निमित्त छन्। ११ प्रमुख प्रशासकीयविरुद्ध मुद्दा दायर हुँदा त्यसमा ६ निमित्त छन्। बोदेबर्साइन नगरपालिकाका घनश्याम यादव, भीमदत्त नगरपालिकाका हरिदत्त जोशी, सिम्रौनगढ नगरपालिकाका वीरेन्द्रप्रसाद साह, छाँयानाथ रारा नगरपालिकाका ललितजंग मल्ल, शैल्यशिखर नगरपालिकाका सुरेन्द्रबहादुर विष्ट र त्रियुगा नगरपालिकाका किरणकुमार कार्की निमित्त प्रमुख प्रशासकीय हुन्।

कानुनतः कार्यालयको प्रशासकीय नेतृत्व योग्य कर्मचारीलाई नै प्रदान गर्नुपर्छ। जसअनुसार स्थानीय तहको प्रशासकीय नेतृत्व प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्छ। प्रमुख प्रशासकीय पठाउनै नसकिएको अवस्थामा निश्चित र थोरै समयका लागि मात्र एक तहमुनिको कर्मचारीलाई निमित्त तोक्ने अभ्यास छ। तर, कतिपय स्थानीय तह लामो समयदेखि निमित्तका भरमा चलिरहेका छन्। संघ सरकारले प्रमुख प्रशासकीय खटाउँदा पनि कतिपय स्थानीय तहले हाजिरै गर्न नदिएर फिर्ता पठाउने गरेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार अहिले १४५ को हाराहारी स्थानीय तह निमित्तको भरमा चलिरहेका छन्।

मन्त्रालयका सहसचिव सुमन दाहालका अनुसार कतिपय स्थानीय तहका प्रमुखहरूले निमित्तमै रुचि देखाउने गरेका छन्। निमित्तबाट नाजायज काम गराउन सहज हुने तथा उनीहरूमा पनि पर्याप्त ज्ञान र अनुभव नहुँदा अनियमितताका घटना बढेको विश्लेषण मन्त्रालयको छ।

केही दिनअघि मन्त्रालयले निमित्त प्रमुख प्रशासकीयको आर्थिक र प्रशासनिक अधिकार खोस्ने निर्णय गरेको छ। प्रमुख प्रशासकीय अधिकृत छाडेर निमित्त रोज्ने स्थानीय तहको विकृति रोक्न यस्तो निर्णय गरिएको हो। मन्त्रालयका सहसचिव दाहाल स्थानीय तहमा निमित्तका विकृति रोक्न हालै मन्त्रालयले दुई महिनाभन्दा बढी समय निमित्तलाई जिम्मेवारी नदिने निर्णय गरेको बताउँछन्। यसअघि लामो समयसम्म पनि निमित्तले स्थानीय तह चलाइरहेका थिए।

डेंगुले प्रकोपको रूप लिएपछि घरघर जान थाले चिकित्सक

● **शंकरबाबु अधिकारी**, प्रमुख, स्वास्थ्य कार्यालय तनहुँ



दमौलीका घरमा भएका बिरामीको अवस्था बुझ्ने काम भएको छ, घरमै बसेका बिरामीको ज्वरो नाप्नेदेखि स्वास्थ्य अवस्था र खानपिनको जानकारी लिने काम भइरहेको छ।

तनहुँमा **उपेन्द्र खनाल**

डेंगुले प्रकोपको रूप लिएपछि तनहुँको व्यास नगरपालिकाको दमौली बजार क्षेत्रमा घरघरमा चिकित्सक पुग्न थालेका छन्। तनहुँमा असारयता मात्र डेंगुबाट चारजनाको ज्यान गएको छ, दुई हजार २० मा संक्रमण पुष्टि भएको छ। जसमध्ये व्यासमा मात्रै एक हजार सात सय ९५ संक्रमित छन्।

स्वास्थ्य कार्यालय तनहुँका प्रमुख

» पृष्ठ ११ मा क्रमशः





■ सुशील कोइराला प्रखर क्यान्सर अस्पताल समस्यामा

तीन महिनामा सात चिकित्सकले छाडे अस्पताल

● रेडियोलोजिस्ट डा. विजय अधिकारी सरुवा मिलाएर टेकु अस्पताल गएपछि भिडियो एक्स-रे सेवा ठप्प, बाहिरबाट बोलाइएका चिकित्सकले समय दिन नसक्दा रिपोर्ट तीन दिनमा

● एनेस्थेसियोलोजिस्ट डा. उपेन्द्रकृष्ण रेग्मी र डा. मनु भट्टराईले अस्पताल छाडेपछि शल्यक्रिया प्रभावित, भेरी अस्पताल नेपालगन्जमा कार्यरत एनेस्थेसियोलोजिस्ट डा. अभिशेष मोदुवाललाई अनकलमा बोलाएर सेवा दिइँदै

● प्याथोलोजिस्ट डा. सन्तोष महर्जन पनि बाहिरिए, नेपाली सेनामा कार्यरत प्याथोलोजिस्टले प्राविधिक सहयोग गरिरहेका छन्

● जनरल सर्जन डा. संगीता रानाभाट, स्त्रीरोग विशेषज्ञ डा. नम्रता भट्टराई, अंको इएनटी रोग विशेषज्ञ डा. ऋषिकेश ठाकुरले पनि अस्पताल छाडेका छन्



मन्त्रालयसँग थप जनशक्ति माग्गिराखेका छौं, तर सुनुवाइ भएको छैन

● **डा. नीरज भट्टराई**, कार्यकारी निर्देशक, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल



पुराना चिकित्सक गए पनि नयाँ आउने क्रम जारी छ। थप स्टाफ नर्स पनि भर्ना गरेका छौं। मन्त्रालयसँग थप जनशक्ति माग्गिराखेका छौं, तर कुनै सुनुवाइ भएको छैन। थप चिकित्सकको व्यवस्था गर्न प्रयास निरन्तर जारी छ। दिनमा १५-१६ बिरामीको अल्ट्रासाउन्ड हुन्छ, तर रेडियोलोजिस्टले हेर्न भ्याउनुहुन्न। दक्ष जनशक्ति नभएकाले सिटिस्क्यान र बायोप्सी रिपोर्ट आउन ढिलाइ भएको हो।

व्यवस्थापन समितिका अध्यक्ष र कार्यकारी निर्देशकको कार्यक्षमतामाथि प्रश्न

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा चिकित्सक टिक्न छाडेका छन्। कार्यरत चिकित्सकहरूले धमाधम अस्पताल छाडेपछि नियमित सेवा नै प्रभावित भएको छ। तीन महिनामा सातजना विशेषज्ञ चिकित्सकले अस्पताल छाडिसकेका छन्।

तीन महिनामा अल्ट्रासाउन्ड (भिडियो एक्स-रे), प्याथोलोजी, एनेस्थेसिया, महिला रोग, अंको इनटी, स्त्रीरोग विशेषज्ञलगायत सातजना विशेषज्ञ चिकित्सकले क्यान्सर अस्पताल छाडेपछि सेवा प्रभावित भएको अस्पतालका कार्यकारी निर्देशक डा. नीरज भट्टराईले स्वीकार गरे। उनले छात्रवृत्ति करार र अन्य करारका चिकित्सकले अस्पताल छाडेको जानकारी दिए। कतिपय छात्रवृत्ति करार चिकित्सक सेवा अवधि नै नपुगी बाहिरको अस्पतालमा गएको उनको भनाइ छ। 'छात्रवृत्ति करारका चिकित्सकले कम्तीमा एक वर्ष काम गर्नुपर्ने हो, तर एक-दुईजना चिकित्सक सेवा अवधि पूरा नहुँदै बाहिरिनुभएको छ,' उनले भने।

अस्पतालमा कार्यरत केही चिकित्सकले भने

» पृष्ठ ११ मा क्रमशः

इन्द्रजात्रा : राष्ट्रपति पौडेलले गरे कुमारीको दर्शन

नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले इन्द्रजात्रा (यँया) अवलोकन गरेका छन् । बिहीबार राष्ट्रपति पौडेलले जुद्ध सालिकदेखि पैदलै हनुमानढोका दरबार क्षेत्र गएर जात्रा अवलोकन गरेका हुन् ।

राष्ट्रपतिसहित विशिष्ट व्यक्तिहरूले गद्दी बैठकबाट श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको दर्शन तथा रथयात्रा अवलोकन गरेका हुन् । उनीसँगै जात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, काठमाडौं महानगरका प्रमुख बालेन्द्र साह, उपप्रमुख सुनीता डंगोलसहित विदेशी पाहुनाहरू पनि वसन्तपुर पुगेका थिए ।

बिहीबार (मुख्य दिन) तल्लो टोल (वसन्तपुर, मरु, चिंकमुगल, जैसीदेवल, लगन, ब्रह्मटोल, ह्युमत, कोहिटी, भीमसेन स्थान, मरु हुँदै वसन्तपुरसम्म कुमारी रथयात्रा भएको छ । त्यस्तै, वर्षा र सहकालका देवताका रूपमा पुजिने इन्द्रको विधिपूर्वक पूजा गरियो । जात्राका अवसरमा लाखे नाच, दश अवतार नाचलगायत, महाकाली नाच, रामचन्द्र नाच, पुलुकिसी नाचलगायत सांस्कृतिक झाँकी, नाचगान चलिरहेको छ ।



■ सोमबार नानिचा यात्रा

६ असोज शनिबार बिहान १० बजेर ३९ मिनेटको साइतमा योसिं (इन्द्रध्वज) नगर प्रवेश गराइएको थियो । ३३ फुट अग्लो इन्द्रध्वज ९ असोज मंगलबार बिहान १० बजेर ३० मिनेटको साइतमा उठाइएको थियो । यसपछि औपचारिक रूपमा जात्रा सुरु भएको थियो ।

असोज १५ गते महिलाले मात्र रथ तानी नानिचा यात्रा चलाइनेछ । त्यसै दिन बेलुकी राष्ट्रपति पौडेल हनुमानढोका दरबार गई कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्नेछन् । टीका-प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परासमेत छ । सोमबार राति ८:३७ बजे इन्द्रध्वज पातन गरेपछि दुई हप्ताभन्दा लामो इन्द्रजात्रा समाप्त हुन्छ । पातन गरेपछि इन्द्रजात्राको लिंगोलाई टेकु दोभानस्थित बागमती किनारमा सेलाइन्छ । लिंगो सेलाउन घिसारेर लैजाने परम्परा छ ।

■ विदेशी अतिथिले आज भक्तपुर भ्रमण गर्ने

इन्द्रजात्रा अवलोकनपछि अतिथिहरूले आज भक्तपुर भ्रमण गर्ने भएका छन् । शुक्रबार नै हाँडीगाउँमा आयोजना हुने मौलिक तथा परम्परागत प्रदर्शनीमा अतिथिहरूलाई सहभागी गराइनेछ । इन्द्रजात्रा अवलोकनका लागि उनीहरू बुधबार नै काठमाडौं आएका थिए । महानगरका अनुसार २० जना विदेशी र २२ जना स्वदेशी अथिति काठमाडौं आएका छन् ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण
१)	नेपाल सरकार, उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१५५४१/७५/०७६ अन्तर्गत मिति २०७६/०२/०६ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ स्थित **कालिका बहुउद्देश्य कृषि फार्म प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: प्रकाश मैनाली** स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगञ्ज गा.प. वडा नं. ५ हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बाबु : वालु कृष्ण मैनाली बाजे : दुर्गा प्रसाद

जवानीकर्ताहरुको विवरण

१) रुपेश मैनाली स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बाबु : प्रकाश मैनाली बाजे : वालु कृष्ण मैनाली	२) भवानी मैनाली स्थायी ठेगाना : सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बाबु : गोपीकृष्ण खरेल ससुरा : वालु कृष्ण मैनाली पति : प्रकाश मैनाली

धितोको विवरण

१) गोपीकृष्ण खरेलकी छोरी, वालु कृष्ण मैनालीकी बुहारी, प्रकाश मैनालीकी पत्नी, सर्लाही जिल्ला, नेत्रगञ्ज गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बस्ने भवानी मैनालीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, हरिपुर गा.वि.स. वडा नं. ९/घ (हाल लालबन्दी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १११९ को क्षेत्रफल ०-०-८-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) दुर्गा प्रसादको नाती, वालु कृष्ण मैनालीको छोरा, सर्लाही जिल्ला, नेत्रगञ्ज गा.प. वडा नं. ५ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. २ बस्ने प्रकाश मैनालीको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जब्दी गा.वि.स. वडा नं. ९/झ (हाल लालबन्दी न.पा. वडा नं. २) स्थित कित्ता नं. ५२२ को क्षेत्रफल ०-११-१२-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) कालिका बहुउद्देश्य कृषि फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२)	**ऋणीको विवरण** प्रदेश सरकार, २ नं. प्रदेश नेपाल, उद्योग, पर्यटन वन तथा वात(ावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निदे शनालय, घरेलु तथा साना उद्योग कार्यालय वीरगंज पर्सामा घ. तथा सा.उ.का. प्रा.फ.पर्सा.नं. ८७२७/०७३/०७४ अन्तर्गत मिति २०७३/१२/०८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित **मनोज पोल्ट्री फर्म** **प्रोप्राईटर तथा जमानीकर्ता: रामनाथ सहनी** स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : राधा सहनी बाजे : गोपाल सहनी	**धितोको विवरण** १) जिता सहनी मलाहकी छोरी, राधा सहनीकी बुहारी, रामनाथ सहनीकी पत्नि पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बस्ने, इनरकली देवी मलाहिनको नाममा भमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १/ग (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) मनोज पोल्ट्री फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

जमानीकर्ताहरुको विवरण

१) सरोज कुमार सहनी स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : रामनाथ सहनी बाजे : राधा सहनी	२) मनोज कुमार सहनी स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : रामनाथ सहनी बाजे : राधा सहनी	३) सरस्वती कुमारी सरकार स्थायी ठेगाना : बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं. १ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : केदार सहनी गाढी ससुरा : रामनाथ सहनी पति : सरोज कुमार सहनी
४) मुर्ती देवी स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : हरिन्दर सहनी मनाह ससुरा : रामनाथ सहनी पति : मनोज कुमार सहनी	५) इनरकली देवी मलाहिन स्थायी ठेगाना : पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २८ बाबु : जिता सहनी मलाह ससुरा : राधा सहनी पति : रामनाथ सहनी	

३)	**ऋणीको विवरण** १) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिती मुख्य शाखा कार्यालय, दोलखामा प्रा.फ.र.नं. २०/०६३/०६४ स्था. व्यापार अन्तर्गत मिति २०६३/०५/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०७४ बमोजिम दर्ता भएको दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. १० स्थित **पायल कोल्ड स्टोर** **प्रोप्राईटर तथा जमानीकर्ता: राजेश प्रधान** स्थायी ठेगाना: दोलखा जिल्ला, दोलखा गा.वि.स. वडा ६ हालको ठेगाना : दोलखा जिल्ला, भिमेश्वर. न.पा. वडा नं. ३ बाबु : मंगलकृष्ण प्रधान बाजे : जगत बहादुर प्रधान	**जमानीकर्ताको विवरण** **१) मैया श्रेष्ठ (प्रधान)** स्थायी ठेगाना : दोलखा जिल्ला, भिमेश्वर.न.पा. वडा नं. २ हालको ठेगाना : दोलखा जिल्ला, भिमेश्वर.न.पा. वडा नं. ३ बाबु : गणेश बहादुर श्रेष्ठ ससुरा : मंगल कृष्ण प्रधान पति : राजेश प्रधान

धितोको विवरण

१) जगत बहादुर प्रधानको नाति, मंगलकृष्ण प्रधानको छोरा, दोलखा जिल्ला, दोलखा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर.न.पा. वडा नं. ३ बस्ने राजेश प्रधानको नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता कायम रहेको दोलखा जिल्ला, दोलखा गा.वि.स.वडा नं. ८ (हाल भिमेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं.२३०० र ६२९ को क्षेत्रफल क्रमशः ९६८.०० र ३५०.०० (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) गणेश बहादुर श्रेष्ठकी छोरी, मंगल कृष्ण प्रधानकी बुहारी, राजेश प्रधानकी पत्नी दोलखा जिल्ला, भिमेश्वर.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर.न.पा. वडा नं. ३ बस्ने मैया श्रेष्ठ (प्रधान)को नाममा मालपोत कार्यालय दोलखाको लगतमा दर्ता कायम रहेको दोलखा जिल्ला, दोलखा गा.वि.स. वडा नं. ८ (हाल भिमेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. २२४१ को क्षेत्रफल १३५ (व.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) पायल कोल्ड स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

Nepal Water Supply Corporation
Branch Office, Pokhara

Invitation for Electronic Bid

Date of publication: 2080-06-12

S. N.	Project Title	Contract Identification No	Cost of Bid Document (NRs)	Bid Security Amount (NRs)	Last Date of Bid Submission	Bid Opening Date	Remarks
1	500mm & 400mm dia. Pipe Protection work.	04/NWSCPKR/ WORKS/ 2079-080	3,000.00	3,68,000.00	2080-07-13, 12:00 PM	2080-07-13, 14:00 PM	Works
	Bank a/c Details	**To deposit the cost of bidding document and Bid security amount** **Name of the Bank :** Everest Bank Limited, Pokhara Branch **Name of Office :** Nepal Water Supply Corporation **Office Account no. :** 01600105200192					

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयञ
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश

नदीजन्य पदार्थको बिक्रीका लागि ठेक्का आव्हान सम्बन्धी सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति : २०८०/०६/१२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क), लुम्बिनी प्रदेशको मिति २०८०/०४/०१ गते प्रकाशित राजपत्रको दफा ८ संग सम्बन्धित अनुसूची -६ र मिति २०८०/०५/१५ गतेका दिन बसेको गाउँकार्यपालिका बैठकको निर्णय बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट तपसिल बमोजिमको परिमाणमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रतिलिपि, र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही E-Bid वा सिलबन्दी खाम (Hard-Copy) मार्फत ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का नं	नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र	उत्खनन् परीमाण (घन फि.)	न्यूनतम कबोल अङ्क (सेवाशुल्क र मु.अ.क. सहित)	फाराम दस्तुर	धरौटी रकम	विड बण्ड म्याद	ठेक्का खोलिने अन्तिम मिति र समय
आय ०१-०८०/०८१	बढिगाड खोला उल्लिखोला बगर क्षेत्र	२८२५१७.६	१९१५४६९.३३/-	१,०००/-	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन	२०८०/०६/३० दिनको १:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी
आय ०२-०८०/०८१	कालीगण्डकी नदी, लक्षादी बगर क्षेत्र	८३३३३.३३	५६५०००/-	१,०००/-	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन	२०८०/०६/३० दिनको १:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी
आय ०३-०८०/०८१	कालीगण्डकी नदी, ठूला बगर क्षेत्र	१०५९४४.१	७१८३००.९९/-	१,०००/-	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन	२०८०/०६/३० दिनको १:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी
आय ०४-०८०/०८१	कालीगण्डकी नदी ,चकमके बगर क्षेत्र	८३३३३.३३	५६५०००/-	१,०००/-	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन	२०८०/०६/३० दिनको १:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी
आय ०५-०८०/०८१	कालीगण्डकी नदी ,देबपाटन बगर क्षेत्र	३५३१४.७	२३९४३३.६६/-	१,०००/-	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन	२०८०/०६/३० दिनको १:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी
आय ०६-०८०/०८१	कालीगण्डकी नदी, कठानी बगर क्षेत्र	८३३३३.३३	५६५०००/-	१,०००/-	कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम	७५ दिन	२०८०/०६/३० दिनको १:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग, गुल्मी

फाराम दस्तुर बुझाउन : कुमारी बैङ्क, सत्यवती शाखा, GA.1.1.ANTARIK RAJASWA KHATA खाता नं. 2690247957400010
धरौटी रकम बुझाउन : कुमारी बैङ्क, सत्यवती शाखा, GA 3 DHARAUTI KHATA SATYAWATI खाता नं. 2690247957400003
ठेक्का फाराम खरिद गर्ने अन्तिम मिति र समय : सिलबन्दी खाम (Hard-Copy) मार्फत २०८०/०६/२९ गते कार्यालय समयभित्र E-Bid मार्फत २०८०/०६/३० गते दिनको १२:०० बजे भित्र
(**नोट:** विस्तृत जानकारीको लागि यस कार्यालयको website: https://satyawatimun.gov.np/ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मा हेर्न सकिनेछ)

उपप्राध्यापक चलाउनेमाथि आक्रमण गर्ने श्रेष्ठ पक्राउ



काठमाडौं/ त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेम चलाउनेमाथि कुटपिट गर्ने सयुज श्रेष्ठ घटनाको तीन वर्षपछि पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले उनलाई रातोपुलबाट बिहीबार पक्राउ गरेको हो । उनीविरुद्ध उच्च अदालत पाटनले पाँच लाख रुपैयाँ धरौटी र एक लाख रुपैयाँ क्षतिपूर्ति असुल गर्ने आदेश गरेको थियो । तर, उनी दुवै नतिरी फरार रहेका थिए । उपप्राध्यापक चलाउनेले घटनामा संलग्नमध्ये श्रेष्ठ पक्राउ परेको बताए । उनले भने, 'कुटपिटमा सात भाइ संलग्न थिए । जसमध्ये सयुज श्रेष्ठ पनि एक थिए । उनलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ । उच्च अदालत पाटनले उनीविरुद्ध धरौटी रकम र क्षतिपूर्ति भर्न आदेश गरेको थियो । तर, उनले उक्त रकम भरेको छैन । त्यसो हुँदा यो कारागार चलान हुनुपर्छ ।'

शिक्षक र डाक्टरहरू निरन्तर सडकमा

काठमाडौं/ पछिल्लो समय स्वास्थ्यकर्मीमाथि शृंखलाबद्ध भौतिक आक्रमणको विरोधमा डाक्टरहरू सडकमा उत्रिएका छन् । चिकित्सकहरूले बिहीबार पनि माइतीघर मण्डलामा विरोध प्रदर्शन गरे । चिकित्सकहरूले स्वास्थ्यकर्मी कुटन पाइँदैन, गुन्डाको सहारामा सत्ता कहिलेसम्म ? स्वास्थ्य क्षेत्रमा राजनीतिक हस्तक्षेप बन्द गर, विदेश पलायन हुन बाध्य नपारलगायत नारा लगाउँदै प्रदर्शन गरेका छन् ।

आफूहरूका माग सम्बोधन नभएको भन्दै दुई सातादेखि राहत, बालविकास र पेन्सनबाट वञ्चित शिक्षकहरू सडकमै छन् । उनीहरूले हरेक दिन दबाबमूलक कार्यक्रम गर्दै आफ्ना माग पूरा गरिदिन आग्रह गरेका छन् । यसअघि सरकार र शिक्षक महासंघबीच भएको सहमतिले आफूहरूका माग सम्बोधन नगरेको भन्दै राहत, बालविकास र पेन्सनबाट वञ्चित शिक्षकहरूले आन्दोलन जारी राखेका छन् । शिक्षकहरूले कहिले सडकमा सुतेर, कहिले नाचेर, कहिले पर्चा तथा पम्प्लेटमा नारा लेखेर माग राख्दै आइरहेका छन् ।

शिक्षा र स्वास्थ्यबाट वञ्चित भएको गुनासो

काठमाडौं/ एचआइभी संक्रमित र त्यसको जोखिममा रहेका समुदाय संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य र शिक्षाबाटै वञ्चित हुनुपरेको गुनासो पीडितहरूले गरेका छन् । बिहीबार काठमाडौंमा आयोजित 'एचआइभी संक्रमितको स्वास्थ्य र मानव अधिकार'सम्बन्धी अन्तर्क्रियामा सहभागीले संविधानले प्रत्याभूत गरेको अधिकारबाटै वञ्चित हुनुपरेको दुःखेसो पोखेका हुन् । एचआइभी संक्रमितको राष्ट्रिय महासंघका अध्यक्ष खगेन्द्र खड्काले एचआइभी संक्रमित राज्यले नागरिकलाई दिने आधारभूत सेवा र अवसरबाट वञ्चित हुनुपरेको जानकारी दिए ।

हुम्लामा कुहिएको चामल बिक्री







खाद्य व्यवस्था तथा व्यापार कम्पनीले स्थानीयलाई अनुदानमा बिक्री गरेको चामल कुहिएर भयो हरियो (माथि), कुहिएर डल्लैडल्ला परेको चामल बोराबाट निकालेर घाममा सुकाउँदै स्थानीय महिला (तल)

नरजन तामाङ/नयाँ पत्रिका

हुम्लामा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले कुहिएको चामल बिक्री गरेको छ । काठमाडौंदेखि केरुङ नाका हुँदै हुम्लाको हिल्सा नाकाबाट नाम्खा गाउँपालिका- ५ मुचु, सब्बामा पुऱ्याएर ५० परिवारलाई बिक्री गरिएको चामल कुहिएको पाइएको हो । खाद्यले यहाँ सोमबार र मंगलबार एक सय २५ क्विन्टल चामल बिक्री गरेको थियो ।

■ **रिन्जिन तामाङ**
नाम्खा गाउँपालिका



नाम्खा- ५ का सम्बाका रिन्जिन तामाङले आफूले चार बोरा चामल किनेकामा दुई बोरा कुहिएको पाइएको बताए । 'चामल भिजेर डल्लैडल्ला परेको छ, खानै नमिल्ने गरी कुहिएको छ,' उनले भने, 'दुई बोरा भने राम्रो छ ।' स्थानीय आङमु लामाले पनि तीन बोरा चामल कुहिएको फेला परेको बताइन् । चार बोरा चामल किनेकामा दुई बोरा कुहिएको छ । दुई बोरा भने राम्रो छ । भिजेर चामल डल्लैडल्ला परेको छ, खानै नमिल्ने गरी कुहिएको छ ।

खाद्यले २५ किलोको एक बोरा चामल अनुदानमा दुई हजार तीन सय ७५ रुपैयाँमा बिक्री गरेको थियो । 'पैसा तिरिसकेका छौं, चामल कुहिएर डल्ला परेको छ । अब के गर्ने ?' टुन्डुप तामाङले भने । खाद्यबाट किनिएको चामल कुहिएको पाइएपछि स्थानीयले बोरा खोलेर घाममा सुकाउने गरेको स्थानीय लोप्चाङ तामाङले बताए । 'डल्लैडल्ला परेको चालम घाममा सुकाउँदा पनि खान नमिल्ने छ,' उनले भने ।

■ ठेकेदार भन्छन्- ढुवानीका क्रममा भिज्दा समस्या भएको हो

खाद्य कम्पनीले हुम्लामा अनुदानको खाद्यान्न ढुवानीको जिम्मा खहरे-डिलाइट निर्माण जेभीलाई दिएको थियो । खहरे-डिलाइटका प्रोपाइटर पासाङ शेर्पाले ढुवानीका क्रममा हिल्सा नाकामा दुई दिन पानीमा भिजेकाले चामलमा समस्या आएको बताए । 'चामल राख्ने गोदाम थिएन । गेटनजिकै त्रिपालले छोपेर राखेको थियौं,' उनले भने, 'जमिननिरको भागमा पानी पसेर भिजेको हो । बिग्रेको चामल फिर्ता लिएर राम्रो दिन्छौं ।' खहरे-डिलाइटले नाम्खाका लागि हजार क्विन्टल र सदरमुकाम सिमकोटस्थित खाद्यको शाखाका लागि तीन हजार क्विन्टल गरी चार हजार क्विन्टल चामल ढुवानीको ठेक्का पाएको थियो । काठमाडौंबाट केरुङ हुँदै नाम्खाको केन्द्रसम्म प्रतिकेजी ४८ रुपैयाँ र सिमकोटसम्म प्रतिकेजी ८७ रुपैयाँ ढुवानी भाडा लागेको उनले बताए । खाद्यको सिमकोट शाखाका सुब्बा नवीन आचार्यले पनि हिल्सामा गोदाम नहुँदा समस्या भएको बताए । 'चामल ठेकेदारले बिक्री गरेको हो, हामीले होइन । अब ठेकेदारले बिग्रेको चामल फिर्ता गरेर नयाँ दिनुपर्छ,' उनले भने ।

नाका खुलेको तीन दिनमै सुन तस्करी

काठमाडौं/ दोलखाको बिगु गाउँपालिकास्थित सिँगटी बजारमा बरामद सुन उत्तरी नाका लामाबगरको फलेकबाट नेपाल भित्र्याइएको खुलेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' चीन भ्रमणका क्रममा तीन दिनअघि मात्रै उक्त नाका खुला गरिएको थियो । जिल्ला प्रहरी कार्यालय दोलखाले बुधबार राति चार किलो सुन बरामद गरेको थियो । बिहीबारको बजार भाउअनुसार बरामद सुनको मूल्य ३ करोड ७७ लाख ४७ हजार आठ सय पाँच रुपैयाँ पर्छ । उक्त सुन बिगु गापा- १ का १८ वर्षीय पेम्बा तामाङले नेपाल भित्र्याएका थिए । उनलाई चिनियाँ नागरिकले काठमाडौं लैजान उक्त सुन दिएका थिए । उनले सुन लुकाउन बिगु गापा- १ का २८ वर्षीय केशर तामाङलाई दिएका थिए । केशरले उक्त सुन बिगु गापा- ३ जामुनेस्थित डेरामा लगी राखेका थिए । सोही क्रममा प्रहरीले सुन बरामद गरेको हो । जिप्रका प्रमुख डिएसपी दीपक खड्काले उत्तरी नाका फलेकबाट नेपाल ल्याइएको चार किलो सुन बरामद भएको जानकारी दिए । 'अवैध तवरले सुन भित्रिएको सूचनापछि प्रहरी खोजीमा जुट्यो । यही क्रममा सिँगटीस्थित केशर तामाङको डेराबाट सुनका चारवटा बिस्कुट बरामद भए । खोजी गर्दै जाँदा उक्त सुन पेम्बा तामाङले नेपाल भित्र्याएको देखिन्छ । घटनामा एक चिनियाँ नागरिक पनि संलग्न छन् । उनलाई भने पक्राउ गरिएको छैन,' उनले भने ।

गण्डकी संसद्मा मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर

कास्की/ गण्डकी प्रदेश सभामा मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सुरु भएको छ । बिहीबारको बैठकबाट सुरु भएको प्रश्नोत्तरमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सर्वोच्च अदालतले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका विषयमा दिएको आदेश व्यवस्थापिकामाथिको ठाडो हस्तक्षेप रहेको बताए । प्रश्नोत्तरमा एमाले सांसद गोविन्दबहादुर नेपालीले पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनको काम कहाँ पुगेको छ भनेर सोधेको प्रश्नको उत्तरमा मुख्यमन्त्रीले यस्तो जवाफ दिएका हुन् ।

सिराहामा मिटरब्याजका दुई सय ३३ उजुरी फर्स्यौट

सिराहा/ सिराहामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी दुई सय ३३ उजुरी फर्स्यौट गरिएको छ । जिल्ला प्रशासन कार्यालय सिराहामा तीन हजार सात सय ८८ उजुरी दर्ता भएकामा फर्स्यौटको संख्या न्यून छ । छलफल प्रक्रियामार्फत असोज दोस्रो सातासम्म दुई सय ३३ वटा उजुरी मात्र फर्स्यौट भएका हुन् । दर्ता भएकामध्ये सात सय ५५ वटामा मात्र छलफल भएको छ । सिराहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले दुई सय ३३ वटा उजुरी फर्स्यौट हुँदा सात करोड २३ लाख १० हजार नौ सय ६४ रुपैयाँबराबरको सहमति भएको बताए । १२ बिघा १८ कट्ठा ९ धुर जग्गा पीडितलाई फिर्ता भएको उनले बताए ।



रास्वपाले आफ्ना सांसदको सार्वजनिक सुनुवाइ गर्ने

जनस्तरबाट सुझाव लिएपछि राजनीतिक दस्ताबेजका लागि विज्ञसँग पनि सुझाव लिने

अनिल यादव/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्ना सबै सांसदको सार्वजनिक सुनुवाई गर्ने निर्णय गरेको छ। केन्द्रीय समिति तथा संसदीय दलको संयुक्त बैठकले आफ्ना सबै सांसदको सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरेको हो।

पार्टीका महामन्त्री तथा प्रवक्ता मुकुल ढकालले भने, 'पार्टीका सबै सांसदले सार्वजनिक सुनुवाइ गर्ने निर्णय केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले गरेको छ। सबै सांसदको सार्वजनिक सुनुवाइको मिति, समय र स्थान यथाशीघ्र प्रकाशित गरिनेछ।'

बैठकले पार्टीको राजनीतिक दस्ताबेज निर्माणको क्रममा विभिन्न क्षेत्रका विज्ञ, बौद्धिक र पेसा व्यवसायीसँग छलफल गर्ने निर्णय पनि लिएको छ। देशका १९ जिल्ला पुगेर जनस्तरबाट सुझाव लिएपछि रास्वपाले विज्ञसँग पनि सुझाव लिने निर्णय गरेको हो। प्रवक्ता ढकालका अनुसार केन्द्रीय समिति तथा संसदीय दलको संयुक्त बैठकले विज्ञसँग सुझाव लिन सांसद डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा समिति गठन गरेको छ।

बिहीबार सार्वजनिक निर्णयअनुसार बैठकमा ३ देखि ७ असोजसम्म भएको जनआवाज सुन्ने कार्यक्रमको समीक्षा पनि भएको थियो। महामन्त्री ढाकालका अनुसार जनताको उत्साहजनक सहभागिताका साथ कार्यक्रम एकदमै प्रभावकारी रहेको बैठकको निष्कर्ष छ। 'यस्तो कार्यक्रमलाई पार्टी जीवनकालमा निरन्तरता दिने निर्णय भएको छ,' उनले भने।



शिक्षा विधेयकमा असहमति

रास्वपाले हालै सदनमा दर्ता भएको 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०' का केही प्रावधानमा पार्टीको गम्भीर असहमति रहेको जनाएको छ। बैठकले विधेयक संशोधनका लागि लागि सरोकारवालासँग छलफल गर्ने निर्णय गरेको छ। सरोकारवालासँग छलफल गरेर विधेयकमाथि पार्टीका तर्फबाट राखिने संशोधनको मस्यौदा तयार गर्न पार्टीकी शिक्षा विभाग प्रमुख सुमना श्रेष्ठलाई जिम्मेवारी दिइएको छ। शिक्षा विभागलाई विधेयक मन्थन विभाग प्रमुख गणेश कार्की, पूर्वशिक्षामन्त्री शिशिर खनाल र संसद्को शिक्षा तथा स्वास्थ्य समिति सदस्य डा. तोसिमा कार्कीले सहयोग गर्नेछन्।

तीनवटै प्रकरणमा वस्तुनिष्ठ अनुसन्धानको माग

रास्वपाले ललितानिवास जग्गा, नक्कली भुटानी शरणार्थी र सुन तस्करी प्रकरणमा सरकारले गलत मनसाय राखेको आरोप लगाउँदै वस्तुनिष्ठ अनुसन्धानको माग गरेको छ। 'प्रारम्भमा सरकारले सुशासनको पक्ष र भ्रष्टाचारविरुद्ध सकारात्मक सुरुवातको संकेत गरे पनि उसका पछिल्ला गतिविधि र निर्णयमा प्रशस्त संशय देखिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'ललितानिवास जग्गा, नक्कली भुटानी शरणार्थी र सुन तस्करी प्रकरणमा भएको अनुसन्धान र अभियोजनप्रति जनस्तरबाटै प्रश्न उठाइएको छ। अभियुक्तले किटान गरेका मात्र होइन प्रहरीको प्रतिवेदनमा समेत उल्लेख भएका कतिपय राजनीतिकर्मीप्रति नरम नीति लिएको आशंकालाई सरकारका गतिविधि र निर्णयले बल दिएको छ।'

रास्वपाको बैठकले ललितानिवास जग्गा प्रकरणमा सर्वोच्च अदालतले पूर्वप्रधानमन्त्रीद्वय डा. बाबुराम भट्टराई र माधवकुमार नेपाल, तत्कालीन मुख्यसचिवलगायतलाई मुद्दा नचलाउनुले सरकारले गलत मनसाय राखेको पुष्टि भएको दाबी गरेको छ। सात दलबीच ५ असोजमा सुन तस्करी प्रकरणको थप छानबिनका लागि उच्चस्तरीय समिति बनाउने सहमति भए पनि कार्यान्वयन नभएकाले रास्वपाले आपत्ति जनाएको छ। सरकारले निर्धारित मितिमा समिति गठन नगरेर सहमति उल्लंघन गरेको भन्दै तत्काल गठन गरी कार्यादेश तोक्न सरकारसँग माग गरेको छ।

एमाले बागमतीमा मतदान सारेर सहमतिको प्रयास

काठमाडौं/ एमाले बागमती प्रदेश अधिवेशनअन्तर्गत नयाँ नेतृत्व चयनका लागि शुक्रबार मात्रै मतदान हुने भएको छ। अध्यक्षलगायत मुख्य पदाधिकारीमा सहमतिका लागि प्रयास गर्न भन्दै निर्वाचन आयोगले शुक्रबार बिहान ८ बजेबाट मतदान गर्ने गरी नयाँ कार्यतालिका प्रकाशित गरेको छ।

अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई उपसचिवसहित पाँच पदका लागि २६ जनाको उम्मेदवारी परेको छ। तर, अध्यक्षका प्रत्याशी केशव पाण्डेले भने उम्मेदवारी फिर्ता लिएका छन्। अब मकवानपुरका कृष्णप्रसाद दाहाल, काठमाडौंका सानुकुमार श्रेष्ठ तथा रामेछापका कैलाश ढुंगेल र केशरबहादुर बुढाथोकीबीच चुनावी प्रतिस्पर्धा हुनेछ।

साम्प्रदायिक सद्भाव खलबलिन लाग्यो : माओवादी

काठमाडौं/ सत्तारूढ माओवादीले साम्प्रदायिक सद्भाव खलबलिन लागेको निष्कर्ष निकाल्दै सचेत रहन आह्वान गरेको छ। पार्टी केन्द्रीय कार्यालय कोटेश्वरमा बिहीबार बसेको पदाधिकारी बैठकले देशका विभिन्न भागमा भएका साम्प्रदायिक गतिविधिलाई वेलैमा गम्भीर रूपमा लिनुपर्नेमा जोड दिएको हो।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले देशका विभिन्न भागमा देखा परेका धार्मिक तथा साम्प्रदायिकता खलबलिने गरी भएका गतिविधिबारे छलफल भएको बताए। सामाजिक सद्भाव कायम गर्न सबै गम्भीरतापूर्वक लाग्नुपर्ने सापकोटाले जनाए। उनले भने, 'धार्मिक, साम्प्रदायिक सद्भाव खलबलिने खालका गतिविधि देखिएका छन्। त्यसमा सद्भाव कायम गर्नुपर्छ।

जनतालाई बुझाउन अभियान : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जनताको बीचमा पार्टीको विचार र धारणा पुऱ्याउने उद्देश्यले समाजवादी जागरण अभियान सञ्चालन गर्न लागेको बताएका छन्। अभियानबारे जानकारी दिन पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा केन्द्रीय प्रचार विभागले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा नेपालले जनताको विश्वास जित्न अभियान सफल हुने दाबी गरे। एकीकृत समाजवादीका एजेन्डा जनतासामु लाने र जनताका सुझाव संकलन गर्ने उनले बताए।

सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको पक्षमा एकीकृत समाजवादी रहेको उनले बताए। सबै खालका शोषण, उत्पीडन, दमन, अत्याचारलगायत समाजमा रहेका सबै खालका विकृति र विसंगतिबाट मुक्त भएको सभ्य, सुसंस्कृत र समृद्धि समाजको निर्माण गर्ने अभियानको उद्देश्य रहेको उनले स्पष्ट पारे।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं. १) — ऋणीको विवरण

१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.र.नं. ९५५४/०७७/७८, स्थानीय व्यापार अन्तर्गत मिति २०७७/०६/२० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०१, स्थित **ओम इलेक्ट्रोनिक्स एण्ड मोटर पार्टस**

प्रोप्राईटर तथा जमानीकर्ता: राधेश्याम श्रेष्ठ

२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा, प्रा.फ.नं.घ.उ.वि. ६६६५/५८५/०७४/०७५ अन्तर्गत मिति २०७५/०२/०३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०१, स्थित **होटल मिन्टेज**

प्रोप्राईटर तथा जमानीकर्ता: अनिमेश श्रेष्ठ

३) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा, प्रा.फ.र.नं. १००६५/०७७/०७८ स्थानीय व्यापार अन्तर्गत मिति २०७७/०९/१० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०१, स्थित **महालक्ष्मी मोबाइल एण्ड ल्यापटप सेन्टर**

प्रोप्राईटर तथा जमानीकर्ता: आशिष श्रेष्ठ

४) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा, दर्ता नं. २१८८८३/०७६/०७७ अन्तर्गत मिति २०७६/०४/०२ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०३, स्थित **सफल पशुपंक्षी पालन तथा कृषि फार्म प्रा.लि.**

अध्यक्ष तथा जमानीकर्ता: नवीना के.सी.

जमानीकर्ताहरुको विवरण

१) नविना श्रेष्ठ **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : तिलक बहादुर ढकाल ससुरा : पुर्ण बहादुर श्रेष्ठ पति : राधेश्याम श्रेष्ठ	२) राधा सुवाल स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गाउँ पञ्चायत वडा नं. ६ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : राम बहादुर सुवाल ससुरा : पुर्ण बहादुर श्रेष्ठ पति : जिवन कुमार सुवाल	३) जिवन कुमार श्रेष्ठ **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स.वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : पुर्ण बहादुर श्रेष्ठ बाजे : धन बहादुर श्रेष्ठ	४) नवीना के.सी. **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : पर्सा जिल्ला, मधुवन मथौल गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : इन्द्र बहादुर के.सी. ससुरा : जिवन कुमार श्रेष्ठ पति : आशिष श्रेष्ठ
५) आशिष श्रेष्ठ स्थायी ठेगाना : बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : जिवन कुमार श्रेष्ठ बाजे : पुर्ण बहादुर श्रेष्ठ	६) राधेश्याम श्रेष्ठ ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : पुर्ण बहादुर श्रेष्ठ बाजे : धन बहादुर श्रेष्ठ	७) समा श्रेष्ठ ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : श्याम बाबु श्रेष्ठ ससुरा : जिवन कुमार श्रेष्ठ पति : अनिमेश श्रेष्ठ	८) अनिमेश श्रेष्ठ ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : जिवन कुमार श्रेष्ठ बाजे : पुर्ण बहादुर श्रेष्ठ

ऋणीको विवरण

५) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बारामा, प्रा. फ.र.नं. २६०५/०६९/०७० स्थानीय व्यापार अन्तर्गत मिति २०६९/१२/३० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २, स्थित **प्रणाम फर्निचर एण्ड हार्डवयर सेन्टर**

प्रोप्राईटर तथा जमानीकर्ता: नविना श्रेष्ठ

६) जिवन कुमार श्रेष्ठ
स्थायी ठेगाना: बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स. वडा नं. २
हालको ठेगाना: बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १
बाबु : पुर्ण बहादुर श्रेष्ठ
बाजे : धन बहादुर श्रेष्ठ
तथा,
राधेश्याम श्रेष्ठ (क्रेडिट कार्ड कर्जा समेत)
ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १
बाबु : पुर्ण बहादुर श्रेष्ठ
बाजे : धन बहादुर श्रेष्ठ

जमानीकर्ताहरुको विवरण

१) नविना श्रेष्ठ **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : तिलक बहादुर ढकाल ससुरा : पुर्ण बहादुर श्रेष्ठ पति : राधेश्याम श्रेष्ठ	२) राधा सुवाल स्थायी ठेगाना : बारा जिल्ला, भोडाहा गाउँ पञ्चायत वडा नं. ६ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : राम बहादुर सुवाल ससुरा : पुर्ण बहादुर श्रेष्ठ पति : जिवन कुमार सुवाल	३) जिवन कुमार श्रेष्ठ **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : पुर्ण बहादुर श्रेष्ठ बाजे : धन बहादुर श्रेष्ठ	४) नवीना के.सी. **(क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : पर्सा जिल्ला, मधुवन मथौल गा.वि.स. वडा नं. ५ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : इन्द्र बहादुर के.सी. ससुरा : जिवन कुमार श्रेष्ठ पति : आशिष श्रेष्ठ
५) आशिष श्रेष्ठ स्थायी ठेगाना : बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : जिवन कुमार श्रेष्ठ बाजे : पुर्ण बहादुर श्रेष्ठ	६) राधेश्याम श्रेष्ठ ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : पुर्ण बहादुर श्रेष्ठ बाजे : धन बहादुर श्रेष्ठ	७) अनिमेश श्रेष्ठ ठेगाना : बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बाबु : जिवन कुमार श्रेष्ठ बाजे : पुर्ण बहादुर श्रेष्ठ	

धितोको विवरण

१) धन बहादुर श्रेष्ठको नाति, पुर्ण बहादुर श्रेष्ठको छोरा, बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने राधेश्याम श्रेष्ठ - १ तथा धन बहादुर श्रेष्ठको नाति, पुर्ण बहादुर श्रेष्ठको छोरा, बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने जिवन कुमार श्रेष्ठ - १ जारी दुई व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, प्रिपा सिमरा गा.वि.स. वडा नं. ०२ (हाल जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १) स्थित किता नं. १३१७, १३८८, १३८७ र १३८९ को क्षेत्रफल क्रमशः ०-२-०-०, ०-०-५-०, ०-०-५-० र ०-०-१९-४ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।

२) ओम इलेक्ट्रोनिक्स एण्ड मोटर पार्ट्स, सफल पशुपन्छी तथा कृषी फार्म प्रा.ली., होटल मिन्टेज, महालक्ष्मी मोबाइल एण्ड ल्यापटप सेन्टर तथा प्रणाम फर्निचर एण्ड हाईवयर सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

क्र.सं. २) — ऋणीको विवरण

१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिराहामा प्रा.फ.र.नं. : ६८२८/२०७४/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७४/०५/१४ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, नरहा गा.वि.स. वडा नं. ५ क (हाल नरहा गा.पा. वडा नं. ५) स्थित **वि टु ट्रेडर्स**

प्रोप्राईटर तथा जमानीकर्ता: विरेन्द्र अधिकारी
स्थायी ठेगाना : सिरहा जिल्ला, नरहा बलकवा गा.वि.स. वडा नं. ५
हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५
बाबु : फुल कुमार यादव
बाजे : राम प्रसाद यादव

२) विरेन्द्र अधिकारी (क्रेडिट कार्ड समेत)
स्थायी ठेगाना : सिरहा जिल्ला, नरहा बलकवा गा.वि.स. वडा नं. ५
हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५
बाबु : फुल कुमार यादव
बाजे : राम प्रसाद यादव

जमानीकर्ताहरुको विवरण

१) सोमारी यादव स्थायी ठेगाना : सिरहा जिल्ला, नरहा गा.प. वडा नं. ५ हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बाबु : तर्कन यादव ससुरा : राम प्रसाद यादव पति : फुल कुमार यादव	२) विभा कुमारी यादव ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बाबु : सुर्यनाथ यादव ससुरा : फुल कुमार यादव पति : विरेन्द्र अधिकारी	३) फुल कुमार यादव स्थायी ठेगाना : सिरहा जिल्ला, बर्छवा गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बाबु : राम प्रसाद यादव बाजे : बतहु यादव
४) शिव कुमार यादव स्थायी ठेगाना : सिरहा जिल्ला, नरहा बल्कवा गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बाबु : फुल कुमार यादव बाजे : राम प्रसाद यादव	५) दिव्या शक्ति स्थायी ठेगाना : सिरहा जिल्ला, नरहा बल्कवा गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बाबु : सुर्यनाथ यादव ससुरा : फुल कुमार यादव पति : शिव कुमार यादव	

धितोको विवरण

१) तर्कन यादवकी छोरी, राम प्रसाद यादवकी बुहारी, फुल कुमार यादवकी पत्नि, सिरहा जिल्ला, नरहा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बस्ने सोमारी यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ९ (हाल जनकपुर उ.म.न.पा. वडा नं. २) स्थित किता नं. २४ को क्षेत्रफल ०-१-०-१ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।

२) तर्कन यादवकी छोरी, राम प्रसाद यादवकी बुहारी, फुल कुमार यादवकी पत्नि, सिरहा जिल्ला, नरहा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, नरहा गा.पा. वडा नं. ५ बस्ने सोमारी यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ४/क (हाल मिर्चैया न.पा. वडा नं. ६) स्थित किता नं. ७५३ र ४५०४ को क्षेत्रफल क्रमशः ०-२-६$^{१/२}$ र ०-०-४-१२ (विगाह) को जग्गा र सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ (हाल मिर्चैया न.पा. वडा नं. ५) स्थित किता नं. १२४० को क्षेत्रफल ०-०-५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत ।

३) वि टु ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय मन्थली, रामेछापका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१२ गते शुक्रबार नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले लिनुभएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयवधि समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मिति ले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मन्थली, रामेछाप**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०७/२४ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय मन्थली, रामेछाप**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको विवरण:

ऋणी : नेपाल सरकार,उद्योग मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन,२०६३ अन्तर्गत मिति २०६५/०९/०६ मा दर्ता.नं.५८७३५/०६५/०६६ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भक्तपुरबाट मिति २०६५/०९/२५ (मु.अ.क.दर्ता मिती २०६५/०९/२५) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.३०३२९११६४० को प्रमाणपत्र प्राप्त **न्यू सताकृ खिम्ती कन्स्ट्रक्सन प्रा.लि.**।
रजिष्ट्रर्ड ठेगाना : रामेछाप जिल्ला, लिखु तामाकोशी गाउँपालिका वडा नं.६ (सावित खिम्ती गा.वि.स.वडा नं.२)।

सञ्चालक तथा जमानतकर्ता : कृष्ण बहादुर खड्का (ना.प्र.नं.४७५१ /२११०२५/५४६१, जारी मिति २०४५/०२/०१, जि.प्र.का.रामेछाप)। ठेगाना : जिल्ला रामेछाप, लिखु तामाकोशी गाउँपालिका वडा नं.६ (सावित खिम्ती गा.वि.स.वडा नं.२)। बाबु : खड्ग बहादुर खड्का। बाजे : कृति बहादुर खड्का।	**जमानतकर्ता : इन्द्र बहादुर दाहाल** (ना.प्र.नं.२८३४/११००७/२६३९२ जारी मिति २०४१/१०/१२ प्रतिलिपी मिति २०७७/११/०५ जि.प्र.का.काठमाण्डौं)। ठेगाना : जिल्ला काभ्रेपलान्चोक,नमोबुद्ध न.पा.वडा न



मण्डलामा 'ब्युँझिएको सिरानी' मञ्चन हुने

मण्डला थिएटरमा असोज १६ गतेबाट नाटक 'ब्युँझिएको सिरानी' मञ्चन हुने भएको छ। मानसिक स्वास्थ्यको विषयमा आधारित नाटकमा कलाकार जेडी तमूको निर्देशन रहनेछ। नाटकमा रूपेश लामा, वेदना राई, सुरज तमू, मनि के राई, सुजन सेनेहाङ, सृष्टि महर्जन, दिया शाक्य, रेनुका घर्तीमगर, मुस्कान राउत, लुनिभा महर्जन, रामचन्द्र मनेरू, ग्लोरी थापा, सृजना भट्टराईलगायतका कलाकारको अभिनय छ।



'एनिमल'को टिजर सार्वजनिक


अभिनेता रणवीर कपुर अभिनीत फिल्म 'एनिमल'को टिजर सार्वजनिक भएको छ। सार्वजनिक टिजरमा रणवीर कपुरको एक्सन दृश्य समेटिएको छ। सन्दीप रेड्डी वांगाले निर्देशन गरेको फिल्ममा रश्मिका मन्दना, बबी देओल, अनिल कपुरको मुख्य भूमिका छ। फिल्म भूषण कुमार, प्रणय रेड्डी वांगा, मुरद खेतानी र कृष्ण कुमारले निर्माण गरेका हुन्।

सन्दर्भ : विश्व मुटु दिवस

मुटु स्वस्थ राख्ने उपाय



डा. समीर पौडेल
मुटुरोग विशेषज्ञ
वीर अस्पताल



आधुनिक जीवनशैली, खानपान, अल्छीपनाले गर्दा मुटुरोगीको संख्या बढ्दो छ। सहरी क्षेत्रमा व्यस्त जीवनशैलीका कारण मानिसले खानपानमा पर्याप्त ध्यान दिन पाएका हुँदैनन्। त्यस्तै, टेबल-कुर्सीमा बसेर काम गर्नेहरूको शारीरिक कसरत पुगिरहेको हुँदैन। व्यायामको कमी अस्वस्थ खानपान, तनाव, अत्यधिक धूम्रपान, मद्यपानजस्ता कारणले गर्दा पनि मुटुरोगीको संख्या बढ्दो छ। मुटुसम्बन्धी बिरामीले समयमै औषधि नखाने, चिकित्सकहाँ नजानेजस्ता लापरवाही गर्नुहुँदैन। यस्तो बानीले रोगलाई अझै बढावा दिन्छ र कतिपयको अकालमै मृत्यु भएको पनि पाइन्छ।

स्वस्थ राख्न

- उमेर बढ्दै गएपछि उच्च रक्तचाप हुन्छ। उच्च रक्तचाप भएका बिरामीले औषधि सेवन गरेर मात्रै हुँदैन। रक्तचाप नियन्त्रण भए/नभएको बुझ्नका लागि चेकजाँच गराइरहनुपर्छ। उच्च रक्तचापले मिर्गौला, रक्तनली, ब्रेनमा पनि नकारात्मक असर पार्न सक्छ।
- शारीरिक व्यायाम गर्ने, तौललाई नियन्त्रणमा राख्ने गर्नुपर्छ। चिन्ता, तनावलाई कम गर्ने, कोलेस्ट्रोल र सुगरलाई कन्ट्रोलमा राख्ने गर्नुपर्छ। वेला-वेलामा मुटुको स्क्रिनिङ गर्नुपर्छ। ३५ वर्षभन्दा माथिका नागरिकले सुगर र कोलेस्ट्रोलको मात्रा चेकजाँच गर्नुपर्छ।
- स्वस्थ खानपान आवश्यक हुन्छ। चिल्लो कम खाने, नुनको मात्रा कम गर्ने, सागपात खाने, रातो मासु कम खाने/नखाने, बेकरीको आइटम नखाने।
- यदि तपाईंलाई थकान महसुस भएको छ भने चेकचाँज अनिवार्य गर्नुपर्छ। अत्यधिक धूम्रपान, मद्यपान गर्ने व्यक्तिमा पनि समस्या देखिन सक्ने भएकाले यसबाट टाढा रहनुपर्छ।

लक्षण

- मुटुरोगका धेरै कारण छन्। उच्च रक्तचाप, मधुमेहलगायत समस्या भएका मान्छेलाई मुटुरोग हुन सक्ने जोखिम रहन्छ। प्रारम्भिक अवस्थामा मुटुमा समस्या हुँदा लक्षण देखिँदैन। मुटुले पम्प गर्न छोडेको पनि तपाईंलाई थाहा हुँदैन। दैनिक क्रियाकलाप गर्न सक्नुहुन्छ। बिस्तारै लक्षण देखिन थाल्छ, हिँड्न नसक्ने, ज्यान थकान हुने हुन सक्छ। कतिपयलाई टाउको दुख्ने, भारी हुने पनि हुन सक्छ।
- बिस्तारै मुटुको चाल गडबड हुने, पसिना आउनेजस्ता लक्षण देखिन सक्छन्। यदि जन्मजात मुटुको माथिल्लो भागमा प्वाल छ भने लक्षण ढिलो देखिन सक्छ। ४० कटेपछि लक्षण देखिन सक्छ। मुटुको तल्लो भागमा प्वाल छ भने २०-२२ वर्षको उमेरमै पनि लक्षण देखिन सक्छ। स्याँस्याँ हुने, हातखुट्टाका औंला नीलो हुनेजस्ता लक्षण देखिन्छ।
- नेपालमा बाथमुटुरोगले धेरैभन्दा धेरै मान्छेको मुटुको भल्ब खराब भइरहेको पाइएको छ। यस्तो अवस्थामा मुटुको अपरेसन गरेर भल्ब फेर्नुपर्ने हुन्छ। कतिपयलाई सानै उमेरमा पनि बाथमुटुरोग हुन्छ। मुटुको भल्ब खिइने, साँघुरो हुने, मुटु फुल्ने हुन्छ। त्यस्तै, हर्ट फेलर हुने समस्या पनि देखिन सक्छ। मुटुले पम्प गर्न नसक्ने समस्या पनि हुन्छ। यो समस्याचाहिँ वंशानुगत पनि हुन्छ। कतिपय अवस्थामा भल्ब फुलेर पनि हर्ट फेलर हुन्छ। मुटुको रगत सञ्चार गर्ने नसाहरू साँघुरो भएर मुटुलाई आवश्यक रगत नपुग्दा हर्ट फेलर हुन सक्छ।
- मुटुलाई रक्तसञ्चार गर्ने नलीहरूमा कुनै पनि कारण अवरोध आएको खण्डमा मुटुको कुनै पनि भागको मांसपेशीको मृत्यु हुन पनि सक्छ।
- कतिपयलाई उमेर बढ्दै गएपछि मुटुका नसाहरू जाम हुँदै जाने पनि हुन्छ। यसलाई हृदयाघात वा हर्टअट्याक भनिन्छ। यस्तो वेलामा छाती दुख्ने, पसिना आउने, रगतको मात्रा कम हुने, छाती भारी हुन सक्छ। कुनै लक्षणविना नै एक्कासि हृदयाघात पनि हुन सक्छ। प्यारालाइसिस पनि हुन सक्छ।
- वयस्क व्यक्तिमा धूम्रपान, मद्यपान गर्न शारीरिक व्यायाम नगर्ने, मोटोपना भएका व्यक्ति अत्यधिक मात्रामा कार्बोहाइड्रेट खाने, गुलियो, बोसोजन्य, मासुजन्य खाना धेरै खाने मान्छेमा मुटुरोग हुने जोखिम धेरै रहन्छ।

फुटसलले विद्यार्थीमा ल्याउँछ सकारात्मक परिवर्तन





चेतन घिमिरे
प्रशिक्षक, नेपाल पुलिस क्लब

पछिल्लो समय फुटबलको सानो स्वरूप फुटसल युवापुस्ता तथा विद्यार्थीमाझ लोकप्रिय छ। फुटबलजस्तै फुटसलले पनि मानिसको समग्र विकासमा सघाउँछ। समय निकालेर वेला-वेलामा फुटसल खेल्दा आलस्य, मोटोपन, तनावलगायत धेरै समस्याबाट मुक्ति पाइन्छ। यसले विद्यार्थीलाई स्मार्ट र सिर्जनशील बनाउँछ। किशोरावस्थाका युवाले कम्तीमा हप्तामा एकदेखि दुईपटक (हरेक सेसन एक घन्टादेखि एक घन्टा ३० मिनेट) खेल्दा धेरै फाइदा लिन सक्छन्।

फिजिकल फिटनेस

फुटसल खेलाडी शारीरिक रूपमा फिट हुन्छन्। खेल्नका लागि सानो क्षेत्रफल र सीमित खेलाडी मात्रै हुने भएकाले पनि प्रत्येक टिमका खेलाडीले निरन्तर मुभ, पास, ड्रिबल तथा सुट गर्नुपर्ने हुन्छ। यसले राम्रोसँग कार्डियोभास्कुलर वर्कआउट गराउँछ। नियमित फुटसल सेसनले स्टामिना बढाउँछ। फिटनेस लेभल सुधार्छ र युवालाई सक्रिय र स्वस्थ राख्छ।

प्राविधिक सुधार

फुटसलमा बल नियन्त्रण, सटिक पासिङ र बल ह्यान्डलिङ सीपमा जोड दिइन्छ। फुटबलमा ठूलो क्षेत्रका कारण खेल नियन्त्रित हुन्छ। जबकि, फुटसलको सीमित ठाउँले खेलाडीलाई बलमाथि असाधारण नियन्त्रण विकास गर्न प्रोत्साहित गर्छ। यसरी बलमाथि नियन्त्रण बढेपछि खेलाडीले फुटबल र अन्य खेलमा पनि आफूलाई अब्बल बनाउन सक्छन्। तसर्थ, राम्रा खेलाडी उत्पादन गर्न पनि फुटसल प्रभावकारी छ।

टिमवर्क

फुटसल टिममा रहेर खेलिने खेल हो। यसमा खेलाडीहरू एक-अर्कासँग मज्जाले घुलमिल हुन्छन्। उनीहरूबीच आपसी कुराकानी, मित्रवत् सम्बन्ध विकास हुन्छ। एक-अर्कालाई सहयोग गर्ने र एक-अर्काको सह-अस्तित्व स्विकार्ने बानीको विकास गराउनका लागि यो महत्त्वपूर्ण छ। यस खेलमा गोलका अवसर सिर्जना गर्न र विपक्षी टोलीलाई गोल गर्नबाट रोक्नका लागि सबै खेलाडी मिलेर भिड्नुपर्ने हुन्छ। तसर्थ, फुटसल खेलेर विद्यार्थीले आवश्यक टिमवर्क र सञ्चार सीप विकास गर्न सक्छन्। खेलकुदमा मात्र नभई उनीहरूको शैक्षिक र व्यावसायिक जीवनमा पनि यसको अर्थ रहन्छ।

निर्णय क्षमता

फुटसलको तीव्र गतिले खेलाडीलाई दबाबमा छिटो निर्णय गर्न बाध्य बनाउँछ। यो सीप विद्यार्थीका लागि महत्त्वपूर्ण छ, किनकि यसले उनीहरूलाई जीवनका विभिन्न पक्षमा मद्दत गर्न सक्छ। जस्तै, समस्या समाधान, समय व्यवस्थापन, शैक्षिक र व्यक्तिगत परिस्थितिमा निर्णय लिने क्षमता विकास हुन्छ।

मनोरञ्जन

आत्मविश्वास निर्माण गर्न, सामाजिक सम्बन्ध विकास गर्न र मित्रवत् भावनाका लागि फुटसलले सहयोग गर्छ। शारीरिक गतिविधिमा संलग्न हुँदा रक्तसञ्चार राम्रो हुन्छ, शरीरबाट राम्रो पसिना बग्छ र मानसिक रूपमा मानिसले रमाइलो महसुस गर्छन्। तनाव कम भएर जान्छ। यसले विद्यार्थीलाई सिर्जनशील बनाउँछ।

निष्कर्ष

फुटसलले विद्यार्थीलाई शारीरिक र मानसिक दुवै रूपमा लाभ प्रदान गर्दछ। यसले शारीरिक तन्दुरुस्तीलाई बढावा दिन्छ, प्राविधिक सीप बढाउँछ, टोली कार्य र सञ्चारलाई प्रोत्साहन गर्छ, निर्णय गर्ने क्षमता तिखार्छ। सकारात्मक सोचको विकास गर्छ। त्यसैले फुटसल केवल खेल मात्रै होइन, व्यक्तित्व विकास र स्वस्थ रहने माध्यम पनि हो।

स्मरणशक्ति बढाउन...

- कहिलेकाहीं केही कुरा छिट्टै बिर्सने र त्यो लामो समयसम्म स्मरण नहुने धेरै मानिसको समस्या हुन्छ। स्मरणशक्ति सबै मानिसमा समान हुँदैन। तर, कोहीमा रोगका कारण पनि स्मरणशक्तिमा ह्रास आइरहेको पाइएको छ। स्मरणशक्ति हाम्रो जीवनशैलीमा पनि निर्भर रहन्छ।
- निद्राका कारण हाम्रो स्मरणशक्ति क्षीण भइरहेको हुन्छ। यसर्थ, दिमागलाई सदा चनाखो बनाइराख्न पर्याप्त निद्रा आवश्यक छ।
- नियमित रूपमा व्यायाम गर्दा मस्तिष्कमा सन्तुलित रूपमा रक्तसञ्चार हुन्छ। यसले मस्तिष्कलाई स्वस्थ राख्नुका साथै स्मरणशक्तिसमेत बढाउँछ।
- बिहानको समयमा ठिक्क मात्रामा कफी वा चिया पिउँदा दिमागलाई फुर्तिलो बनाउँछ।
- बदाम, ओखर, हरियो सागपात, चकलेट, ग्रिन टी आदिजस्ता खानेकुराको नियमित सेवनले स्मरणशक्ति तेज हुन्छ।
- दिमागी कसरत हुने खेल जस्तै- बाघचाल, चेस, लुडो, पजल्स खेल्दा दिमागलाई तीक्ष्ण बनाउन मद्दत गर्छ।
- दैनिक नयाँ कुराको खोजी गर्नुहोस्। जसले दिमागलाई सधैं सक्रिय राख्दछ।
- सम्झन गाह्रो हुने नाम, वस्तु र संख्यालाई आफूले स्मरण गर्न सक्ने गरी भिजुअलाइज पनि गर्न सकिन्छ।

ब्युटी प्रडक्ट किन्दा नगर्नुस् गल्ती

मानिसहरू सुन्दर देखिनका लागि कस्मेटिक प्रडक्ट प्रयोग गर्छन्। अनलाइन सर्पिङ साइटमा मानिसलाई आकर्षित गर्ने गरी विभिन्न प्रडक्टको विज्ञापन गरिएको हुन्छ। तर, पर्याप्त जानकारी लिएर मात्रै यस्ता प्रडक्ट किन्नुपर्ने हुन्छ।



प्याकेजिङ : ब्रान्डेड ब्युटी प्रडक्टका विषयमा पहिले पर्याप्त जानकारी लिनुपर्छ। त्यसपछि तपाईंले किन्ने प्रडक्ट ओरिजिनल हो वा होइन भनेर चेक गर्नुपर्ने हुन्छ। प्याकेजिङमा ध्यान दिनुस्। डुप्लिकेट प्रडक्टको बक्सको कलर ओरिजिनल प्रडक्टको तुलनामा कम चम्किलो या हल्का हुन सक्छ। किनकि, अधिकांश डुप्लिकेट कस्मेटिक सामान अलग-अलग तरिकाले प्याकेजिङ भएका हुन्छन्। जबकि, ब्रान्डेड प्रडक्टको प्याकेजिङ एउटै हुन्छ। त्यस्तै, प्रडक्टको बक्समा लेखिएको कन्टेन्टको एक-एक लाइन पढ्नुस्।

परीक्षण गर्नुस् : बजारमा क्लिन्जर, मोस्चराइजर र धेरै खाले कस्मेटिक प्रडक्ट उपलब्ध छन्। त्यसैले कुन प्रडक्ट प्रयोग गर्ने भनेर तय गर्न प्रयोगकर्तालाई मुस्किल हुन्छ। आफ्नो छाला कुन टाइपको छ भन्ने पहिचान गरेर त्यहीअनुसार प्रडक्ट किन्नुपर्छ। यसका लागि छालारोग विशेषज्ञसँग परामर्श गर्नु राम्रो हुन्छ। छालाको टाइप तय नगरी स्किन प्रडक्ट किन्दा चिलाउने, एलर्जी हुने, सुन्निनेलगायत समस्या देखिन्छन्। यसबाट बच्नका लागि सबैभन्दा राम्रो उपाय पहिले एकपटक प्रडक्टलाई 'प्याच टेस्ट' गर्नु हो।

रिभ्यु पढ्नुस् : युवतीहरूलाई नयाँ-नयाँ सामान किन्ने सोख हुन्छ। तर, कस्मेटिक सामान किन्नुअघि यसबारे रिभ्यु पढ्नु राम्रो हुन्छ। कुनै सेलेब्रिटी वा विज्ञापनको भरमा प्रडक्ट नकिन्नुस्। आफूले किन्ने प्रडक्टमा समावेश सबै इन्ग्रिडेन्टबारे जानकारी लिनु राम्रो हुन्छ। त्यस्तै, वेब सर्च गरेर प्रडक्टबारे राम्रोसँग जानकारी पनि लिन सकिन्छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय भैरहवाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१२ गते शुक्रबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जा भुक्तानी सम्बन्धि शर्त कबुलीयत उल्लंघन गर्नुभएको तथा पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछुर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७९/०८/२९ गते विहीबारको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीकालागि मिति २०८०/०१/०७ गते विहीबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो लिलाम बिक्री पनि नभएकोले कर्जा असुलीकालागि मिति २०८०/०४/०८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका मा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम पनि कर्जा चुक्ता नभएको हुदाँ कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन अर्थात मिति २०८०/०६/१८ गते भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवामा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८औँ दिन अर्थात मिति २०८०/०६/१९ गते शुक्रवार(सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरहवामा दिनको १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपवदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र उक्त बाकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछुर्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको फोटो सहित तिनपुस्ते विवरण :

ऋणी : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपुर्ती तथा उपभोगता संरक्षण विभाग, वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/०९/१४ मा दर्ता भई प्रा.फ.र.नं. ४९२९५/०७७/७८ कायम भएको , नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवाबाट मिति २०७७/०९/१४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४६४९६२४ को प्रमाण पत्र प्राप्त **श्याम डिष्ट्रिब्युटर्स** । ठेगाना रुपन्देही जिल्ला सद्धार्थनगर न.पा. वडा नं. ०६ ।

जमानतकर्ता तथा प्रोप्राईटर : प्रिती जालान बेरीवाल (ना.प्र.नः ३७-०१-७१-०३९२९ जारी मिति २०७१/०४/२२, जि.प्र.का.रुपन्देही)। ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं.०५, रुपन्देही । ससुरा : विनोद कुमार बेरीवाल । पती : अभिषेक वेरीवाल ।	**जमानतकर्ता : अभिषेक बेरीवाल** (ना.प्र.नं. ५४८९१, जारी मितिः २०५२/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. ५, रुपन्देही । बाबु : विनोद कुमार बेरीवाल । बाजे : मोतीलाल ।

ख. धितोमा रहेको सम्पत्तिको विवरण :

१. अभिषेक बेरीवालको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.वडा नं. ३ सिट नं १०४ ०२७७२० स्थित कि.नं. ६९ क्षेत्रफल १४३१.४० ब.मी. को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी **श्याम डिष्ट्रिब्युटर्सको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

पुनश्चः :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवा**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोकेे बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवा** सम्पर्क राख्न सकिनेछ ।

prabhu BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

NIBL MUTUAL FUND
एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल ग्रोथ फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०८० भाद्र मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

	२०८० भाद्र मसान्त रकम (रु)	२०८० श्रावण मसान्त रकम (रु)
धितोपत्रमा लगानी		
क्र.सं. विवरण	मूल्य (रु)	मूल्य (रु)
१ सूचीकृत शेयर	६४,४९,६९,९१५	५८,८४,५२,४७१
२ बैंक मुद्दती निक्षेप	१९,८०,००,०००	१९,८०,००,०००
३ ऋणपत्र /बन्ड	६,८३,०४,०००	६,८३,०४,०००
४ सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१६,०६,६८,०७७	१५,५०,०२,३४१
जम्मा	१,०७,२९,४१,९९२	१,००,९७,५८,८१२
चालु सम्पत्ति		
क्र.सं. विवरण	मूल्य (रु)	मूल्य (रु)
१ बैंक मौज्दात	२३,९५,७५,४८८	३४,०३,२०,२१५
२ अन्य सम्पत्ति	९५,३८,७८५	६३,२२,५१८
जम्मा	२४,९१,१४,२७३	३४,६६,४२,७३३
चालु दायित्व		
क्र.सं. विवरण	मूल्य (रु)	मूल्य (रु)
१ अन्य दायित्व	२,२१,४१७	२,३१,६६,८६९
जम्मा	२,२१,४१७	२,३१,६६,८६९
खुद सम्पत्ति (ग्रस)	१,३२,१८,३४,८४८	१,३३,३२,३४,६७६
योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३८,९२,५०९	१९,८७,०६८
कोष सुपरिवेक्षक शुल्क	२,७४,७६५	१,४०,२६४
खुद सम्पत्ति	१,३१,७६,६७,५७४	१,३३,११,०७,३४४
जम्मा इकाई	१३,२०,००,०००	१३,२०,००,०००
प्रति इकाई खुद मूल्य	९.९८	१०.०८

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० भाद्र मसान्त रकम (रु)	२०८० श्रावण मसान्त रकम (रु)
१	प्राप्त भइ सकेको आम्दानी	१,६८,४२,८६२	१,२५,३७,७२१
२	प्राप्त भइ नसकेको आम्दानी	(४,६५,५६,११३)	(३,०९,०१,३३६)
	जम्मा आम्दानी	(२,९७,१३,२५१)	(१,८३,६३,६१५)
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	४७,७९३	३६,५४१
२	योजना लेखापरीक्षण शुल्क	१९,५०४	९,९०७
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३८,९२,५०९	१९,८७,०६८
४	कोष सुपरिवेक्षक शुल्क	२,७४,७६६	१,४०,२६४
	जम्मा खर्च	४२,३४,५७२	२१,७३,७८०
	कुल आय / (व्यय)	(३,३९,७७,१६४)	(२,०५,३७,३९५)

नोटः - सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मूल्यांकन गरिएको छ।
- योजनाको २०८० भाद्र मसान्त सम्मको सूचीकृत तथा सूचीकृत नभएका सेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु. १,११,७०,८३,९६१ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	धितोपत्र	संख्या	मूल्यांकन रकम
	बाणिज्य बैंक समूह		
१	प्रभु बैंक लिमिटेड	६६,८५३	१०,६८३,१०९
२	नेपाल बैंक लिमिटेड	५१,८८५	१२,९२४,५५४
३	सिद्धार्थ बैंक लिमिटेड	४६,३७०	११,९१२,४५३
४	प्राइम कमर्सियल बैंक लिमिटेड	९८,१७६	१७,७३०,५८६
५	एनएमबि बैंक लिमिटेड	७३,६३७	१६,०३८,१३९
६	एनआइसि एसिया बैंक लिमिटेड	५३,११५	४३,२३५,६१०
७	हिमालयन बैंक लिमिटेड	२०,६१०	४,२०८,५६२
८	कुमारी बैंक लिमिटेड	५०,५८६	७,९३६,९४३
९	नबिल बैंक लिमिटेड	२४,३८८	१४,४६२,०८४
१०	सानिमा बैंक लिमिटेड	१९,५७७	५,६६७,५४२
११	लक्ष्मी सनराईज बैंक लिमिटेड	५९,७३९	११,२३०,९३२
	विकास बैंक समूह		
१	गरिमा विकास बैंक लिमिटेड	९६,०३०	३६,०४०,०५९
२	शाइन रेसन्ना डेभलप्मेन्ट बैंक लिमिटेड	५६,८६४	२१,३८०,८६४
३	लुम्बिनी विकास बैंक लिमिटेड	३६,७१३	१४,०९७,७९२
४	मुक्तिनाथ विकास बैंक लिमिटेड	८०,५३३	३१,३०३,१७७
५	मितेरी डेभलप्मेन्ट बैंक लिमिटेड	२७,६३७	११,०२७,९६३
६	कामना सेवा विकास बैंक लिमिटेड	२९,९५०	९,१९४,६५०
७	ज्योती विकास बैंक लिमिटेड	३२,२७७	९,६४७,५९५
	फाइनान्स समूह		
१	मन्जुश्री फाइनान्स लिमिटेड	२८,५३४	१४,७०६,४२४
२	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	१५,०००	६,९६०,०००
३	गुडविल फाइनान्स लिमिटेड	३१,४८६	१३,५०४,३४५
४	रिलायन्स फाइनान्स लिमिटेड	२४,५०२	७,६६९,१२६
	लघुवित्त समूह		
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,६७१	१३,३१२,१२४
२	छिमेक लघुवित्त वित्तिय संस्था लिमिटेड	१६,०४५	१५,३३९,०२०
३	निर्धन उत्थान लघुवित्त वित्तीय बसंस्था लिमिटेड	८,७७२	५,१०६,१८१
४	फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेड	१०,६९०	१३,११३,९६०
५	डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड	८,८४९	६,४४९,७७०
६	साना किसान लघुवित्त वित्तीय संस्था लिमिटेड	५,६६४	५,०४८,८९०
	जलविद्युत् समूह		
१	साहस उर्जा लिमिटेड	२८,२८९	११,८८१,३८०
२	अपि पावर लिमिटेड	३२,९००	५,७६४,०८०
३	अरुण काबेली पावर लिमिटेड	३६,०२७	६,३०४,७२५
४	डाढी ग्रुप पावर लिमिटेड	१०,१२७	२,०४५,७८१
	सामूहिक लगानी कोष समूह		
१	सनराइज फोकस्ड ईक्वीटी फण्ड	२,५००,०००	२०,२००,०००
२	प्रभु स्मार्ट फण्ड	१,०००,०००	८,०००,०००
३	आरबिबि म्युचुअल फण्ड २	१,०००,०००	७,५६०,०००
४	सिटिजन म्युचुअल फण्ड २	१४४,३३७	१,०७५,३११
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	३३०,०००	३,३००,०००
६	सिटिजन्स् सुपर ३० म्युचुअल फण्ड	५००,०००	४,१६०,०००
७	लक्ष्मी भ्यालु फण्ड २	४००,०००	४,०००,०००
	निर्जीवन बीमा समूह		
१	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	४४०	६,२९२,०००
२	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	६३९	४८१,१६७
३	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	२०,९१४	१८,०९०,६१०
४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	२९,६८०	१६,५०५,०४८
५	आइजीआई फड्ँसियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४१,५६०	२०,५२२,२००
६	प्रभु इन्स्योरेन्स लिमिटेड	२१,०३३

प्रधानमन्त्रीको चीन भ्रमण : धेरै सम्मान, थोरै उपलब्धि

प्रधानमन्त्री दाहालले यसपटकको भ्रमणमा सुषुप्त अवस्थामा रहेको संयुक्त सीमा टोलीलाई ब्युँताउने व्यवस्था गर्न सक्नुपर्थ्यो, तर त्यसमा उनको ध्यान पुगेन



● बुद्धिनारायण श्रेष्ठ

अग्रलेख

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसंघको ७८औँ महासभामा सम्बोधनलगत्तै न्युयोर्कबाट चीनको हाङ्झाउमा १९औँ एसियाली खेलकुद उद्घाटन समारोहमा सहभागी हुन पुगे। त्यहाँ उनले चिनियाँ राष्ट्रपति सी जिनपिङसित उद्घाटन समारोहमा शिष्टाचार भेट गरे। उद्घाटनपछिको साइडलाइनमा प्रधानमन्त्री दाहालको राष्ट्रपति सीसँग १५ मिनेट एक्लाएक्लै कुराकानी भयो। त्यसपछि हाङ्झाउको बेस्ट स्टेट गेस्ट हाउसमा एक घन्टा भेटवार्ता पनि भयो।

भोलिपल्ट हाङ्झाउबाट बेइजिङ पुगेपछि दाहालको औपचारिक भ्रमण सुरु भयो। बेइजिङको ग्रेट हल अफ द पिपुल्समा चीन सरकारका तर्फबाट जनमुक्ति सेनाले दाहाललाई राजकीय सम्मानस्वरूप सलामीसहित 'गार्ड अफ अनर' दिएको थियो। हाङ्झाउमा पनि सम्मान गारत प्रदान गरिएको थियो। ल्हासामा समेत भव्य सांस्कृतिक स्वागत पाएका थिए प्रधानमन्त्री प्रचण्डले। दाहाल र चिनियाँ प्रधानमन्त्री ली छ्याङबीच बेइजिङमा २५ मिनेट एक्लाएक्लै कुराकानीसमेत भएको थियो।


दुई देशको प्रतिनिधिमण्डलबीच भएको वार्ताको दौरान सीमापार विद्युत् प्रसारण लाइन निर्माण तथा प्राचीन ग्रन्थ प्रकाशन, यात्रु र कार्गो सेवा सहज तथा व्यवस्थित गर्ने, नेपाली घाँस र भैँसीको मासु निर्यात गर्नेजस्ता झिनामसिना १२ वटा सम्झौता र एक समझदारी पत्रमा हस्ताक्षर भयो। तर, नेपाललाई आर्थिक रूपमा फाइदा पुग्ने कुनै दीर्घकालीन ठोस सम्झौता भने हुन सकेन। २९ वैशाख, ०७४ मा हस्ताक्षर भएको बिआरआई कार्यान्वयनका लागि कार्ययोजना बनाउने सम्झौता भयो। तर, बिआरआईअन्तर्गत नेपालमा सडक निर्माण, विद्युत् उत्पादन, औद्योगिक विकासलगायत विषयमा भने सहमति हुन सकेन।

प्रधानमन्त्रीको चीन भ्रमणबाट नेपाललाई निकै फाइदा पुग्ने नेपाली जनताले उच्च अभिलाषा राखेका थिए। दाहालले चीनमा धेरै सम्मान पाए, तर उपलब्धिचाहिँ थोरै प्राप्त गरे। नेपाली जनताको आशा के थियो र त्यो आशा कति मात्रामा पूरा गरियो भन्ने नै प्रधानमन्त्रीको चीन भ्रमण सफल अथवा असफल भन्ने लेखाजोखाको कसी हो।

तर, प्रधानमन्त्री प्रचण्डको भ्रमणले आशा गरिएअनुसारको सफलता भने प्राप्त गर्न सकेन। प्रधानमन्त्रीको चीन भ्रमणका दौरान यी विषय आफ्नै ठाउँमा छन्। तर, देशको भौगोलिक अखण्डतासम्बन्धी विषयमा कुनै कुराकानी हुन नसक्नु नेपालका लागि दुर्भाग्य हो।

नक्सा प्रकरण : चीनले ११ भदौमा प्रकाशित गरेको नक्सामा नेपालको लिपुलेक-कालापानी-लिम्पियाधुराको चुच्चे क्षेत्र नदेखाएको विषय छलफलको एजेन्डामा पर्न सकेन। साइड लाइनमा पनि कुराकानी हुन सकेन। चीनका राष्ट्रपति सीसँग १५ मिनेट र समकक्षी प्रधानमन्त्री लीसँग २५ मिनेट एक्लाएक्लै कुराकानी हुँदा राष्ट्रपति सीलाई भन्ने हिम्मत नगरिए पनि समकक्षी लीलाई प्रधानमन्त्री दाहालले भन्नुपर्थ्यो- तीन करोड नेपाली जनताले तपाईंलाई एउटा सन्देश पठाएका छन्। म तपाईंलाई सुनाउँछु- 'चीनले प्रकाशित गरेको नयाँ नक्सामा नेपालको चुच्चे नक्साको भौगोलिक क्षेत्र नसमेटिएकाले नेपालको भौगोलिक अखण्डतामा प्रतिकूल असर परेको हुँदा कृपया अर्को संस्करणमा त्यसलाई संलग्न गरिदिनुहुन अनुरोध छ। नेपाली जनताले सुनाइदिनू भनेकाले यो सन्देश तपाईंलाई सुनाएको छु।' यत्ति मात्रै भनेका भए पनि चीनले अनौपचारिक तवरमा भए पनि नोट गर्थ्यो। प्रधानमन्त्री दाहालले यस्तो सुनौलो मौका गुमाए।

सीमा सन्दर्भ : दाहालले बेइजिङमा भनेका थिए- 'राष्ट्रपति र मेराबीचमा बडो सौहार्दपूर्ण वातावरणमा छलफल भयो। पारस्परिक हितका विषयमा हामीले खुलेरै छलफल गर्‍यौं। व्यक्तिगत रूपमा म हाम्रा दुई महत्त्वपूर्ण छिमेकीबीचको घनिष्ट र सामञ्जस्यपूर्ण छिमेकी सम्बन्ध प्रवर्द्धन गर्न प्रतिबद्ध छु र सहयोग गर्न इच्छुक छु। नेपालले चीन र भारत दुवैको हितलाई सम्मान गर्छ। हामी तीनै देशलाई फाइदा हुने विन-विन सहकारी मोडेलको विकासमा जोड दिन्छौं' (नयाँ पत्रिका, असोज ९)। यस प्रसंगमा नेपाल, भारत र चीनको त्रिदेशीय क्षेत्रमा पर्ने लिपुलेक-कालापानी-लिम्पियाधुरा मामिलामा चीनको सहभागिता पनि आवश्यक पर्छ। त्यसैले, तीनै देश मिलेर शून्य अंकको सीमास्तम्भ स्थापना गरौं भनी आह्वान गर्नुपर्थ्यो। यसमा पनि प्रचण्ड चुके।



द्विपक्षीय भेटमा चीनको नयाँ नक्सामा नेपालको चुच्चे नक्साको सीमारेखा नकोरिएको सम्बन्धमा प्रधानमन्त्री दाहालले कुरा उठान गर्न सकेको भए उनले त्यहाँ पाएको सम्मानमा उपलब्धि पनि धेरै नै भयो भन्न सकिने थियो

नेपाल र चीन सीमाको सानो मामिला गत ११ वर्षदेखि अड्केर बसेको छ। दोलखा जिल्ला लामाबगर, लाप्चीगाउँ उत्तर कोर्लाङपारिको टिप्पामा गाडिनुपर्ने सीमास्तम्भ नं. ५७ नेपालतिरको भिरालो चट्टानमा अंकन गरिएको छ।

यसबाट नेपालको करिब ६ हेक्टर जमिन मिचिएको नेपालको दाबी छ। यससम्बन्धी मामिला समाधान गर्न चिनियाँ सीमा टोलीले १ फेब्रुअरी २०१२ मा सियानमा संयुक्त बैठक गर्न नेपाली टोलीलाई आह्वान गरेको थियो। तर, नेपाली टोली अन्तिम समयमा रोकियो। यसपछि चीनले वास्ता गरेको छैन। प्रधानमन्त्री दाहालले यसपटकको भ्रमणमा सुषुप्त अवस्थामा रहेको संयुक्त सीमा टोलीलाई ब्युँत्याउने व्यवस्था गर्न सक्नुपर्थ्यो। यसमा उनको ध्यान पुगेन। यस्ता बुँदा यो पंक्तिकारले दाहालको भ्रमणअघि नै सञ्चारमाध्यममार्फत पटक-पटक लिखित तथा मौखिक सुझाब उजागर गरेको थियो।

सुरक्षा चासो : नेपालको सुरक्षा क्रियाकलापमा चीन संवेदनशील र सशंकित रहेको छ। नेपाल-चीनबीच नियमन सीमा व्यवस्था भए पनि तिब्बतीहरू यदाकदा शरणार्थीका भेषमा नेपालतर्फ घुसपैठ गर्छन्। भारत निर्वासित दलाइ लामालाई भेट्न छद्मभेषी रूपमा पुग्छन्। अधिकांशलाई नेपालले पक्राउ गर्छ, अनि फिर्ता पठाउँछ। तर, भारत पुगेकाहरू खुला सीमाबाट नेपाल आई पटक-पटक वेलाकुवेला 'फ्री टिबेट' कार्यक्रम गरी नारा उछाल्छन्।

चीनको भित्री मनसाय नेपालले यस मामिलामा कडाइ गर्न सकेन भन्ने रहेको पाइन्छ। नेपालको भूकम्पका कारण चीनको खासा क्षेत्रमा थोरै असर परेको भए पनि चीनले भूकम्पको कुरो दर्साएर खासा बजारको बस्ती उत्तरतर्फ न्यालम तथा अन्य स्थानमा स्थानान्तर गर्‍यो। यस सम्बन्धमा कतिपयको धारणा रहेको छ, खासामा रहेका तिब्बती मूलका चिनियाँले नेपालको तातोपानी, बाह्रबिसे, जलवीरे, दोलालघाट क्षेत्रका फ्री टिबेटधारी नेपाली व्यक्ति तथा समूहलाई वेलामौकामा सहयोग गरी समस्या उब्जाउने गरेका थिए। यस कार्यलाई नियन्त्रण गर्न कोभिडका कारण देखाई चीनले खासा-कोदारी सीमा-नाका नै बन्द गर्‍यो। यद्यपि, चीनले यो नाका एक साताअघि खुला गरेको छ। छद्मभेषी तिब्बतीलाई कुनै पनि हालतमा नेपाल पस्न दिनेछैनौं भनी दाहालले चीनसमक्ष प्रतिबद्धता चित्तबुझ्दो तरिकाले खुलस्त रूपमा व्यक्त गर्न सकेको देखिएन।

अन्तिम प्रसंग : चीनले चासो राख्ने यस्ता बुँदामा प्रधानमन्त्रीले आश्वस्त गर्न सके र चीनले पनि दाहाललाई विश्वासको नजरले हेर्‍यो भने नेपाल-चीन सम्बन्ध अझ सुदृढ हुन सक्छ। चीनको बिआरआईजस्ता परियोजना कार्यान्वयन र चीनले नेपाललाई सहयोग गर्ने जलविद्युत् विकास, पूर्वाधार विकास तथा औद्योगिक संरचनाबाट देशभित्रै रोजगारीको मात्रा वृद्धि गर्न सके नेपाली जनताले प्रधानमन्त्रीलाई सराहना गर्ने थिए। यसबाट नेपालको पहिचान विश्वमा बढ्ने थियो।

सीमा भनेको राष्ट्रको भौगोलिक अखण्डता र सार्वभौमिकतासँग गाँसिएर रहेको तत्त्व हो। सीमा समस्या रहिरहयो भने दुई देशबीचको आपसी सम्बन्धलाई प्रतिकूल असर पार्न सक्छ। सीमा समस्या समाधान गर्ने सरकार प्रमुखले नै हो। नागरिक समाज तथा सञ्चार माध्यमले तथ्य पुस्टाइँसहित सरकारलाई जानकारी दिँदै दबाब सिर्जना गर्ने हो। सरकार प्रमुखबीच समझदारी भए जटिल समस्या पनि समाधान हुन सक्छ। विगतमा सगरमाथाको स्वामित्वसम्बन्धी विवादमा दुई देशका प्रधानमन्त्रीबीच समझदारी भएर नेपालको हो भनी ठहराइएको उदाहरण छ। तर, प्रचण्डले ११ वर्षदेखि थाती रहेको सीमा प्रोटोकल नवीकरण गर्ने कुरो उठाउन सकेनन्।

यी कुरा मित्रताका प्रतीक हुन्। यस्तो प्रसंगमा चीनको नयाँ नक्सामा नेपालको चुच्चे नक्साको सीमारेखा नकोरिएको सम्बन्धमा प्रधानमन्त्री दाहालले कुरा उठाउन सकेको भए उनले पाएको धेरै सम्मानमा उपलब्धि पनि धेरै नै भयो भन्न सकिने थियो। अब नेपालले 'सफ्ट डिप्लोमेसी'मार्फत प्रयास अघि बढाएर चीनले अर्को संस्करणको नक्सामा नेपालको चुच्चे नक्साको भाग समावेश गर्न सक्छ। यसबाट नेपाल र चीनको आपसी दौत्य सम्बन्ध थप प्रगाढ हुनेछ।

(श्रेष्ठ सीमाविद् हुन्)

३ प्रश्न

एकीकृत समाजवादीका उपमहासचिव तथा समाजवादी जागरण अभियान मूल व्यवस्थापन कमिटीका संयोजक **डा. विजय पौडेल**लाई



समाजवादी जागरण अभियानको आवश्यकता किन पऱ्यो ?

हामीले एमालेबाट विद्रोह गरेर पार्टी बनाएपछि एजेन्डा जनताबीच पुऱ्याउन सकेका थिएनौं। पार्टी गठनलगत्तै राष्ट्रिय सभा, स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन भयो। गठबन्धनका कारण जनतासामु हाम्रो एजेन्डा पुऱ्याउन सकिएन। त्यसैले, तत्काल कृषिमार्फत रोजगारी सिर्जना, राष्ट्रिय उद्योगको संरक्षण, संस्कृतिमाथि भएको अतिक्रमणको विरोध, सीमा सुरक्षा, राष्ट्रिय एकताको पैरवी, खर्चिलो निर्वाचन प्रणालीको विकल्प, भ्रष्टाचार निवारण, सुशासनलगायत एजेन्डा जनतासामु पुऱ्याउने उद्देश्यले काँकडभिट्टादेखि महेन्द्रनगरसम्म यही १४ देखि २९ असोजमा समाजवादी जागरण अभियान गर्दै छौं।

रोजगारी, समृद्धि र सुशासनको नारा व्यवहारमा उतार्न सहज छ त ?

इमानदार प्रयास गर्दा सम्भव छ। पक्कै पनि 'इन्डस्ट्री' बनाउन समय लाग्छ। कृषि यस्तो क्षेत्र हो, तीन महिनामै आलु, गोलभेडा, मकै फल्छ। न्यूनतम मुनाफासहित कृषि उत्पादन बिक्रीको ग्यारेन्टी सरकारले गर्ने हो भने मानिस कृषिप्रति आकर्षित हुन्छन्। तुरुन्तै रोजगार भइन्छ। अहिले कृषि उत्पादन नबिक्ने अवस्थाले ठूलो मात्रामा बेरोजगारी समस्या छ। सोही कारण न्यून ज्यालाकै लागि पनि मानिस बिदेसिने गरेका छन्।

तपाईंहरूको जागरण अभियान आगामी चुनावको तयारी हो ?

स्वाभाविक हिसाबले २०८३ को स्थानीय तह निर्वाचनमा राष्ट्रिय स्तरमा गठबन्धन नगरी हामी एक्लै लड्छौं। स्थानीय स्तरमा भने आवश्यकताअनुसार गठबन्धन हुन सक्छ। तर, यो अभियान आगामी निर्वाचन तयारीका लागि होइन। हाम्रा एजेन्डा जनतासम्म पुऱ्याउन मात्र अभियान सञ्चालन गर्न लागेका हौं।

प्रेरक प्रसंग

छोरीका मातापिता

एक महिला गर्भवती थिइन्। उनले एक दिन पतिसित सोधिन्- हजुर के चाहनुहुन्छ, छोरा या छोरी ? पतिले भने- मलाई त जे भए पनि हुन्छ ? पत्नीले फेरि सोधिन्- हजुरले उसलाई के पढाउने र के बनाउने विचार गर्नुभएको छ ? पतिले सहज भावमा उत्तर दिए- यदि हाम्रो छोरा जन्मियो भने म उसलाई हिसाब पढाउँछु। उसलाई खेलकुदमा पनि लगाउँछु। उसलाई धेरै कुरा सिकाउँछु। पत्नीले हाँस्दै प्रश्न गरिन् ? यदि छोरी भई भने के गर्नुहुन्छ नि ?



पतिले गम्भीर हुँदै भने- यदि छोरी जन्मिई भने मैले उसलाई केही पनि सिकाउन, पढाउन पर्नेछैन। किनकि, उसैले मलाई सबै कुरा सिकाउनेछे। कसरी कपडा लगाउने, कसरी खाने, के गर्ने, के नगर्ने सबै कुरा मलाई छोरीले सिकाउनेछे। ऊ मेरी दोस्री आमा बन्नेछे भन्दा पनि फरक पर्दैन। मैले उसका लागि केही गरिनँ भने पनि उसले जहिल्यै मलाई आफ्नो 'हिरो' मान्नेछे। मैले उसलाई कुनै काम गर्न रोकैं भने उसले जहिल्यै स्विकार्नेछे। उसले आफ्नो पति जतिसुकै ठूलो भए पनि उसको तुलना मसित गर्नेछे। मलाई कसैले दुःखी बनाउन चाह्यो भने मेरी छोरी दुनियाँसित लड्नेछे। उसले मलाई दुःखी बनाउनेलाई कहिल्यै माफ गर्नेछैन। पत्नीले भनिन्- तपाईंको भनाइको तात्पर्य जुनजुन काम छोरीले गर्नेछे, छोराले चाहिँ गर्नेछैन भन्ने हो ? पतिले भने- होइन, होइन। छोराले पनि यो सब गर्न सक्छ। तर, त्यसका लागि उसले धेरै सिक्नुपर्नेछ, धेरै मिहिनेत गर्नुपर्नेछ। किनकि, छोरीहरू यी सब खुबी साथमै लिएर जन्मिन्छन्। त्यसैले, छोरीका मातापिता बन्नु हरेक बाबुआमाका लागि गर्वको विषय हो। पत्नीले भनिन्- तर, छोरी त सधैं साथमा हुनेछैन नि। एक न एक दिन उसले पराई घर जानैपर्नेछ। पतिले भने- के फरक पर्छ त ? ऊ पतिको घर गए पनि हामी जहिल्यै उसको मनमा हुनेछौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

१२ करोडको सिलिङ कसको पक्षमा ?

हिजोआज पुँजी बजारमा राष्ट्र बैंकले लगाएको १२ करोडको सिलिङबारे बाक्लै बहस हुन थालेको छ। कतिपयले बुझेर हो या नबुझेर, यही १२ करोडको क्यापले पुँजीबजार ओरालो लागेको, ३२ सय अंकमा पुगेको सेयरबजार दुई हजार अंकमा झरी लगानीकर्ताको १५ खर्ब रुपैयाँ गुमेकोजस्ता आरोप पनि लगाएका छन्। पूर्वअर्थमन्त्रीद्वय सुरेन्द्र पाण्डे र युवराज खतिवडाले त सरकारले तत्काले राष्ट्र बैंकको गभर्नरको कानै समातेर १२ करोडको क्याप हटाउनुपर्नेजस्ता अराजक भाषासमेत प्रयोग गरे। आखिर यो क्याप हो के ? यसले गर्दा नै सेयर बजार घटेको हो त ? यो क्याप सबै सेयर लगानीकर्ताविरुद्धमै छ त ? यसबारे घनीभूत बहसको खाँचो छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

सबै सजग र संयमित बनौं

'१४ दिनमा नौ चिकित्सकमाथि कुटपिट' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो। रातदिन केही नभनी बिरामीको उपचारमा खट्ने चिकित्सक कुटिनु निश्चय नै गलत हो। तर, यसमा असंयमित बिरामीका आफन्त मात्र जिम्मेवार नभई स्वयं चिकित्सक पनि जिम्मेवार हुनुपर्छ। उनीहरूको सानो लापरबाहीले बिरामीको ज्यानैसमेत जान सक्ने भएकाले बढीभन्दा बढी सजग हुनुपर्छ। त्यसैले, सबैले आआफ्नो स्थानबाट सजग र संयमित हुनुपर्छ।

● **वन्दना विक**
वनस्थली, काठमाडौं

दीपेन्द्र र कुशललाई बधाई

नेपाली राष्ट्रिय क्रिकेट टोलीले चीनमा सञ्चालन भइरहेको एसियाडमा एकैदिनमा मंगोलियाविरुद्धको खेलमा १० विश्वकीर्तिमान बनाएको छ। यसका लागि सिंगो टिम नेपाललाई हार्दिक बधाई छ। साथै, सो प्रतियोगितामा दीपेन्द्रसिंह ऐरीले ९ बलमा ५० रन बनाएर अविश्वनीय कीर्तिमान बनाएका छन्। त्यसैगरी कुशल मल्लले ३४ बलमा सय रन बनाएर अर्को कीर्तिमान बनाएका छन्। ऐरी र मल्ल दुवैलाई हार्दिक बधाई छ।

● **सुशान्त पाठक**
गल्कोपाखा, काठमाडौं

सरकारको सकारात्मक निर्णय

सरकारले डाक्टरमाथि हातपात गर्दा हुने दण्ड सजायको सूची अस्पतालमै टाँस्ने निर्णय गरेको छ। त्यो अवश्य पनि स्वागतयोग्य छ। तर, डाक्टरले गर्ने लापरबाहीको दण्ड सजायको सूची कहाँ टास्ने भन्नेचाहिँ निर्णय गरेको छैन। कतै सरकारले डाक्टरले चाहिँ लापरबाही नै गर्न सक्दैनन् भन्न खोजेको त होइन नि ?

हालै कान्ति बाल अस्पतालमा डाक्टरकै लापरबाहीले नै एक बालिकाको ज्यान गएको पुष्टि छानबिन समितिले गरिसकेको छ। तैपनि आजसम्म ती डाक्टरविरुद्ध कुनै दण्ड सजाय तोकिएको छैन। अहिलेसम्म हेर्ने हो भने सर्वसाधारणको कुटपिटबाट कुनै पनि डाक्टर सिकिस्त घाइते वा मृत्यु भएको देखिँदैन। बरु डाक्टरको सानो भुलचुकले बिरामीको पनि मृत्यु भएको पुष्टि विभिन्न छानबिन समितिले नै गरिसकेका छन्। यहाँ जति सर्वसाधारण संवेदनशील हुनु जरुरी छ, त्योभन्दा सयौं गुणा संवेदनशील डाक्टरहरू नै हुन जरुरी छ। आफूहरूमाथि हातपात गर्ने सर्वसाधारणलाई कारबाही गर्दा डाक्टरहरू त खुसी होलान् तर डाक्टरको सानो गल्तीले ज्यान गुमाएकाका आफन्त ती डाक्टरलाई जतिसुकै कडा कारबाही गरे पनि कदापि खुसी हुन सक्दैनन्।

अतः चेकअपका समयमा डाक्टरबीच हुने अनावश्यक कुराकानी र मोबाइल फोनमा हुने अनावश्यक संवाद पूर्ण रूपमा बन्द गराउनुपर्छ। त्यस्तै मोबाइल फोन ड्युटी अवधिभर स्विच अफ नै गरी अत्यावश्यक परे अस्पतालको टेलिफोन प्रयोग गर्ने व्यवस्था गर्नुपर्छ।

● **मान लामा**, काठमाडौं
maanlama75@gmail.com

भारत-क्यानडा तनाव : चेपुवामा प्रवासी भारतीय

क्यानडाको नयाँदिल्लीस्थित कूटनीतिक नियोगमा भिसामा भइरहेको ढिलाइ र भिसा स्वीकृति दरमा सम्भावित गिरावटलाई लिएर भारतीय विद्यार्थी चिन्तित छन्



देश / विदेश

● सोमदीप सेन

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत साता क्यानडेली भूमिमा शिख पृथकतावादी नेता हरदीप सिंह निज्जरको हत्यामा भारतको संलग्नताको आरोप लगाएपछि भारत-क्यानडा तनाव बढेको छ। भारतका तर्फबाट क्यानडाविरोधी भाष्य र ट्रुडोमाथि व्यक्तिगत आक्रमण गरिँदै छ र यसलाई भारतीय मिडियाले पनि पछ्याएको छ। क्यानडाका प्रधानमन्त्रीले शिख समुदायको मत हासिल गर्न शिख पृथकतावादीको विचारलाई प्रतिध्वनित गरेको आरोप छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले क्यानडालाई 'आतंकवादी, चरमपन्थी र संगठित अपराधका लागि सुरक्षित आश्रयस्थान' भएको आरोप लगाएका छन्। यसलाई षड्यन्त्रका सिद्धान्तले थप मलजल गरेको छ। एक भारतीय समाचार च्यानलमा पूर्वभारतीय कूटनीतिज्ञले जी२० सम्मेलनमा भारत आएका ट्रुडोको जहाजमा कोकिन भेटिएको र राष्ट्रपतिको राजकीय भोजमा कोकिनको 'नशामा धुत भएका कारण' सरिक नभएको अपुष्ट अफवाह उल्लेख गरेका थिए। यस्ता अभिव्यक्तिलाई भारतभित्र दक्षिणपन्थी तप्काले मन पराए पनि विश्वव्यापी मञ्चमा यसले भारतको छविलाई बिगार्छ। यति मात्र नभई यस्ता अभिव्यक्तिले भारतीय प्रवासीलाई प्रधानमन्त्री मोदी सरकारको बहुसंख्यकवादी हिन्दूत्वको एजेन्डा र मुलुकलाई विश्वको अग्रणी शक्ति बनाउने प्रयासबीचको तनावमा हेलिदिएको छ।

निज्जर हत्यामा ट्रुडोको टिप्पणीको नयाँदिल्लीले विषयान्तर गर्दै भारतको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई खतरामा पारेको आरोप लगाएको थियो। सो आरोपमा क्यानडाले खालिस्तानी पृथकतावादीलाई आश्रय दिएको उल्लेख थियो। क्यानडाले आफ्नो मुलुकमा रहेका भारतीय गुप्तचर प्रमुखलाई निष्कासन गरेपछि भारतले नयाँदिल्लीमा रहेका क्यानडेली कूटनीतिज्ञलाई निष्कासन गरेको थियो। भारतले भारतीय कूटनीतिज्ञलाई 'सुरक्षा खतरा' भन्दै विश्वव्यापी रूपमा भारतीय नियोगमा क्यानेडेलीका लागि भिसा निलम्बन गरेको छ। भारतले कथित रूपमा 'खलिस्तानी गतिविधि र भारतविरोधी प्रचार'मा संलग्न व्यक्तिको भारतीय विदेशी नागरिकता (ओसिआई) रद्द गरिरहेको छ। ओसिआईले भारतीय मूलका विदेशी नागरिकलाई भारतमा भिसामुक्त पहुँच दिन्छ। तर, क्यानडाले भने भारतीय नागरिकलाई भिसामा रोक लगाएको छैन। भारतको सख्त अडानले ट्रुडोलाई दबाब दिने उद्देश्य राखेको छ, तर यसले मुख्यतया क्यानडाको उल्लेख्य संख्या भएका भारतीय मूलका जनसंख्या र त्यहाँका विश्वविद्यालयमा भर्ना भएका कैयौं भारतीय विद्यार्थीलाई असर गरिरहेको छ। पारिवारिक, सामाजिक एवं व्यापारिक प्रयोजनका लागि भारत गइरहने ओसिआई पत्र नभएका भारतीय मूलका क्यानडेली नागरिकले अब भारतमा यात्रा प्रतिबन्धको सामना गर्नुपर्नेछ। कूटनीतिक तनाव चलिरहँदा भारतीय विदेश मन्त्रालयको एक सल्लाहमा भारतीय प्रवासी र यात्रुलाई 'बढ्दो भारतविरोधी गतिविधि, राजनीतिक रूपमा प्रोत्साहित द्वेष अपराध र क्यानडामा भइरहेको आपराधिक हिंसा'बारे चेतावनी दिएको छ।

क्यानडाका अधिकारीले भारतीय विदेश मन्त्रालयको चेतावनीलाई खारेज गरेका छन्। तथापि क्यानडामा बसोवास गरिरहेका आफ्ना प्रियजनको सुरक्षाबारे कैयौं भारतीय चिन्तित छन्। क्यानडामा रहेका भारतीय नागरिक क्यानडाले पनि भारतीयमाथि भिसा प्रतिबन्धको प्रतिक्रिया दिन सक्छ भन्ने चिन्ताका कारण विदेश यात्रा गर्न अनिच्छुक छन्। भारतीय विद्यार्थी क्यानडाको नयाँदिल्लीस्थित कूटनीतिक नियोगमा भिसामा भइरहेको ढिलाइ र भिसा स्वीकृति दरमा सम्भावित गिरावटलाई लिएर चिन्तित छन्। भारतको प्रतिक्रियाले क्यानडामा हिन्दू-शिख तनाव बढेको छ। केही वर्षयता विश्वस्तरमा हिन्दूत्वद्वेषी अभिव्यक्ति र हिंसामा बढोत्तरी भएको हामी साक्षी बनिरहेका छौं। सन् २०२२ मा हामीले बेलायतको लेस्टरमा यो द्वेष र हिंसा देखेका थियौं,



तस्बिरः जेनिफर गौथियर्स/रोयटर्स

जहाँ एक हुल हिन्दूले 'जय श्रीराम'को नारा लगाउँदै मुसलमानमाथि आक्रमण गरेका थिए। यसबाट शिख पनि अछुतो छैन। बेलायत र अस्ट्रेलियामा शिखविरोधी द्वेष अपराधमा ठूलो वृद्धि भएको छ। क्यानडामा शिख विद्यालयमा दिनानुदिन तोडफोड भइरहेको छ र परिसरमा नश्लीय नारा पोतिँदै छन्। क्यानडेली हिन्दू राष्ट्रवादी रोन बनर्जीले खुल्लमखुला मुसलमान र शिख नरसंहारको आह्वानसमेत गरेका थिए। क्यानडामा शिखलाई निसाना बनाउने भारतको उत्तेजक बयानबाजी र कदमले शिख समुदायलाई थप आक्रोशित बनाएको छ। भारतीय अधिकारी र मिडियाले सबै शिख कार्यकर्ता र मानवअधिकारकर्मीलाई कट्टरपन्थीको संज्ञा दिएका छन्। भारतको राष्ट्रिय अनुसन्धान एजेन्सीले क्यानडामा भगौडा खालिस्तानी आतंकवादीका रूपमा लिइएका शिख अभियन्ताको सम्पत्ति जफत गर्न थालेको छ। अमेरिकामा शिख कार्यकर्तालाई अमेरिकी घरेलु गुप्तचर निकाय एफबिआईले निज्जरको हत्यापछि सम्भावित खतराबाट जोगिन सचेत गराएको थियो। अमेरिकी कंग्रेसले भारत सरकारले विदेशमा रहेका शिख अभियन्तालाई तारो बनाइरहेको छ भनेर आएका प्रतिवेदनलाई लिएर चिन्ता व्यक्त गरेको छ। मोदी सरकारको धर्ममा आधारित राजनीतिको प्रवर्द्धनले भारत र विदेशमा शिख मात्र नभई अन्य समुदाय पनि बढ्दो रूपमा सुरक्षा जोखिममा परिरहेका छन्। क्यानडाभरि शिख कार्यकर्ताले टोरन्टो, ओटावा र भ्यान्कुभरमा रहेका भारतको कूटनीतिक नियोगबाहिर प्रदर्शन गरिरहेका छन्, जहाँ प्रदर्शनकारीले भारतीय झन्डासमेत जलाएका छन्। निज्जर मारिएको गुरुद्वाराबाहिर बदला लिन कथित रूपमा भारतीय कूटनीतिज्ञको हत्या आह्वान गर्ने पोस्टर पनि देखिएका छन्। क्यानडाका एक शिख पृथकतावादी नेता गुरपटवन्त सिंह पन्नुले भारतीय मूलका क्यानडेली हिन्दूलाई 'क्यानडा छोडेर भारत जाऊ' भन्ने व्यहोराको उत्तेजक भिडियो जारी गरेका छन्।

जी२० शिखर सम्मेलनमा विश्वव्यापी नेतृत्वका लागि भारतले महत्त्वाकांक्षा व्यक्त गरेको थियो, तर निज्जरको हत्यासम्बद्ध आरोपमा भारतीय प्रतिक्रियाले यो आकांक्षामा सन्देह उत्पन्न गरेको छ। बरु भारतीय प्रतिक्रियाले भारतीय प्रवासीलाई दण्डित गर्छ। नतिजा अन्तर्राष्ट्रिय समुदायले भारतमा जरा गाडेको र विश्वभर फैलिँदो हिन्दूत्व राजनीतिको विषाक्तता अनदेखा गर्न सक्दैनन्।

(सेन रोस्किल्ड विश्वविद्यालयमा अन्तर्राष्ट्रिय विकास अध्ययनका सह-प्राध्यापक हुन्)
अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com


अन्तरिक्षमा चीन–अमेरिकाको प्रतिस्पर्धा नियन्त्रणबाहिर जाने खतरा

सबै संकेतहरूले अमेरिका-चीन अन्तरिक्ष प्रतिस्पर्धा आगामी दुईदेखि तीन दशकमा मंगलग्रहसम्म विस्तार भएर नकारात्मक रूपमा अघि बढ्ने देखाउँछ

पृथ्वी र चन्द्रमाबीचको अन्तरिक्ष क्षेत्रमा चीन र अमेरिकाबीचको बढ्दो प्रतिस्पर्धा नियन्त्रणबाहिर जाने जोखिम छ। सबै संकेतहरूले यी अन्तरिक्ष प्रतिद्वन्द्वीको प्रतिस्पर्धा आगामी दुईदेखि तीन दशकमा मंगलग्रहसम्म विस्तार भएर यसले अझ बढी नकारात्मक परिणाम निम्त्याउन सक्छ। यस्तो सम्भावनाबाट बच्न दुवै पक्षले सहयोगका सम्भावना पहिल्याउनुपर्छ। तर, त्यसका लागि अमेरिकी कंग्रेसले अन्तरिक्ष सहयोगमा लगाइएको प्रतिबन्ध चाँडो हटाउने र अन्तरिक्षमा चीन-अमेरिका सहकार्यको आशा जगाउने गरी आफ्नो 'जिरो सम' सोच त्याग्न आवश्यक छ। सन् २००१ मा अमेरिकी कंग्रेसले घोषणा गरेको प्रतिबन्ध फिर्ता नहुँदासम्म चीन र अमेरिकाबीच आधिकारिक अन्तरिक्ष सहयोग असम्भव देखिन्छ।

स्पेसएक्सको स्टारलिंक उपग्रहहरू (कक्षका अधिकांश उपग्रहहरू यसैका छन्)ले अन्तरिक्ष अन्वेषणलाई धेरै देशका लागि किफायती र प्रभावकारी बनाएको छ। तर, उचित व्यवस्थापनविना पृथ्वीको तल्लो कक्षमा उपग्रहहरूको बढ्दो संख्याले पृथ्वीको कक्षमा सञ्चालन भएका र सञ्चालन हुन छोडेका उपग्रहसहितको संख्याले सीमा नाघेर त्यस्ता वस्तुबीचको ठक्कर अपरिहार्य हुन्छ, जसलाई केस्लर सिन्ड्रोम पनि भनिन्छ। ती ठक्करले थप फोहोर उत्पादन गर्नेछ र थप टक्करहरू निम्त्याउनेछ। यसले थप उपग्रह प्रक्षेपणलाई अवरोध गर्छ। अर्थात यस अनुसार समयक्रममा अन्तरिक्ष अभियानलाई नै असम्भव बन्नेछ।

अन्तरिक्ष अन्वेषणमा यस्तो अवरोधले मौसम, नेभिगेसन, सञ्चारका उपग्रहहरूमा निर्भर उद्योगमा विनाशकारी प्रभाव पार्नेछ। ठूलो संख्यामा स्टारलिंकका उपग्रह (सुचारु र निष्क्रिय दुवै)ले अन्तरिक्ष यानसँग सम्भावित टक्करको थुप्रै घटनाले चिन्ता बढाएको छ। केही चिनियाँ उपग्रह यस्ता फोहोरसँग ठोक्किनबाट बालबाल बचेका दृष्टान्त बढ्दै गएका छन्। यो परिदृश्य रोक्न चीन र अमेरिका अन्तरिक्ष सहयोगमा संलग्न हुनुपर्छ। तर, त्यस्ता प्रयासले अझै पनि अमेरिकी कंग्रेसबाट प्रतिरोधको सामना गरिरहेका छन्। रिपब्लिकन सांसद फ्रान्क वुल्फद्वारा प्रस्तावित र सन् २०११ को एप्रोप्रियसन्स एक्टमा समावेश गरिएको यो संशोधनले



नासा र ह्वाइट हाउसको अफिस अफ साइन्स एन्ड टेक्नोलोजी पोलिसीलाई चीनसँग संयुक्त अनुसन्धानमा संलग्न हुनबाट रोक्छ। यसले नासाका सबै सुविधामा 'आधिकारिक चिनियाँ आगन्तुक'लाई स्वागत गर्न पनि रोक्छ। परिणामस्वरूप चीन-अमेरिका अन्तरिक्ष सहयोगलाई प्रतिबन्ध लगाउने उपाय अपनाइएको छ। चिनियाँ वैज्ञानिकलाई अमेरिकामा आयोजित अन्तर्राष्ट्रिय अन्तरिक्ष सम्मेलनमा भाग लिनबाट रोक्ने र यी दुई पक्षबीच अन्तरिक्ष अन्वेषणसम्बन्धी सञ्चार र जानकारी आदानप्रदानलाई गम्भीर रूपमा सीमित गर्नेलगायत कदम चालिएका छन्। अमेरिकी कंग्रेसले चिप्स एन्ड साइन्स एक्टमा नासाका लागि विनियोजन बढाएर चीनविरुद्धको अन्तरिक्ष-प्रतिस्पर्धालाई थप सुदृढ बनाएको छ। पृथ्वीको तल्लो कक्षमा ठक्करको सम्भावना चीन-अमेरिका अन्तरिक्ष प्रतिस्पर्धाको एउटा पक्ष मात्र हो। अन्य मुद्दामा परम्परागत उपग्रहलाई आणविक सामग्रीले लैस गर्ने, अन्तरिक्षयानप्रतिरोधी हातहतियारको परीक्षण र अन्तरिक्षयानको पुनः प्रविष्टिमार्फत् अन्तरिक्षमा जम्मा हुँदै जाने फोहोर आदिका चिन्ता रहेका छन्। यी प्रत्येक समस्या निकै जटिल छन्। यी मुद्दामा चीन र अमेरिका सहमतिमा नपुग्दासम्म यिनले द्विपक्षीय सम्बन्धमा नयाँ संकट सिर्जना गर्न सक्छन्।

चीनको अन्तरिक्ष केन्द्र सञ्चालनमा आएसँगै चीनको मानवयुक्त अन्तरिक्ष कार्यक्रमको अर्को चरण चन्द्रमाको अन्वेषण, चन्द्रमा र चन्द्रमावरपरको अनुसन्धान हुँदै नयाँ 'तीन-चरण'को योजना पछ्याउँदै अन्ततः मंगलग्रहमा अन्तरिक्षयात्रीहरू अवतरण गराउनेतर्फ लक्षित हुने देखिन्छ। स्पेसएक्सका सिइओ एलन मस्क सन् २०५० अगावै मंगलग्रहमा अन्तरिक्षयात्री अवतरण गराउन दृढ संकल्पित छन्। यसर्थ, चिनियाँ र अमेरिकी अन्तरिक्षयात्रीको मंगलग्रहमा भेटको सम्भावना छ। यदि यसअगाडि नै दुवै देश मानवजगत्को हितका लागि अन्तरिक्ष स्रोतको विकास र प्रयोग गर्न शान्तिपूर्ण सहकार्यमा संलग्न हुने एउटा सम्झौतामा पुग्न सके भने त्यो दुर्लभ खुसीको खबर हुनेछ।

अमेरिकी संसद्ले शीतयुद्ध र आफूले मात्रै जित्ने जेरो-सम गेमको मानसिकता त्याग्नुपर्छ, सबै प्रतिबन्ध हटाउनुपर्छ र आफ्नो स्वार्थलाई साझा हितभन्दा माथि राख्ने थप गल्ती गर्नबाट जोगिनुपर्छ। अमेरिका-चीन अन्तरिक्ष सहकार्यमा न अमेरिकी अन्तरिक्षविज्ञ, न त यो लेखक नै आशावादी छन्, तर तथ्य के हो भने सौर्य प्रणालीमा केवल आठ ग्रह छन् र पृथ्वी एक मात्र हामीले घर भन्न सक्ने ठाउँ हो। तसर्थ, चीन र अमेरिकाबीचको प्रतिस्पर्धा मंगलग्रहमा रोकियो भने राम्रो हुनेछ।

- चाइना डेलीका लागि लिउ चाङको आलेख

इतिहासमा आज

सेप्टेम्बर २९

सन् १७८९ : नवगठित देश संयुक्त राज्य अमेरिकाको कंग्रेसले नियमित सेना निर्माण गर्ने पक्षमा मतदान गऱ्यो। आज अमेरिकी सेना विश्वकै शक्तिशाली बनेको छ।

सन् १८२१ : लन्डनको पहिलो आधुनिक प्रहरी फौजका रूपमा लन्डन महानगर प्रहरीको पहिलो एकाइ तैथान भयो।

सन् १९१६ : अमेरिकी तेल व्यापारी जोन डी रकफेलर विश्वको पहिलो डलर अर्बपति बने।

सन् १९४१ : जर्मनीले आफ्नो नियन्त्रणमा रहेको किभमा झन्डै ३० हजार यहुदीलाई मार्‍यो।

सन् १९५० : सोभियत नेता निकिता ख्रुस्चेभले संयुक्त राष्ट्रसंघीय महासभाको बैठकमा अर्का प्रतिनिधिले बोलिरहेका बेला अवरुद्ध हुने गरी होहल्ला गरे। उनले त्यस समय उनको जुत्ता खोलेर आफूअघिको डेस्कमाथि बजारेको चर्चा हुने गरे पनि यसको प्रमाणिकतामा प्रश्न उठ्ने गरेको छ।

सन् १९७६ : सिरियाले लेबननमा बसिरहेका प्यालेस्टाइनी गुरिल्लालाई निकाल्ने अभियान चलाए।

सन् १९९२ : ब्राजिलको इतिहासका सबैभन्दा कम उमेरका राष्ट्रपतिको रेकर्ड बनाएका फर्नान्डो कोलोर डे मेलो भ्रष्टाचारको आरोपमा महाभियोग लागी पदबाट बर्खास्त भए। उनी दुई वर्षअघि राष्ट्रपति हुँदा ४० वर्षका थिए।

उत्तर कोरियाले संविधानमै लेख्यो आणविक सम्पन्न राष्ट्र



प्योङयाङ/ उत्तर कोरियाका नेता किम जोङ उनले संयुक्त राज्य अमेरिकाबाट उत्पन्न खतराको सामना गर्न थप आधुनिक आणविक अस्त्र चाहिने भन्दै देशको संविधानमा आणविक शक्ति सम्पन्न राष्ट्र समावेश गर्न लगाएको सरकारी सञ्चार माध्यमले जनाएका छन्। आणविक हतियार कार्यक्रमलाई लिएर अन्तर्राष्ट्रिय प्रतिबन्धका बाबजुद उत्तर कोरियाले यस वर्ष उल्लेख्य संख्यामा क्षेप्यास्त्र परीक्षण गरेको छ। उत्तर कोरियाली आणविक कार्यक्रममाथि विशेषतः संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र उसका सहयोगीले आपत्ति जनाउँदै आएका छन्। संयुक्त राज्य अमेरिका र उसका सहयोगीबाट उत्तर कोरियामाथि अस्तित्वको खतरा भएकाले आफ्नो प्रतिरक्षाका लागि आणविक हतियारको आवश्यकता रहेको बताउँदै आएको छ।

उत्तर कोरियाको आणविक हैसियत संविधानमा उल्लेख भएसँगै उत्तर कोरियाली नेतृत्वलाई आणविक हतियार त्याग्न राजी गराउने सम्भावना क्षीण हुँदै गएको विज्ञहरूले बताएका छन्। सियोलस्थित युनिभर्सिटी अफ नर्थ कोरियन स्टडिजका अध्यक्ष याङ मुन जिनले एएफपीसँगको कुराकानीमा भने, 'उत्तर कोरियाको संवैधानिक परिवर्तन आणविक शक्तिको स्थायित्वको प्रतीकजस्तो देखिएको छ। यसले कोरियाको आणविक निःशस्त्रीकरणको सम्भावनालाई अझ टाढा धकेल्छ।'

श्री धनुषा जिल्ला अदालतबाट फैसला भएको लेनदेन मुद्दा नं.२०७७-CP-०९४० को २०७९ सालको बिगो लगत नं. १८७५ को बिगो मुद्दा सम्बन्धित मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) (ग) अन्तर्गत अधिकृत वारिसनामा बदर गरेको सूचना।

सूचना प्रकाशित मिति : २०८०-०६-१२ गते

गा.वि.स. तारापट्टी सिर्सिया वडा नं.-०९, धनुषा परिवर्तित मिथिला बिहारी नगरपालिका वडा नं. ०७, जिल्ला धनुषा बस्ने स्व. विलट मियाँको नाति स्व. ओलिमन मियाँको छोरा म, महमद रफिक मियाँ (नागरिकता नं. १७-०१-७९-०३१५८/धनुषा) ले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३(१) बमोजिम जिल्ला महोत्तरी भंगहा गाउँपालिका वडा ०८ (पररिया गाउँ) बस्ने मो. फरिद लहेरीको बुहारी तमन्ने आलम लहेरीकी श्रीमती तबस्सुम खातुन (नागरिकता नं. १७११०२/८६६४/धनुषा) लाई अधिकृत वारिसनामा (श्री धनुषा जिल्ला अदालतबाट जारी अ.वा. प्रमाणपत्र नम्बर १००/०७९/०८० जारी मिति २०७९-१०-२५) मार्फत माथि उल्लिखित बिगो मुद्दाको त्यस वारिसनामामा उल्लिखित सबै कार्य कारबाही गर्नका लागि वारिस नियुक्त गरेको थिएँ र उहाँको नाममा जारी गरेको सो अधिकृत वारिसनामा आज मितिदेखि लागू हुने गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) (ग) अन्तर्गत खारेज गर्दछु। आजदेखि माथि उल्लिखित बिगो मुद्दाको सबै कानूनी कारबाहीमा म आफै उपस्थित हुनेछु र यस सूचनामार्फत् सबै सम्बन्धित निकायलाई जानकारी गराइन्छ।

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

लाल बहादुर घर्ति को छोरा लुम्बिनी प्रदेश बर्दिया जिल्ला बदैयाताल गाउँपालिका वार्ड नं. २ स्थयी ठेगानामा बस्ने नरेन्द्र कुमार घर्ति ले यस शाखामा बचत खाता नं. १९५१५२४०३००७८० सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८०/०३/१६ मा निज खातावाला नरेन्द्र कुमार घर्ति को निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने लीला देवी घर्ति ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक नरेन्द्र कुमार घर्ति को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको नेपालगंज शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
नेपालगन्ज शाखा, बाँके
फोन नम्बर : ०८१-४१५१२५

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८०/०६/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

सुर्खेत - बि शाखा, सुर्खेत

ऋणीको विवरण

वीरेन्द्रनगर नगर कायपालिका, उद्योग विकास शाखा, सुर्खेत, ६ नं. प्रदेश, विरेन्द्रनगर नगर कार्यपालिका, उद्योग विकास शाखा, सुर्खेतमा प्रा.फ.नं.घ.उ.वि. ३४३५/०७४/०७५ अन्तर्गत मिति २०७४/०४/३१ मा दर्ता कायम भएको **पदम बहादुर खत्री बहुआयामिक उद्योग**
फर्म दर्ता ठेगाना : गुर्भाकोट न.पा. - ४, सुर्खेत
स्थायी लेखा नं. ६०६४२८९४७ मिति २०७४/०५/०४

प्रोप्राइटर : धनबहादुर खत्री
कर्जा शिर्षक : सवारी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

लाल कुमारी खत्री ना.प्र.नं. ६४३०४६/७६२ जारी मिति २०६३/११/१४ जि.प्र.का. सुर्खेत बाबुको नाम : दिप बहादुर बली पतिको नाम : धनबहादुर खत्री ससुराको नाम : भिम बहादुर खत्री स्थायी ठेगाना : सहारे - ६, सुर्खेत	**धनबहादुर खत्री** ना.प्र.नं. ७७९९३ जारी मिति २०६३/०२/२८ जि.प्र.का. सुर्खेत बाबुको नाम : भिमबहादुर खत्री बाजेको नाम : पदम बहादुर खत्री स्थायी ठेगाना : सहारे - ६, सुर्खेत

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
Ashok Leyland Dost Strong	BHE 1 CHA 3012	2017	MB1AA22E1HRX77549	XHH033134P

हेटौंडा बैंक रोड शाखा, मकवानपुर

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्राझाभेट फर्म दर्ता नं. ९५४५/२३४/२०७२/२ अन्तर्गत मिति २०७२/०८/२१ मा दर्ता कायम भएको **घलान कंक्रिट उद्योग**
फर्म दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. ०८, मकवानपुर
स्थायी लेखा नं. ६०३७३७७९६ मिति २०७२/०८/२५
संचालक/प्रोप्राइटर : सोम बहादुर घलान
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा

२. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४४३०६/०७७/०७८ अन्तर्गत मिति २०७७/०६/२० मा दर्ता कायम भएको **रेड राईजिङ्ग निर्माण सेवा प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. वडा नं. ०८, मकवानपुर
स्थायी लेखा नं. ६०९८२०२६९ मिति २०७७/०८/१०
संचालक : सोम बहादुर घलान
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सोम बहादुर घलान ना.प्र.नं. २३/२६५ जारी मिति २०५७/१०/१५, जि.प्र.का. मकवानपुर बाबुको नाम : मरिपनी घलान बाजेको नाम : जग सिं घलान स्थायी ठेगाना : हेटौंडा - ८, मकवानपुर	**आशा घलान** ना.प्र.नं. ३१३०२३/१३९२ख जारी मिति २०६३/११/०९, जि.प्र.का. मकवानपुर बाबुको नाम : काली बहादुर तामाङ पतिको नाम : सोम बहादुर घलान ससुराको नाम : मरिपनी घलान स्थायी ठेगाना : हेटौंडा न.पा. - ८, मकवानपुर

धितोको विवरण

घर/जग्गाको विवरण

जग सिं घलानको नाती, मरिपनी घलानको छोरा, सोम बहादुर घलान र काली बहादुर तामाङको छोरी, मरिपनी घलानको बुहारी, सोम बहादुर घलान पत्नि, आशा घलानका संयुक्त नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं ८ स्थित कित्ता नं. ८८३३ को क्षेत्रफल ०-३-४.५०-० विगाहा को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

सवारी साधनको विवरण (ऋणी रेड राईजिङ्ग निर्माण सेवा प्रा.लि का लागि मात्र)

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
Excavator DX225LCA	NA 2 KA 647	2019	DB58TIS936589EN	DHKCEBACCK0022205

नोट : यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको कब्जामा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

तुल्सीपुर शाखा, दाङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, दाङ्गमा प्रा.फ.दर्ता नं. १०४३०/७४७ अन्तर्गत मिति २०७३/११/१८ मा दर्ता कायम भएको **आर.के.आर फ्रुटस सप्लायर्स** फर्म दर्ता ठेगाना : घोराही उ.म.न.पा. वडा नं. १५, दाङ्ग स्थायी लेखा नं. ६०६३३४९०३ मिति २०७४/०४/१८ **प्रोप्राइटर : राजिव राजगुरु** ना.प्र.नं.१/७/४१२४५ जारी मिति २०६३/०७/२१ जि.प्र.का. दाड बाबुको नाम : नोम बहादुर राजगुरु बाजेको नाम : गौरीलाल राजगुरु स्थायी ठेगाना : डाडागाँउ - ०१, सल्यान हालको ठेगाना : तुलसीपुर - १७, मानपुर, दाङ्ग **कर्जा शिर्षक : ओभरड्राफ्ट , डिमाण्ड तथा आवधिक कर्जा**	**चित्रा राजगुरु** ना.प्र.नं. ५२२०२६।३४२४ जारी मिति २०६९/१२/२० जि.प्र.का. दाङ्ग बाबुको नाम : ओपेन्द्र खड्का पतिको नाम : राजिव राजगुरु ससुराको नाम : नोम बहादुर राजगुरु स्थायी ठेगाना : मानपुर - ६, दाङ्ग

धितोको विवरण

घर/जग्गाको विवरण

गौरीलाल राजगुरुको नाती, नोम बहादुर राजगुरुको छोरा, राजिव राजगुरुको नाममा मालपोत कार्यालय घोराही, दाडमा दर्ता श्रेष्ता कायम रहेको दाड जिल्ला, नारायणपुर गा.वि.स./न.पा. वडा नं ५ क स्थित कित्ता नं. १७९३ को क्षेत्रफल १०२.८५ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जुम्ला शाखा, जुम्ला

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नरेश ब. शाही ना.प्र.नं. ६७२००१/९७१२ जारी मिति २०६५/१२/१४ जि.प्र.का. कैलाली बाबुको नाम : मन ब. शाही बाजेको नाम : कालु शाही स्थायी ठेगाना : सुगरखाल - ९,कैलाली **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**पदमा देवी शाही** ना.प्र.नं. ६७२००१/११८३९ जारी मिति २०६६/०३/२२ जि.प्र.का. कैलाली बाबुको नाम : अर्जुने बुढा पतिको नाम : नरेश बहादुर शाही ससुराको नाम : मन ब. शाही स्थायी ठेगाना : सुगरखाल - ९,कैलाली

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	च्यासिस नं.	इन्जिन नं.
Mahindra Bolero camper SC XL 4WD	LU 1 CHA 7742	2016	MA1ZC4GHKG1B25442	GHG1B17657

धनगढी मेनरोड शाखा, कैलाली

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग, वाणिज्य कार्यालय, धनगढी कैलालीमा प्रा.फ.र.न. १२९१०/०६५/०६६ अन्तर्गत मिति २०६५/०४/२६ मा दर्ता कायम भएको **न्यू भद्रकाली सप्लायर्स सेन्टर**
फर्म दर्ता ठेगाना : धनगढी न.पा. - ०२, कैलाली
स्थायी लेखा नं. ३०२९०७५८२ मिति २०६५/०४/२९
प्रोप्राईटर : प्रेम राज जोशी
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा फोर्स कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

यशोदा जोशी ना.प्र.नं. ६८१०२५/७६/६६५ जारी मिति २०६५/०३/०१ जि.प्र.का. डोटी बाबुको नाम : हरिकृष्ण जोशी पतिको नाम : प्रेम राज जोशी ससुराको नाम : काशीराम जोशी स्थायी ठेगाना : पचनाली - १३, डोटी	**प्रेम राज जोशी** ना.प्र.नं. २६२५/१/१२७/०३६ जारी मिति २०४९/०९/१९ जि.प्र.का. कैलाली बाबुको नाम : काशीराम जोशी बाजेको नाम : भवनाथ जोशी स्थायी ठेगाना : धनगढी - ०२, कैलाली

धितोको विवरण

जग्गाको विवरण

भवनाथ जोशीको नाती, काशीराम जोशीको छोरा, प्रेम राज जोशीको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं २ स्थित कित्ता नं. ६७४ को क्षेत्रफल ५६६.०० व.मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणवाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिक



दसैँको अवसरमा जाउलाखेलमा जुत्ता मेला

निःशुल्क प्रवेश पाइने मेलामा नयाँ डिजाइनका जुत्ता-चप्पल उपलब्ध, २० देखि ५० प्रतिशतसम्म छुट

दसैँको अवसर पारेर ललितपुरको जाउलाखेल मैदानमा 'बडादसैँ जुत्ता-चप्पल मेला' सुरु भएको छ। बिहीबारदेखि सुरु भएको 'जाउलाखेल जुत्ता-चप्पल दसैँ महोत्सव २०८०' नामक मेलामा अवलोकनकर्ता एवं उपभोक्ताको उपस्थिति उल्लेखनीय देखिएको छ।

चाडपर्वका अवसरमा जुत्ता-चप्पल खरिद गर्ने उपभोक्तालाई लक्षित गरी नयाँ-नयाँ डिजाइनका जुत्ता-चप्पल सुपथ मूल्यमा उपलब्ध गराउन भन्दै 'बडादसैँ जुत्ता-चप्पल मेला' आयोजना गरिएको फुटवेयर्स म्यानुफ्याक्चर्स एसोसिएसनका अध्यक्ष एवं फर्स्ट वाक सुजका प्रबन्ध निर्देशक नानीराज धिमिरेले बताए। आगामी ३ कात्तिकसम्म चल्ने मेलामा ३ हजारभन्दा बढी मोडेल र डिजाइनका जुत्ता-चप्पल १५ देखि ६५ प्रतिशतसम्म छुटमा उपलब्ध हुने उनले बताए।

मेलामा नेपालका जुत्ता-चप्पल ब्रान्डहरू रोयल सुज, बिएफ डियर हिल, बिएफ स्पोर्ट, क्रसरोड सुज, फर्स्ट वाक सुज, सिल, हाइलाइफ, केटिएम, डिजे सुज, बेली सुज, उत्सव र कोसेली सुज गरी ११ कम्पनी र ब्रान्डको सहभागिता रहेको छ। मेलामा तीन हजारभन्दा बढी मोडेल र डिजाइनका जुत्ता उपलब्ध रहेको आयोजकले जनाएको छ। मेलाको अवसर पारेर विभिन्न ब्रान्डले आफ्ना नयाँ उत्पादन लन्चसमेत गरेका छन्।

मेलामा दुई वर्षदेखि सबै उमेरसमूहलाई मिल्ने जुत्ता, चप्पल र स्यान्डल छन्। फर्मल, स्पोर्टस्, क्याजुअल, स्कुल-कलेजदेखि पार्टीसुजसम्म मेलामा राखिएको छ। मेलामा २० देखि ५० प्रतिशतसम्म विशेष छुटको समेत व्यवस्था गरिएको एसोसिएसनका पूर्वअध्यक्ष एवं बिएफ डियर हिल सुजका अध्यक्ष होमनाथ उपाध्यायले बताए। निःशुल्क प्रवेशको व्यवस्था गरिएको मेला बिहान ९ देखि साँझ ५ बजेसम्म अवलोकन गर्न सकिने आयोजकले जनाएको छ।

'अहिले जुत्ता-चप्पल बजारमा पनि व्यापक मन्दी छ। यही मन्दीका कारण पनि दसैँको मुखमा मेला गर्नुपरेको हो। दसैँमा जुत्ता-चप्पल कारोबार पनि बढ्ने अपेक्षा छ,' उनले भने, 'बुधबारदेखि मेला सुरु भएको छ। आशा गरौँ, मेलाले जुत्ता-चप्पलको बजारलाई गुल्जार बनाइदिनेछ।'

यसअघि, गत जेठमा जाउलाखेल मैदानमा 'प्रथम ललितपुर जुत्ता-चप्पल मेला-२०८०' आयोजना गरिएको थियो। 'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मुख्य नारासहित ललितपुरमा आयोजित पहिलो जुत्ता मेला सफल भएपछि दसैँलाई लक्षित गरेर दोस्रोपटक मेला आयोजना गरिएको उनीहरूले बताए। 'जेठमा आयोजित मेलामा औसत दैनिक ५ हजार अवलोकनकर्ता तथा उपभोक्ताको सहभागिता रहेको थियो,' उनले भने, 'दसैँको वेला भएकाले अहिले सहभागी संख्या अझ बढ्ने हाम्रो अपेक्षा छ।'

नेपाली जुत्ता लगाउन प्रोत्साहन गर्न महोत्सव गरेका हौँ



● नानि राज घिमिरे, **केन्द्रीय सदस्य एफएनसिसिआई तथा अध्यक्ष, फुटवेयर म्यानुफ्याक्चर्स एसोसिएसन अफ नेपाल तथा प्रबन्ध निर्देशक, फर्स्ट वाक सुज**

'नेपाली उत्पादनको प्रवर्द्धन, हाम्रो अभियान' भन्ने नारासहित ललितपुरको जावलाखेल फुटबल मैदानमा 'जावलाखेल जुत्ता-चप्पल दसैँ महोत्सव' सुरु भएको छ। कोभिडपछि मन्दीको प्रभावमा परेको जुत्ता-चप्पल व्यापारलाई चलायमान बनाउने उद्देश्यसहित दसैँको मुखमा मेला आयोजना गरेका हौँ। उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष कारोबार हुने लक्ष्यसहित गत वर्षदेखि जावलाखेलमा मेला आयोजना गर्न थालेका हौँ।

अहिले लघु, साना, मझौला तथा ठूला गरी देशमा १५ सयभन्दा बढी जुत्ता-चप्पल उद्योग छन्। जसको वार्षिक कुल उत्पादन क्षमता १६ करोड जोर रहेको छ। तर, हाम्रो आन्तरिक बजारको माग वार्षिक करिब १० करोड जोर रहेको अध्ययनले देखाएको छ। अहिले नेपाली उत्पादन वार्षिक ६ देखि साढे ६ करोड जोर मात्रै बजारमा गइरहेको छ। बाँकी जुत्ता-चप्पलहरू दक्षिणी खुला सिमानाको दुरुपयोग गरी चोरी-पैठारीमार्फत भित्रिन्छ भने केही कानुनी बाटो हुँदै न्यून मूल्यांकनमा समेत परिपूर्ति हुने गरेको छ।

हामीले ग्राहकलाई नेपाली जुत्ता लगाउन प्रोत्साहन गर्न मेला महोत्सव गर्दै आइरहेका छौँ। जुन मेला देशैभर गर्नु आवश्यक पनि छ। काठमाडौँबाहिर पनि यस्ता मेला आयोजना हुन थालेका छन्। डिलरले बढी नाफाको लालचमा नेपाली उत्पादन बिक्री गर्ने नचाहने र बिक्री गर्दा पनि नयाँ ब्रान्डलाई नेपाली भनेर बिक्री नगर्ने प्रवृत्ति छ। त्यसैले पनि हामी सीधै उपभोक्तासँग जोडिएर नेपाली वस्तुको प्रवर्द्धन गर्न खोजेका हौँ। नेपाली उत्पादनको प्रवर्द्धन तथा प्रचारप्रसार गर्नका लागि विगतदेखि नै यस्ता मेला महोत्सव आयोजना हुँदै आएका छन्।

मेरो आफ्नै ब्रान्ड 'फर्स्ट वाक' पनि मेलामा सहभागी छ। हाम्रो स्टलमा धेरै प्रकारका आधुनिक डिजाइनका रनिङ सुज, स्पोर्टस् सुज, वयस्कदेखि बच्चा साइजका जुत्ताहरूमा १५ देखि ५० प्रतिशत छुटमा उपलब्ध छन्। यो मेला असोज १० देखि कात्तिक ३ गतेसम्म चल्ने छ भने फर्स्ट वाकका जुत्ताहरू काठमाडौँ, चितवन, बुटवल, जनकपुरलगायत देशैभरका विभिन्न बिक्रीकक्षमार्फत उपलब्ध छन्।

चलेका मोडेलमै १५ देखि ५० प्रतिशतसम्म छुट दिएका छौँ



● होमनाथ उपाध्याय, **पूर्वअध्यक्ष फुटवेयर म्यानुफ्याक्चर्स एसोसिएसन अध्यक्ष, बिएफ डियर हिल सुज**

यसपटक मेलामा विभिन्न ११ ब्रान्ड सहभागी छन्। जसमध्ये बिएफ डियर हिल सुज पनि एक हो। हाम्रा साढे दुई सयभन्दा बढी मोडेलका जुत्ता-चप्पल उपलब्ध छन्। मेलामा उपभोक्ताले १५ देखि ५० प्रतिशतसम्म छुटमा बिएफ डियर हिलका जुत्ता-चप्पल खरिद गर्न सक्नुहुनेछ।

हामीले 'न्यु अराइभल' र चलेका मोडेलमा १५ प्रतिशतदेखि ५० प्रतिशतसम्म छुट दिएका छौँ। हामी मेलामार्फत सीधै ग्राहकसँग पुग्छौँ। हाम्रा उत्पादनको ब्रान्डिङका लागि गरिएको यो स्पेसल छुट अफर हो। उत्पादक सीधै उपभोक्तासँग पुग्ने हुँदा बीचमा डिलरलगायत दुई-तीन तहमा छुट्याउनुपर्ने मार्जिनलाई हामीले मेलामा डिस्काउन्ट दिएका हौँ। सीधै उपभोक्तासँग पुग्दा उत्पादकको बीचको खर्च पनि जोगिने हुन्छ।

खासमा मेला महोत्सव भनेको आफ्नो उत्पादन टेस्टिङ गराउने पनि हो। त्यसैले पनि विशेष छुटमार्फत उपभोक्तालाई जुत्ता टेस्ट गराउन लागेको भन्दा पनि हुन्छ। मेलामा बिएफ डियर हिलका सबै प्रकारका जुत्ता-चप्पल उपलब्ध छन्। हामीसँग स्पोर्टस्, क्याजुअल, फर्मल, किड्स, इभिए चप्पल-स्यान्डिल, लेदरका स्यान्डिललगायत उत्पादन छन्। बिएफ डियर हिल सुज २२ वर्ष पुरानो ब्रान्ड हो, जसले उपभोक्तामाझ आफ्नो छुट्टै परिचय बनाइसकेको छ।

अहिले जुत्ता-चप्पल बजारमा पनि व्यापक मन्दी छ। यही मन्दीका कारण पनि दसैँको मुखमा मेला गर्नुपरेको हो। दसैँमा जुत्ता-चप्पल कारोबार पनि बढ्ने अपेक्षा छ। हाम्रा डिलरहरू पनि अहिले मन्दीको प्रभावमा छन्। जसले गर्दा पनि उत्पादक प्रत्यक्ष ग्राहकसँग पुग्नु जरुरी देखिएको छ। बुधबारदेखि मेला सुरु भएको छ। आशा गरौँ, मेलाले जुत्ता-चप्पलको बजारलाई गुल्जार बनाइदिनेछ।

नयाँमा १५ प्रतिशत र स्टक क्लियरेन्समा ५० प्रतिशत छुट छ

रोयल फुटवेयर इन्डस्ट्रिज नेपालको उत्कृष्ट जुत्ता कम्पनीमा पर्छ। ०६७ सालमा हामीले यो कम्पनी स्थापना गरेका हौँ। यसको कर्पोरेट कार्यालय काठमाडौँको न्युरोडमा छ। कारखाना पनि काठमाडौँमा नै छ। हामीले बच्चा, युवादेखि वृद्धसम्मका लागि जुत्ता-चप्पल उत्पादन गर्छौँ। हामीकहाँ पार्टीवेयरदेखि लिएर स्पोर्टस्लगायत सबै खालका जुत्ता पाइन्छ। हाम्रो मुख्य विशेषता भनेको टिकाउ हो। हाम्रो कम्पनीले उत्पादन गरेको जुत्ता लगाउन अति नै सहज हुने खालको छ। ७०० देखि लिएर साढे ६ हजार मूल्यसम्मका जुत्ता उपलब्ध छन्। अहिले जुत्ता मेलाको अवसरमा हामीले नयाँ उत्पादनमा १५ प्रतिशत र स्टक क्लियरेन्समा राखिएका जुत्ता ५० प्रतिशतसम्म छुटमा दिएका छौँ। नेपालमा जुत्ता कम्पनीको सम्भावना भए पनि सरकारी नीतिका कारण सबै व्यवसाय धराशायी बनेका छन्। अहिले सरकारले कच्चा पदार्थको मूल्य बढाइदिएको छ। त्यस्तै, चीन र भारतमा पनि कच्चा पदार्थको मूल्य बढेको छ। साथै, बैंकको ब्याज बढेको छ। तर, ग्राहकसँग क्रयशक्ति भने कम छ। इकोनोमिक क्राइसिसले अहिले ६० प्रतिशत बजार खस्केको छ। हामीले सरकारसँग आफ्ना समस्या राखेका छौँ। तर, सरकारले भने यसलाई बेवास्ता गर्दै आएको छ।



● भीमलाल पौडेल
कार्यकारी अध्यक्ष
रोयल फुटवेयर इन्डस्ट्रिज



● रागव बिहानी
उत्सव सुज

आर्थिक मन्दीले बजार छैन, मेलाले हौसला दिएको छ

उत्सव सुज उत्पादन गरेको १५ वर्ष पूरा भएको छ। पछिल्लो समय हामीले दैनिक तीन हजार जोर जुत्ता र चप्पल उत्पादन गर्दै आइरहेका छौँ। दसैँपछि उपभोक्तामा माग बढ्ने हुनाले पाँच हजार पुऱ्याउने लक्ष्य छ। केही वर्षदेखि व्यापार घटेको छ। सरकारले ल्याएको मौद्रिक नीतिलगायत विभिन्न कारणले बजारको अवस्था सन्तोषजनक हुन सकेको छैन। यो ललितपुरमा हामीले पहिलोपटक मेलाको आयोजना गरेका हौँ। त्यसैले बजारमा थप पहिचान बनाउन आवश्यक रहेको महसुस भएको छ। मेलामा स्टल नम्बर ६ बाट उपभोक्तालाई सेवा दिइरहेका छौँ। मेलाका अवसरमा ३० देखि ५० प्रतिशत छुट दिएका छौँ भने प्रत्येक जुत्तालाई ६ महिनासम्मको ग्यारेन्टी दिएका छौँ। लेदरबाहेकका सबै स्पोर्टस् जुत्ता हामीकहाँ छन्।

उपभोक्ताको रोजाइलाई विशेष प्राथमिकता दिएका छौँ

यसपटक दसैँ-तिहार नजिक आएकाले उपभोक्ताको रोजाइ र चाहनालाई विशेष प्राथमिकता दिएको छु। लेदरका सबै प्रकारका सुज, पार्टीसुज, क्याजुअल सुज हाम्रो स्टल नम्बर २ मा उपलब्ध छन्। विशेषगरी, अहिलेका युवापुस्ताको रोजाइमा पर्ने जुत्ता कोसेली सुजको विशेषत हो। मेलामा ५०० देखि ५ हजार रुपैयाँसम्मका जुत्ता यहाँ पाइन्छन्। मेलालाई ध्यानमा राख्दै २० प्रतिशत छुटदेखि ६ महिनासम्ममको वारेन्टी दिएका छौँ।



● रविनकुमार श्रेष्ठ
कोसेली सुज



● प्रमोद महतो, **प्रबन्ध निर्देशक, सम्राट सुज प्रालि (केटिएम सुज)**

साढे तीन सय भेराइटीका जुत्ता छन्

हामीसँग साढे तीन सय भेराइटीका जुत्ता छन्। केटिएम सुज बढी पार्टीसुज र बुटमा केन्द्रित छ। उच्च गुणस्तरका जुत्ता हामीकहाँ उपलब्ध छन्। हामीले ६० प्रतिशत युवावर्गलाई लक्षित गरी उत्पादन गरेका छौँ। १ हजार ५ सय रुपैयाँबाट सुरु भएर चार हजार रुपैयाँसम्मका जुत्ता पाइन्छन्। अहिले अर्थतन्त्रको अवस्था कमजोर भए पनि स्वदेशी जुत्ताको बजार राम्रो छ, बाहिरबाट चोरीपैठारीको जुत्ता नियन्त्रण भइरहेकाले पनि होला। विदेशी जुत्ता बाहिर हेर्दा राम्रो हुन्छ, तर टिकाउ हुँदैन। हाम्रो जुत्ता १०० प्रतिशत गुणस्तरीय छन्। ग्राहकले हाम्रो स्टल नम्बर ३ मा भिजिट गरी आफ्नो रोजाइअनुसार जुत्ता खरिद गर्न सक्नुहुनेछ।

सबै उमेरसमूहलाई मिल्ने जुत्ता छन्



● कृष्णकुमार फुयाँल
लालीगुराँस फुटवेयर (क्रस रोड)

हाम्रो जुत्ता प्रदर्शनी ६ नम्बर स्टलमा रहेको छ। क्रस रोड ब्रान्डका चार सय हाराहारीका फरक डिजाइनका जुत्ता उपलब्ध छन्। सबैखालको साइजका जुत्ता यहाँ पाइन्छ। बालबालिका, वयष्क, ज्येष्ठ नागरिक सबै उमेरसमूहलाई मिल्ने जुत्ता यहाँ उपलब्ध छन्। न्यूनतम पाँच सयदेखि चार हजार रुपैयाँसम्मका जुत्ता पाइन्छन्। पछिल्लो समय स्वदेशी जुत्ता नै उपभोक्ताले रुचाएको देखिन्छ। नेपाली जुत्ताचप्पल चिनाउन मेला एउटा माध्यम हो। नेपालमा कस्ता खालका जुत्ता बन्छन् भनेर मेलामै हेरेर ग्राहकले थाहा पाउने हुन्। पसलले विदेशी जुत्ता बढी राख्ने गर्छन्। स्वदेशी जुत्ताको प्रयोग गर्नुपर्छ भन्ने सोच नेपालीमा विकास गर्ने मेलामहोत्सवको उद्देश्य हो। स्वदेशी उत्पादनलाई प्रोत्साहन नगर्ने हो भने उद्योगधन्दा कलकारखाना बन्द हुन्छन् र रोजगारीसमेत गुम्न जान्छ।

१५ देखि ५० प्रतिशतसम्म छुट दिएका छौँ

हाम्रो कम्पनी ०६१ सालमा स्थापना भएको हो। विराटनगरमा नै यसको कारखाना छ। हामी महिला, पुरुष तथा बच्चाका लागि सबै साइजका जुत्ता-चप्पल उत्पादन गर्छौँ। साथै, विवाह, पार्टी, दैनिक प्रयोग हुने, अफिसियल प्रयोगका लागि, विद्यालय तथा सामान्य हिँडडुल गर्दा लगाउन मिल्ने खालका जुत्ता-चप्पल उत्पादन गर्दै आएका छौँ। हाम्रो कम्पनीको विशेषता भनेको टिकाउ हो। जुत्ता-चप्पल उत्पादनका लागि इभिए र पियू नामक केमिकलको प्रयोग गरिन्छ। यी केमिकल नेपालमा पाइँदैन। त्यसैले हामीले चीन र कोरियाबाट आयात गर्छौँ। हाम्रो कम्पनीमा अहिले २०० जति कामदार छन्। हामी ७० रुपैयाँ पर्नेदेखि लिएर १८ सयसम्म पर्ने जुत्ता-चप्पल उत्पादन गर्छौँ।



● विनय चौधरी, **सुरबी पोलिमर्स प्राइभेट लिमिटेड**

दुई सय डिजाइनका जुत्ता-चप्पल छन्



● दिवाकर गिरी, **प्रबन्ध-निर्देशक नमस्ते फुटवेयर प्रालि (सिल्स)**

सिल्स ब्रान्डको जुत्ता बढी ट्रेकिङमा केन्द्रित छ। दसैँतिहारको बिदामा घुम्न जाने योजनामा रहेकाहरूका लागि हाम्रो जुत्ता बढी उपयोगी छन्। मनाङ, मुस्ताङ जाने ट्रेन्ड चलिरहेका वेलामा हाम्रो स्टलमा बढी उपयोगी जुत्ता पाइन्छन्। त्यसबाहेक प्लास्टिक, पार्टीसुजलगायत अन्य डिजाइनका जुत्ता पनि छन्। हाम्रोमा २०० जति फरक डिजाइनका जुत्ता छन्। ग्राहकले स्टल नम्बर १० मा आएर खरिद गर्न सक्नुहुन्छ। जुत्तामा पनि बढी युवापुस्तालाई केन्द्रित गरेका छौँ। न्यूनतम ८ सय रुपैयाँदेखि ९ हजार पाँच सय रुपैयाँका जुत्ता पाइन्छन्। प्रत्येक जुत्तामा १५ देखि ५० प्रतिशतसम्म छुट दिइएको छ। नेपाली जुत्ताको गुणस्तर राम्रो छ। चिनियाँ ब्रान्डका जुत्ताको भर हुँदैन। विदेशी जुत्ता औँसीमा लगाएको पूर्णिमासम्ममा नटिक्ने गरेको ग्राहककै गुनासो सुनिन्छ। स्वदेशी जुत्ता ६ महिनासम्म वारेन्टी दिइएकोमा पाँच वर्षसम्म टिक्ने खालका हुन्छन्।

सस्तोमा जुत्ता दिइरहेका छौँ



● रजिया बेगम मियाँ
सञ्चालक, डिजे कलेक्सन

हामीले मेलाको सामान्य खर्च मात्रै जोडेर सस्तो मूल्यमा जुत्ता बिक्रीमा राखेका छौँ। हाम्रो उद्देश्य जुत्ता-चप्पल बेचेर नाफा आर्जन गर्नेभन्दा पनि स्वदेशी उत्पादनको प्रचार होस् भन्ने हो। नेपाली जुत्ता पनि राम्रो हुँदोरहेछ भन्ने सबैले बुझ्नून्। हामीकहाँ सबै भेराइटीका जुत्ता छन्। बजारमा १५ सय रुपैयाँसम्म पर्ने जुत्ताको मूल्य एक हजार राखेका छौँ। त्यस्तै, १ हजार रुपैयाँ पर्ने जुत्ता पाँच सयमा दिइरहेका छौँ। विगतमा यस्ता मेला गर्दा ग्राहकबाट राम्रो प्रतिक्रिया आएको थियो।

६५ प्रतिशतसम्म छुट दिएका छौँ



● कमलेश सरावगी
बेले सुज

बेली सुजको उत्पादन सुरु गरेको ०७८ सालबाट हो। अहिले हामीले दैनिक सय जोर चप्पल उत्पादन गर्दै आइरहेका छौँ। पछिल्लो समय देखिएको आर्थिक मन्दीले बजार सुस्त छ। यही मेलाबाट केही कारोबार गर्न सकिन्छ कि भन्ने अपेक्षा छ। मेलामा हामीले एक नम्बर स्टलबाट सेवा दिँदै आइरहेका छौँ। हामीसँग अहिले लेडिजका लागि विशेषगरी हिल, स्यान्डल, पार्टी स्यान्डिललगायतका ब्रान्ड छन्। मूल्यका हिसाबले हामीकहाँ १ हजारदेखि ५ हजार रुपैयाँसम्मका छन्। आउँदै गरेको नेपालीहरूको पर्व दसैँ र तिहारको अवसर पारी ५० देखि ६५ प्रतिशतसम्म छुट दिएका छौँ। गुणस्तरका हिसाबले हामी अहिलेसम्म अब्बल छौँ। उपभोक्ताबाट कुनै गुनासो आएको छैन।

FIRST WALK SHOES · belle SHOES · BF DEARHILL · crossroad SHOES · ROYAL SHOES · DJ COLLECTION · SEALS Premium Quality Shoes · KTM Shoes · Coseli · Utsav · hilife SHOES & SLIPPERS

विज्ञापन

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १२ असोज ०८०

अन्तर्राष्ट्रिय उडान ८५ प्रतिशत 'रिकभर'

कोभिडपछि आन्तरिक उडानतर्फ 'फ्लाइट मुभमेन्ट' र यात्रु संख्यामा उत्साहप्रद वृद्धि

नवीन अर्याल/नयाँ पत्रिका



विश्वव्यापी फैलिएको कोभिड महामारीले अवरुद्ध बनेको नेपालको अन्तर्राष्ट्रिय हवाई सम्पर्क करिब लयमा फर्किएको छ। कोभिडअघि सन् २०१९ को तुलनामा अहिले अन्तर्राष्ट्रिय 'फ्लाइट मुभमेन्ट' र यात्रु संख्या करिब ८५-९० प्रतिशतसम्म 'रिकभर' भइसकेको त्रिभुवन विमानस्थल कार्यालयको आँकडाले देखाउँछ। आन्तरिकर्फ भने 'फ्लाइट मुभमेन्ट' र यात्रुको संख्यामा उत्साहप्रद वृद्धि भएको छ।

सन् २०२० को सुरुवातमै चीनबाट विश्वव्यापी फैलिन थालेको कोभिड भाइरस मार्चतिर नेपाल भित्रिसकेकेको थियो। कोभिड संक्रमण फैलिन नदिन भन्दै ११ चैत ०७६ देखि नेपालमा पनि लकडाउन घोषणा गरियो। त्यसपछि नेपालको विश्वभर नियमित (राहत तथा उद्धारबाहेक) हवाई सम्पर्क टुटेको थियो। कोभिडअघि नेपालमा उडान गर्ने अधिकांश अन्तर्राष्ट्रिय वायुसेवाले अहिले उडान सुचारु गरिसकेको त्रिभुवन विमानस्थलका महाप्रबन्धक प्रताप तिवारीले बताए।

सन् २०१९ मा चार्टरसहित विभिन्न देशका ३६ भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाले नेपालमा उडान गर्न थालेका थिए। महामारी कम हुँदै गएपछि अगस्ट २०२३ मा नेपाल उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या ३४ नाघिसकेको छ। अन्तर्राष्ट्रिय यात्रु संख्या सन् २०१९ मा ४१ लाख ३९ हजार रहेकोमा सन् २०२३ को पहिलो आठ महिनामा साढे २८ लाख पुगेको छ। 'कोभिडअघि आन्तरिक र अन्तर्राष्ट्रिय गरी सवा ७३ लाख यात्रु पुगेका थिए, यो वर्ष ८५ लाख पुग्ने अनुमान छ,' महाप्रबन्धक तिवारीले भने, 'फ्लाइट मुभमेन्ट र यात्रुहरूको संख्या बढ्दो ट्रेन्डमा छ, अन्तर्राष्ट्रिय वायुसेवाले पनि बिस्तारै उडान बढाउँदै लगिरहेका छन्।'

नेपालमा उडान सुचारु गरे पनि कतिपय अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले अझै पुरानै संख्यामा उडान पुऱ्याएका छैनन्। खासगरी चिनियाँ वायुसेवा कम्पनीले अझै उडान फ्रिक्वेन्सी नबढाएको महाप्रबन्धक तिवारीले बताए। अहिले चीनबाट एयर चाइना, चाइना साउदर्न, चाइना इस्टर्न, सिचुवान र टिबेट एयरलाइन्सले नेपाल उडान थालेका छन्। यस्तै, नेपालकै निजी वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले पनि चीनका विभिन्न सहरमा उडान सुरु गरेको छ। उनले भने, 'तर, चिनियाँ वायुसेवाले कोभिडअघिकै संख्यामा उडान भने पुऱ्याइसकेका छैनन्।'

कोभिडअघि चीनबाट दैनिक ८-१० वटासम्म उडान हुने गर्थे। अहिले दैनिक तीन-चारवटा मात्र चीन-नेपाल उडान भइरहेका छन्। महामारीपछि चीनले सीमित मात्रामा अन्तर्राष्ट्रिय उडान खुला गरेको छ। कोभिडअघि काठमाडौंबाट चीनका विभिन्न सहर हुँदै युरोप अमेरिकासम्म कनेक्टिङ फ्लाइट हुन्थ्यो। जसले गर्दा हवाई भाडा पनि तुलनात्मक रूपमा सस्तो हुने गर्थ्यो। अहिले चिनियाँ उडान कम हुँदा अन्तर्राष्ट्रिय हवाई भाडासमेत महँगो भएको ट्राभल व्यवसायीको भनाइ छ।

नेपालमा सबैभन्दा धेरै अन्तर्राष्ट्रिय उडान हुने भारतबाट हो। भारततर्फको फ्लाइट मुभमेन्ट र यात्रु संख्या करिब पुरानै अवस्थामा फर्किसकेको त्रिभुवन विमानस्थलको तथ्यांकले देखाउँछ। भारतबाट एयर इन्डिया, इन्डिगो र भिस्टारा एयरलाइन्सले नेपालमा उडान गर्छन् भने नेपालबाट राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम र बुद्ध एयरले नियमित उडान गर्दै आएका छन्। अहिले भारतमा दैनिक १३ वटा उडान हुँदै आइरहेको छ, जसमध्ये १० उडान नयाँदिल्लीमा मात्रै हुन्छन्।

एयर इन्डियाले कोलकाता-काठमाडौं र इन्डिगोले मुम्बई-काठमाडौं पनि उडान गरिरहेका छन्। यस्तै, निगमले सातामा तीन-तीन दिन मुम्बई तथा बैंग्लोर र बुद्ध एयरले सातामा तीन दिन काठमाडौं-वाराणसी उडान गर्छ। एयर इन्डिया र इन्डिगोले काठमाडौंमा दैनिक चार-चारवटासम्म उडान गर्दै आएका छन्।

दिनमै एयर अरेबियाले सारजाँह र अबुधाबीबाट दुईवटा, एयर इन्डियाले चारवटा, भुटान एयरलाइन्सले दुईवटा, फ्लाई दुबईले पाँचवटा, हिमालयले ६ वटा, इन्डिगोले चारवटा, कुवेत एयरवेजले दुईवटा, मलेसियन एयरलाइन्सले दुईवटा, कतार एयरवेजले चारवटा, नेपाल एयरलाइन्सले आठवटा उडान गरेको त्रिभुवन विमानस्थलको २५ सेप्टेम्बरको दैनिक फ्लाइट मुभमेन्ट सेड्युलले देखाउँछ। यस्तै, टाटा एसिया एयरलाइन्स (भिस्टारा)ले पनि दैनिक दुईवटा दिल्ली-काठमाडौं उडान गर्ने अनुमति पाएको छ।

अहिले कोरियन एयरले सातामा चारवटा उडान गर्छ। विमान बंगलादेश, ड्रुक एयर, सिचुवान एयर, एयर चाइना, चाइना साउदर्न, बुद्ध एयर, जजिरा, सलाम, सिचुवान, सिंगापुर, श्रीलंकन, थाई स्माइल, टर्किस, इत्तिहाद, क्याथे ड्रागन, जेट एयरवेज, मालिन्दो, सिल्क, टिबेट, थाई एयरवेजलगायतले नेपालमा उडान गर्छन्।

साथै, जजिरा एयरवेज र नेपाल एयरलाइन्सले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट पनि उडान गर्छन्। पछिल्लो समय भैरहवामा रोकिएको जजिराको उडान छिट्टै सुचारु हुने बताइएको छ। यस्तै, पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडानका लागि भुटानको ड्रुक एयरले तयारी थालिसकेको छ। पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल कोभिडपछि सञ्चालनमा आएका हुन्।

अन्तर्राष्ट्रिय उडान र यात्रु संख्या

नेपालको पर्यटन इतिहासमै सन् २०१९ मा अहिलेसम्मकै धेरै ११ लाख ९७ हजार पर्यटक नेपाल भ्रमणमा आएका थिए। उक्त वर्ष त्रिभुवन विमानस्थल भएर ४१ लाख ३९ हजार यात्रु स्वदेश तथा विदेशमा आवतजावत गरेको तथ्यांक छ, जुन यात्रु बोक्न साढे ३२ हजार उडान-अवतरण भएका थिए। सो वर्ष २२ लाख २९ हजार यात्रु विभिन्न देशमाक गएका थिए भने १८ लाख ९३ हजार यात्रु नेपाल भित्रिएका थिए।

सन् २०२० मार्चदेखि नेपालमा कोभिड संक्रमण देखिन थालिसकेको थियो। सरकारले महामारी फैलिन नदिन भन्दै अन्तर्राष्ट्रिय उडान र यात्रुको आवतजावतमा समेत कडाइ गऱ्यो। सन् २०२० मा उडान-अवतरण १० हजार दुई सय ४६ र यात्रु संख्या ११ लाख पाँच हजारमा खुम्चियो। सन् २०२१ मा महामारी उत्कर्षमा पुगेको थियो, सो वर्ष ११ हजार सात सय ६० उडान-अवतरणमार्फत १४ लाख ७३ हजारले अन्तर्राष्ट्रिय यात्रा गरेका थिए।

महामारी कम हुँदै गएपछि अन्तर्राष्ट्रिय यात्रा पनि सहज हुँदै गयो। उडान रोकेका वायुसेवा कम्पनीले धमाधम उडान गर्न थाले। सन् २०२२ मा चार्टरसहित ३२ भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाले २४ हजार तीन सय १२ पटक उडान-अवतरण गरी ३४ लाख ८८ हजार यात्रुलाई सेवा दिएको त्रिभुवन विमानस्थलको तथ्यांक छ। सन् २०२३ को पहिलो आठ महिनामै फ्लाइट मुभमेन्ट २० हजार ३० र यात्रु संख्या २८ लाख ५१ हजार पुगेका छन्। अन्तर्राष्ट्रिय वायुसेवाको संख्या पनि ३४ नाघिसकेको छ।

आन्तरिक उडान पूरै रिकभर

बसमा घन्टौं यात्रा गर्दा कोभिडबाट संक्रमित हुने डरले यात्रुहरू जहाज चढ्न थालेपछि कोभिडपछि आन्तरिक यात्रुको वृद्धि उत्साहजनक देखियो। महामारीका कारण घटेको आन्तरिक उडान सन् २०२२ मै रिकभर भइसकेको छ। यात्रुमा कोभिड संक्रमित हुने भयसँगै खराब राजमार्गका कारण पनि हवाई यात्रा गर्ने ह्वात्तै बढेका हुन्। सडक विस्तार तथा स्तरोन्नतिको नाममा प्रमुख राजमार्गहरू भत्काउँदा काठमाडौंबाट पोखरा र बुटवल पुग्न १२ घन्टाभन्दा बढी लाग्ने गरेको छ। मुग्लिन-नारायणगढ सडकखण्ड पहिरोले अवरुद्ध भइरहँदा चार-पाँच घन्टामा बसमै यात्रा गर्न सकिने ठाउँमा पनि यात्रुले जहाज चढ्न थालेका छन्।

कोभिड सुरु हुनुअघि सन् २०१९ मा त्रिभुवन विमानस्थलबाट करिब ९२ हजार उडान-अवतरणमार्फत ३१ लाख ८८ हजार यात्रुहरूले आन्तरिक हवाई यात्रा गरेका थिए। जबकि, सन् २०२२ मा फ्लाइट मुभमेन्ट बढेर एक लाख आठ हजार र यात्रु संख्या ४४ लाख ६६ हजार पुगेको थियो।

सन् २०२३ को पहिलो आठ महिनामै त्रिभुवन विमानस्थल भएर आन्तरिक यात्रा गर्ने यात्रुको संख्या २६ लाख नौ हजार पुगेका छन्, जुन यात्रु बोक्न ६० हजार चार सय ३५ उडान-अवतण भएका छन्। यो संख्यामा मोफसलबाट हुने प्रादेशिक तथा स्टल उडानका यात्रु जोडिएका छैनन्। कोभिडपछि बुद्ध एयरले पोखरालाई बेस बनाएर धनगढी, नेपालगन्ज, भैरहवा, चितवन, सिमरा, जनकपुरलगायत गन्तव्यमा उडान गर्दै आइरहेको छ। यस्तै, तारा, सीता, समिटलगायत वायुसेवाले पोखरा, नेपालगन्ज, सुर्खेतलगायतबाट दुर्गाममा स्टल उडान गर्छन्।

सन् २०२३ को पहिलो आठ महिनामा त्रिभुवन विमानस्थलमा ३० हजार दुई सय २६ उडान र ३० हजार २०९ अवतरण भएका छन्। यो अवधिमा १२ लाख ९२ हजार यात्रु काठमाडौंबाट देशका विभिन्न गन्तव्यतर्फ लागेका छन् भने १३ लाख १७ हजार यात्रु जहाज चढेर काठमाडौं आएका छन्। यस वर्ष गुल्मीलगायतका केही विमानस्थलमा उडान सुरु भएको छ।

यस वर्ष हवाई यात्रु ८५ लाख पुग्ने अपेक्षा छ

● **प्रताप तिवारी**, महाप्रबन्धक, त्रिभुवन विमानस्थल



कोभिड महामारीअघि सन् २०१९ मा आन्तरिक र अन्तर्राष्ट्रिय गरी ७३ लाख २७ हजारभन्दा बढी यात्रुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यात्रा गरेका थिए। यो वर्ष ८५ लाख पुग्ने अनुमान छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

श्री र फिस्टेलका 'एएस३५०' हेलिकोप्टर उडानमा रोक

नयाँ पत्रिका

सोलुखुम्बुको खुम्बु क्षेत्रमा खराब मौसमको समयमा पनि उडान गरेर हवाई सुरक्षामा खेलबाड गरेको भन्दै नियमनकारी निकायले दुई हेलिकोप्टर कम्पनीको उडानमा रोक लगाएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले श्री र फिस्टेल एयरका 'एएस३५० बी३ई' हेलिकोप्टर उडाउन रोक लगाएको हो।

दुवै हेलिकोप्टर कम्पनीले भिजुअल फ्लाइट रुल्स (भिएफआर) उडानको नियम उल्लंघन गरेको क्यानले ठहर गरेको छ। लुक्लाभन्दा माथि रहेको एउटा हेलिप्याडबाट कुहिरोले ढाकेकै अवस्थामा हेलिकोप्टर उडान गरेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। 'वरिपरि कुहिरोले ढाकिरहेका वेलामा हेलिकोप्टर हेलिप्याडबाट टेकअफ गरेछन्, उड्न नसकेर ल्यान्ड गरेछन् र फेरि टेकअफ गरेछन्,' उनले भने, 'यो घटना अलि दिनअघिको हो, तर अहिले प्रमाणसहित रिपोर्ट आएपछि बिहीबारदेखि नै एएस३५० सिरिजका हेलिकोप्टर उडानमा रोक लगाएका हौं।'

भिएफआर उडान नियमअनुसार हेलिकोप्टरका लागि कम्तीमा १५ सय मिटर भिजिबिलिटी आवश्यक पर्छ। तर, श्री र फिस्टेल एयरका हेलिकोप्टर उडान गर्दा सय मिटर पनि भिजिबिलिटी नरहेको क्यानको जिकिर छ। 'यो गम्भीर प्रकृतिको लापरबाही हो, अर्को निर्णय नहुन्जेल दुवै कम्पनीका एएस३५० हेलिकोप्टर ग्राउन्डेड गरिएको छ,' भुलले भने, 'अब हामीले थप अनुसन्धान गरेर थप निर्णयमा पुग्नेछौं।'

क्यानले हवाई सुरक्षामा खेलबाड गर्ने वायुसेवा कम्पनी, पाइलट, ऋु मेम्बर, एटिसीलगायतलाई कारबाही गर्दै आएको छ।

एनआरएनए अध्यक्षमा आरके शर्माको उम्मेदवारी



काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)को आगामी कार्यकालका लागि कतारबाट राजेन्द्र कुमार (आरके) शर्माले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन्। कतारमा बुधबार एक कार्यक्रम आयोजना गरी उनले आफ्ना २४ बुँदे बाचापत्र सार्वजनिक गर्दै उम्मेदवारी घोषणा गरेका हुन्। 'गैरआवासीय नेपालीको अभियान : स्वदेशमा लगानी, प्रवासमा सम्मान' भन्ने नारा समेटेर उनले दुईवर्षे कार्यकालको योजना समेटेर बाचापत्र सार्वजनिक गरेका छन्। शर्मा संघका वर्तमान उपाध्यक्ष हुन्। शर्माले विदेशमा बस्ने नेपाली श्रमिकलाई सामूहिक लगानी कोषमा आबद्ध गराउने र श्रम बेचेर स्वदेश फर्किने नेपाली श्रमिकको भविष्य सुरक्षित गराउन विशेष भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे।

नेपालको बाग्लुङमा १३ मंसिर ०३८ मा जन्मिएका शर्मा २० वर्षअघि अर्थात् सन् २००३ मा कतार पुगेका थिए। एउटा निर्माण कम्पनीमा अकाउन्टेन्टका रूपमा जागिर सुरु गरेका शर्मा अहिले कतारमा एक सफल व्यवसायीका रूपमा चिनिन्छन्। ३० असोजदेखि २ कात्तिकसम्म हुने अधिवेशनमा शर्मासहित पाँचजना आकांक्षी देखिएका छन्। वर्तमान कार्यकारी अध्यक्ष डा. बद्री केसी, वर्तमान अध्यक्ष रबिना थापा, अर्का महेश श्रेष्ठ एवं उपमहासचिव विनय अधिकारी अध्यक्ष बन्न लागिपरेका छन्।

स्वदेश फर्किए अर्थमन्त्री डा. महत

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महत एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी)को बोर्ड अफ गभर्नर्सको आठौं बैठकमा सहभागी भएर फर्किएका छन्। उच्चस्तरीय बैठकमा अर्थमन्त्री डा. महतले नेपालजस्ता अल्पविकसित मुलुकका लागि सहुलियतपूर्ण वित्तीय सहायताले ठूलो अर्थ राख्ने भन्दै छुट्टै सहुलियतपूर्ण संयन्त्रको व्यवस्था गर्न नेपालले राखेको प्रस्तावमा सहमति जनाउन सबै सदस्य राष्ट्रलाई आह्वान गरे। इजिप्टको सार्म अल सेखमा आयोजित बैंकको बोर्ड अफ गभर्नर्सको बैठकमा बैंकका ८६ सदस्य राष्ट्रको सहभागिता थियो।

बैठकमा अर्थमन्त्री डा. महतले विश्व अर्थतन्त्रको स्थिरता, शून्य कार्बन उत्सर्जनतर्फको यात्रामा तीव्रता र निम्न तथा मध्यम आय भएका मुलुकको आर्थिक विकास, गरिबी निवारण एवं नागरिकको गुणस्तरयुक्त जीवनका लागि वित्तीय स्रोतमा पहुँच प्रमुख तीन चुनौती रहेको बताए।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.र.नं. १४१०/०६७/६८ अन्तर्गत मिति २०६७/०६/०५ मा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ४ स्थित **जय माँ सन्तोषी आइरन स्क्रेप्स** खुस प्रसाद चौधरी- प्रोप्राईटर तथा जमानीकर्ता स्थायी ठेगाना : रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बाबु : राम नारायण साह बाजे : छत्रधारी साह	१) रामानन्द साहकी छोरी, राम नारायण साहकी बुहारी, खुस प्रसाद चौधरीकी पत्नि, रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने सुनिता कुमारी साहको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २/घ (हाल जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. २०४३ को क्षेत्रफल ०-०-१० (विगाहा) को घरजग्गा र बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ४ (हाल जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८१५५ को क्षेत्रफल ०-०-७-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जय माँ सन्तोषी आइरन स्क्रेप्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सुनिता कुमारी साह स्थायी ठेगाना : रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. २ हालको ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बाबु : रामानन्द साह ससुरा : राम नारायण साह पति : खुस प्रसाद चौधरी	२) रिता कुमारी चौधरी स्थायी ठेगाना : रौतहट जिल्ला, दुर्गा भगवती गा.पा. वडा नं. ५ हालको ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बाबु : राम नारायण साह बाजे : छत्रधारी साह	३) महेश प्रसाद चौधरी स्थायी ठेगाना : रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. २ हालको ठेगाना: बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बाबु : राम नारायण साह बाजे : छत्रधारी साह	४) राम नारायण साह स्थायी ठेगाना : रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. ३ हालको ठेगाना: बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बाबु : छत्रधारी साह

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल सहभागिता फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०८० भाद्र मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०८० भाद्र मसान्त रकम (रु.)	२०८० श्रावण मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	१,१९३,०७९,३६६	९८४,२६३,१५७
२	बैंक मुद्दती निक्षेप	२९७,५००,०००	२८५,०००,०००
३	ऋणपत्र /बन्ड	१४५,५५५,४१८	१४०,५५५,४१८
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१८५,३९६,५९५	१७६,५२६,२५९
	जम्मा	१,८२१,५३१,३७५	१,५८६,३४४,८३४
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	४७३,७०९,१०७	५१७,८५१,८४६
२	अन्य सम्पत्ति	१५,४७५,१६९	७,७९५,०५८
	जम्मा	४८५,९८४,२७६	५२५,६४६,५०४
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	३८,८३९,५८६	८०,८९२,९७३
	जम्मा	३८,८३५,५८६	८०,८९२,९७३
	खुद सम्पत्ति (ग्रस)	२,२७१,८७६,०६५	२,०३१,७५८,७६५
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	५,३७६,३८८	२,५८२,०००
	कोष सुपरिवेक्षक शुल्क	४४४,९४२	२१३,६८३
	खुद सम्पत्ति	२,२६६,७५४,७३५	२,०२८,३०३,०८२
	जम्मा इकाई	२२६,२८७,१०३	१९९,५७७,६३०
	प्रति इकाई खुद मूल्य	१०.०१	१०.१६

आय व्यय विवरण

क्र.सं.	विवरण	२०८० भाद्र मसान्त रकम (रु.)	२०८० श्रावण मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	१५,४९१,१८६	९,०५७,५१२
२	प्राप्त भइ नसकेको आम्दानी	(६०,०५३,४४७)	(२,८८,८२,२०५)
	जम्मा आम्दानी	(४४,५६२,२६२)	(१५,८२४,६५३)
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	१,३३७,०५५	१२८,३५७
२	योजना लेखापरीक्षण शुल्क	१९,५०४	९,९०७
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	५,३७६,३८८	२,५८२,०००
४	कोष सुपरिवेक्षक शुल्क	४४४,९४३	२१३,६८३
	जम्मा खर्च	७,१७७,८५१	२,९३३,५४७
	कुल आय/(व्यय)	(५१,७४०,१५१)	(२२,७५८,६४०)

नोट:
- सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति वमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ ।
- योजनाको २०८० भाद्र मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.१,९५८,५९४,१९६ रहेको छ ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

वाणिज्य बैंक समूह

सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
१	प्रभु बैंक लिमिटेड	१२०,०५०	१९,१८३,९९०
२	कुमारी बैंक लिमिटेड	६२,८८४	९,८६६,५००
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१६,०९९,१५२
४	ग्लोबल आईएमई बैंक लिमिटेड	७५,८१८	१५,४४४,१२७
५	नबिल बैंक लिमिटेड	६८,५७६	४०,६६५,५६८
६	प्राईम कमर्सियल बैंक लिमिटेड	१०४,८२३	१८,९३१,०३४
७	माछापुच्छ्रे बैंक लिमिटेड	८९,१५८	२३,८९४,३४४
८	एनआईसी एसिया बैंक लिमिटेड	८२,५३४	६७,१८२,६७६
९	नेपाल बैंक लिमिटेड	८३,४६४	२०,७९०,८८२
१०	एन एम बि बैंक लिमिटेड	७७,०४२	१६,७७९,७४८
११	हिमालयन बैंक लिमिटेड	२३,३९२	४,७७६,६४६
१२	स्ट्यान्डर्ड चार्टर्ड बैंक लिमिटेड	६५,९२२	३६,८५०,३९८
१३	लक्ष्मी सनराईज बैंक लिमिटेड	६३,८९३	१२,०११,८८४

विकास बैंक समूह

१	मुक्तिनाथ विकास बैंक लिमिटेड	१०७,७२२	४१,८७१,५४१
२	गरिमा विकास बैंक लिमिटेड	१०५,१२४	३९,४५३,०३७
३	महालक्ष्मी विकास बैंक लिमिटेड	५१,५५३	१५,९८१,४३०
४	ज्योति विकास बैंक लिमिटेड	६३,९८५	१९,१२५,११७
५	शाइन रेसडा डेभलप्मेन्ट बैंक लिमिटेड	१०४,०२७	३९,११४,१५२
६	कामना सेवा विकास बैंक लिमिटेड	१०१,१६५	३१,०५७,६५५
७	लुम्बिनी विकास बैंक लिमिटेड	९५,९८६	३६,८५८,६२४
	फाइनान्स समूह		
१	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	४०,१९०	१८,६४८,१६०
२	गुडविल फाइनान्स लिमिटेड	४०,८४६	१७,५१८,८४९
३	मन्जुश्री फाइनान्स लिमिटेड	६७,७५५	३४,९२०,९२७
४	रिलायन्स फाइनान्स लिमिटेड	१३,०००	४,०६९,०००
५	सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेड	१९,२३६	६,२९०,१७२
	जलविद्युत समूह		
१	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१४,५८४	३,६५९,१२६
२	रसुवागढी हाईड्रोपावर कम्पनी लिमिटेड	३१,६१८	८,२२०,६८०
३	अपी पावर कम्पनी लिमिटेड	४०,१३०	७,०३०,७७६
४	अरुण् काबेली पावर लिमिटेड	४०,०२६	७,००४,५५०
५	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१४,५१५	१२,६३०,९५३
६	साहस उर्जा लिमिटेड	५८,२८५	२४,४७९,७००
७	रिडी पावर कम्पनी लिमिटेड	२५,०३५	४,७८१,६८५
८	डाडी ग्रुप पावर लिमिटेड	१०,६७३	२,१६६,६१९
	जीवन बीमा समूह		
१	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	२४,९१९	३४,६६२,३२९
२	नेशनल लाईफ इन्स्योरेन्स कं लिमिटेड	५४,४२६	३१,७३०,३५८
३	एसियन लाईफ इन्स्योरेन्स कं लिमिटेड	३४,६२७	२३,३३८,५९८
४	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	४२,००१	२२,५९८,९२८
५	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	२९,२०८	१२,३८४,१९२
६	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड	३१,९२२	१५,८३३,३१२
७	रिलायबल नेपाल लाईफ इन्स्योरेन्स लिमिटेड	१२,९२२	६,३९६,३९०
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	५३,८५२	४६,५८१,९८०
२	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिट

स्ट्यान्डर्ड चार्टर्ड र वैकल्पिक ऊर्जाबीच सम्झौता

काठमाडौं/ स्ट्यान्डर्ड चार्टर्ड बैंक र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एइपिसी) केन्द्रीय नवीकरणीय ऊर्जा कोषबीच लगानी सम्झौता भएको छ। ऋण नोक्सान ग्यारेन्टीका लागि सस्टेनेबल इनर्जी च्यालेन्ज फन्डअन्तर्गत नवीकरणीय क्षेत्रमा लगानी गर्ने सम्झौता भएको हो।

सम्झौताले देशमा नवीकरणीय ऊर्जा वित्तपोषणलाई मापन गर्ने बैंकले विश्वास व्यक्त गरेको छ। साथै, ऋण नोक्सानी ग्यारेन्टीले दिगो पहलका लागि ऋण लिँदा धितोको आवश्यकता कम गर्ने अपेक्षा गरिएको उल्लेख छ। नेपाल नवीकरणीय ऊर्जा कार्यक्रमअन्तर्गत पर्ने यो कार्यक्रम नेपाल सरकार र बेलायती सरकारको संलग्नता रहेको संयुक्त पहल हो। यसमा दिगो ऊर्जा चुनौती कोष परियोजनामा ऋणका लागि २० प्रतिशतको ग्यारेन्टी दिने बताइएको छ। यसमा नवीकरणीय ऊर्जा परियोजना समावेश छन्।

बैंकका प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोषले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग बैंकको साझेदारी सुरुवात मात्रै भएको र भविष्यमा थप काम हुने अपेक्षा व्यक्त गरे।

'स्पार्क एड्भेन्चर २०२३' सुरु

सेलेब्रिटीसहित दुई सयभन्दा बढी सैलुङ यात्रामा

नयाँ पत्रिका

दोलखाको पर्टकीय क्षेत्र सैलुङको पर्यटन प्रवर्द्धन गर्न स्पार्क कारले 'स्पार्क एड्भेन्चर २०२३' सुरु गरेको छ। बिहीबार धुलिखेलबाट दुई सयभन्दा बढीको टोलीले सैलुङको यात्रा सुरु गरेका छन्। धार्मिक पर्यटकीयस्थल सय थुम्काहरूको संगम सैलुङ फराकिलो हिमशृंखला देखिने उत्कृष्ट 'हिल स्टेसन' हो। यसपटक सैलुङको प्रकृति र विशेषतालाई एक्स्प्लोर गर्न छनोट गरिएको स्पार्क ग्रुपका जनरल म्यानेजर पदम पराजुलीले बताए। प्रचुर पर्यटकीय सम्भावना रहेर पनि चल्तीको गन्तव्य नभएकाले उक्त स्थानको प्रचारप्रसारका लागि कार्यक्रम आयोजना गरिएको उनको भनाइ छ।

टोलीलाई रामेछापको दोरम्बामा स्थानीयले स्वागत गर्ने र स्थानीय परिकारको स्वाद



लिई सैलुङतर्फ प्रस्थान गर्ने आयोजकको भनाइ छ। टोलीले ३५ मिनेट पैदलयात्रा गर्दै बिहीबार क्याम्पिङ टेन्टमा रात बिताउनेछ। चौंरीगोठ र त्यहाँको गोठाले जनजीवनसमेत अवलोकन गरिने भएकाले कार्यक्रमको नारा 'वाइल्ड स्टे विथ चौंरी' राखिएको छ। कार्यक्रममा क्याप्टेन विजय लामा, निखिल उप्रेती, गायक यश कुमार, कमेडियन सन्दीप क्षेत्रीलगायतका कलाकार सहभागी छन्।

कार्यक्रम संयोजक अमरदीप भट्टराईका अनुसार असोजको ११ देखि १३ गतेसम्म हुने तीनदिने कार्यक्रममा लोकगायक प्रेमराजा महत, कलाकार गरिमा शर्मा, लेखक बुद्धिसागर, डा. रन्जित बराल, कमेडियन कैलाश कार्की, ट्राभलर सिर्जना सिज्जु, कलाकार स्वानिका बाँस्तोलालगायतको सहभागिता छ।

कार्यक्रममा प्रशासनिक एवं सुरक्षा निकायका अधिकारीसमेत सहभागी छन्। एड्भेन्चरमा नेपाल प्रहरीका एआइजी श्याम ज्ञवाली, आइएमई जनरल इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत योगेशभक्त बादेसँगै चिकित्सक, विभिन्न दूतावासका प्रतिनिधि, कूटनीतिक नियोगका प्रतिनिधिलगायत फरक-फरक क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहेको छ।

'साढे तीन दशकदेखि सैलुङमाथिको आकाशमा उड्दै 'वाउ' मात्रै भन्दै आएको थिएँ, अहिले प्रत्यक्ष रूपमा स्थलगत जानका लागि एकदम एक्साइटेड छु,' क्याप्टेन लामाले भने। अध्यात्म र प्रकृतिसँग रमाउने एक्सन स्टार निखिल उप्रेतीले आफू भगवान् बुद्धले टेकेको भूमिमा जान निकै नै उत्साहित भएको बताए।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

कर्जा सुरक्षण बापतको धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८०/०६/१२

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित चल अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईहरुलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) र धितो लिलाम सम्बन्धी १५(पन्ध्र) र ७ (सात) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवास्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीहरुले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा यस वित्तीय संस्थाको नियम, प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरि ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित चल अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस वित्तीय संस्थाको का.जि.का.म.न.पा. वडा नं. १ हात्तिसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्होरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

क्र.सं	कर्जावालाको विवरण	सुरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	अम्बे लेमिनेट्स इण्डष्ट्रिज नेपाल प्रा.लि. ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. ११, बुडोल अख्तियार प्राप्त व्यक्तिः रामकाजी पौडेल दर्ता नं. ७५१५७/०६७/०६८ दर्ता मितिः २०६७/०४/३० पान नं. ३०४२९८१८५ पान दर्ता मितिः २०६७/०४/३१ कर्जाः व्यापारिक	चेत नाथ पौडेलको बुहारी जनक बहादुर थापाको छोरी रामकाजी पौडेलको एकाघरकी श्रीमती सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बस्ने सीता थापा पौडेलको नाममा मा.पो.का ललितपुरमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला झरुवारासि गा.वि.स. वडा नं. ७ाक कि.नं. ३५१ र ३५० को क्षेत्रफल क्रमशः २-१३-०-० र ०-४-०-० को घरजग्गा र सो घरजग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।	१. नामः रामकाजी पौडेल ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बाजे : बद्री नाथ पौडेल बाबु : चेत नाथ पौडेल ना.प्र.नं. ३१३२१५८६४७ जारी मिति : २०४४/०४/१९ जि.प्र.का. सिन्धुपाल्चोक २. नामः सीता थापा ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ ससुरा : चेत नाथ पौडेल बाबु : जनक बहादुर थापा पतिः रामकाजी पौडेल ना.प्र.नं. ३१३६१६८४८ जारी मिति : २०४४/१२/२१ जि.प्र.का. सिन्धुपाल्चोक
२.	मल्टिपल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. ठेगानाः ललितपुर जिल्ला, झरुवारासि वडा नं. ०९, बज्रबाराही अख्तियार प्राप्त व्यक्तिः रामकाजी पौडेल दर्ता नं. ४७८११/०६४/०६५ दर्ता मिति : २०६४/०५/१४ पान नं. ३०२७०६०८८ पान दर्ता मितिः २०६४/०५/२३ कर्जाः व्यापारिक	चेत नाथ पौडेलको बुहारी जनक बहादुर थापाको छोरी रामकाजी पौडेलको एकाघरकी श्रीमती सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बस्ने सीता थापा पौडेलको नाममा मा.पो.का ललितपुरमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला झरुवारासि गा.वि.स. वडा नं. ७ाक कि.नं. ३५१ र ३५० को क्षेत्रफल क्रमशः २-१३-०-० र ०-४-०-० को घरजग्गा र सो घरजग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।	१. नामः रामकाजी पौडेल ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बाजे : बद्री नाथ पौडेल बाबु : चेत नाथ पौडेल ना.प्र.नं. ३१३२१५८६४७ जारी मिति : २०४४/०४/१९ जि.प्र.का. सिन्धुपाल्चोक २. नामः सीता थापा ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ ससुरा : चेत नाथ पौडेल बाबु : जनक बहादुर थापा पतिः रामकाजी पौडेल ना.प्र.नं. ३१३६१६८४८ जारी मिति : २०४४/१२/२१ जि.प्र.का. सिन्धुपाल्चोक
३.	मल्टिपल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. ठेगानाः ललितपुर जिल्ला, झरुवारासि वडा नं. ०९, बज्रबाराही अख्तियार प्राप्त व्यक्तिः रामकाजी पौडेल दर्ता नं. ४७८११/०६४/०६५ दर्ता मिति : २०६४/०५/१४ पान नं. ३०२७०६०८८ पान दर्ता मितिः २०६४/०५/२३ कर्जाः व्यापारिक	गुडविल फाइनान्स लि. धनी भई ऋणी मल्टिपल इन्भेष्टमेण्ट कम्पनी प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय बागमती प्रदेश, ललितपुरमा दर्ता कायम रहेको ई.नं. E005100 चेसिस नं. MDHFBAD15K4001438, बनेको साल २०२०, दर्ता नं. प्रदेश ३-०१-०२३-च ६१३५ को Nissan Kicks प्रा. जिप थान १	१. नामः रामकाजी पौडेल ठेगानाः सिन्धुपाल्चोक जिल्ला रामे गा.वि.स. वडा नं.३ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. १३ बाजे : बद्री नाथ पौडेल बाबु : चेत नाथ पौडेल ना.प्र.नं. ३१३२१५८६४७ जारी मिति : २०४४/०४/१९ जि.प्र.का. सिन्धुपाल्चोक २. नामः कमल श्रेष्ठ ठेगानाः चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ६ हाल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं.४ बाजेः देव नारायण श्रेष्ठ बुवाः कृष्ण लाल श्रेष्ठ न.प्र.नं.:०४३६५९ जारी मितिः २०६५/१२/१२ जि.प्र.का. : चितवन

लिलामी बिक्री सम्बन्धी शर्तहरू

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ। सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन। उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा खोलिने छ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
- शिलबन्दी बोलपत्रमा पृष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरि आफुले सो चल अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं.१८०८००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको ब्याज दिईने छैन।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो चल अचल सम्पत्ति बिक्री गरिनेछ।
- लिलाम बिक्री हुने अधिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो चल अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ। सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ। तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा सम्पर्क राख्न सक्नुहुनेछ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित चल अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोभै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तिसारमा सम्पर्क राख्न सक्नु हुनेछ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	विर्तामोड	नेपालगंज
४४२२२५०	५३२५५५४	६६२००६७	५४०८६५०	५३३१५३३	५१५७७३८	०२५-५८७०५१	०२३-५३०५४८	०८१-५३२०५६

घोराही, दाङ्ग	ईलाम	फिदिम	बुटवल	बर्दिबास	धनगढी	नवलपुर	गैंडाकोट	भैरहवा
०८२-५६३३५०	०२७-५२०५४५	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०५१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०६।१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिकीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिकी हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८०।०६।१९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २. डिमाण्ड कर्जा	ऋणीको नामः सोनि सप्लायर्स (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, नवलपरासीमा दर्ता रहेको) दर्ता नं.: ६१५/२६०५ दर्ता मिति : २०६७/११/१३ स्थायी लेखा नं.: ३०४७१२०९८ ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। प्रोप्राइटरः उर्मिला गुप्ता ना.प्र.प.नं (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अड्किृत नागरिकता) ससुराको नामः देवि तेली पतिको नामः वैज नाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। व्यक्तिगत जमानतकर्ताहरूः १. वैज नाथ गुप्ता (तेली) ना.प्र.प.नं (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी) बाजेको नामः मगरु तेली बाबुको नामः देवी तेली ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। २. खिलेन्द्र प्रसाद गुप्ता ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी) बाजेको नामः देवी तेली बाबुको नामः वैज नाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४।	१. देवि तेलीको बुहारी, वैजनाथ गुप्ता (तेली) को पत्नी, नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४ बस्ने उर्मिला गुप्ता को नाममा मालपोत कार्यालय परासी, नवलपरासी को लगतमा दर्ता श्रेस्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरुः (क) नवलपरासी जिल्ला, परासी न.पा वडा नं. ७ स्थित कि.न. ६३१ र ६३२ को क्षेत्रफल क्रमशः ०-०-८ र ०-०-८ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। (ख) नवलपरासी जिल्ला, मकरीया गा.वि.स वडा नं. ३/क स्थित कि.न. ५२८ र ५९८ को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-१-११.२५ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) नवलपरासी जिल्ला, परासी न.पा. वडा नं. ९/क स्थित कि.न. ११५ को क्षेत्रफल ०-१६-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. मगरु तेलीको नाति, देवी तेलीको छोरा, नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४ बस्ने वैज नाथ गुप्ता (तेली) को नाममा मालपोत कार्यालय परासी नवलपरासी को लगतमा दर्ता श्रेस्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरुः क) नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ६/क स्थित कि.न. ५२१ को क्षेत्रफल ०-५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। ख) नवलपरासी जिल्ला, बडहरा दुवोलिया गा.वि.स. वडा नं. ९/क स्थित कि.न. ६८६ को क्षेत्रफल ०-१-१५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ग) नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स वडा नं. ५/५क स्थित कि.न. १२२ को क्षेत्रफल ०-३-४-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (घ) नवलपरासी जिल्ला, परासी न.पा. वडा नं. ७ स्थित कि.न. ४२८ को क्षेत्रफल ०-०-१५-२ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२.	१. आवास कर्जा २. व्यक्तिगत ओभरड्राफ्ट कर्जा	ऋणीको नामः उर्मिला गुप्ता ना.प्र.प.नं (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अड्किृत नागरिकता) ससुराको नामः देवि तेली पतिको नामः वैजनाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। व्यक्तिगत जमानतकर्ताहरूः १. वैज नाथ गुप्ता (तेली) ना.प्र.प.नं (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी) बाजेको नामः मगरु तेली बाबुको नामः देवी तेली ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। २. खिलेन्द्र प्रसाद गुप्ता ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी) बाजेको नामः देवी तेली बाबुको नामः वैज नाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४।	
३.	१. बैक जमानत २. डिमाण्ड कर्जा ३. ओभरड्राफ्ट कर्जा ४. आवधिक कर्जा ५. अपरिवर्त्य कजा ६. ट्रष्ट रिसिप्ट कर्जा	ऋणीको नामः किसन आइरन उद्योग (प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प)मा दर्ता रहेको) दर्ता नं.: ६४८/२१७१/०७६ दर्ता मिति : २०७६/०७/२५ स्थायी लेखा नं.: ३०१०८५३९७ ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ५। प्रोप्राइटरः वैज नाथ गुप्ता (तेली) ना.प्र.प.नं (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी) बाजेको नामः मगरु तेली बाबुको नामः देवी तेली ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। व्यक्तिगत जमानतकर्ताहरूः १. उर्मिला गुप्ता ना.प्र.प.नं (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अड्किृत नागरिकता) ससुराको नामः देवि तेली पतिको नामः वैजनाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। २. खिलेन्द्र प्रसाद गुप्ता ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी) बाजेको नामः देवी तेली बाबुको नामः वैज नाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४।	
४.	व्यक्तिगत ओभरड्राफ्ट कर्जा	ऋणीको नामः वैज नाथ गुप्ता (तेली) ना.प्र.प.नं (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी) बाजेको नामः मगरु तेली बाबुको नामः देवी तेली ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। व्यक्तिगत जमानतकर्ताहरूः १. उर्मिला गुप्ता ना.प्र.प.नं (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अड्किृत नागरिकता) ससुराको नामः देवि तेली पतिको नामः वैजनाथ गुप्ता (तेली) ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं ४। २. खिलेन्द्र प्रसाद गुप्ता ना.प्र.प.

दुई महिनामा...

पृष्ठ १ बाट क्रमशः

गत ७ साउनदेखि १० असोजसम्ममा अख्तियारले विशेष अदालतमा ३९ मुद्दा दायर गरेको छ। त्यसमा अधिकांश स्थानीय तहका छन्। यस अवधिमा अख्तियारले स्थानीय तहका दुई बहालवाला प्रमुखविरुद्ध पनि मुद्दा दर्ता गरेको छ। अख्तियारले अदालतमा मुद्दा दायर गरेकामा केही पूर्वप्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधि पनि छन्।

स्थानीय तहमा केन्द्रित हुँदा अख्तियारलाई तल्ला तह र पदहरूमा मात्र अल्झिएको आरोप पनि लाग्ने गरेको छ। तर, अख्तियारका प्रवक्ता भोला दाहालले आयोगले कुनै तहलाई छुट्टै र विशेष प्राथमिकता दिएर अनुसन्धान र अभियोजन गरेको भन्न नमिल्ने बताए। आयोगमा परेका कुल उजुरीमा स्थानीय तहको हिस्सा ३५ प्रतिशत हाराहारी रहेकाले प्राथमिकतामा परे जस्तो देखिएको उनको भनाइ छ।

त्रियुगा नगरपालिकामा ८१ लाख ३५ हजार राजस्व हिनामिना प्रकरणमा पूर्वमेयरसहित चारविरुद्ध मुद्दा

नदी तथा खोलाको ढुंगा, गिटी, बालुवा र माटो ठेक्कामा लगाउँदा ८१ लाख ३५ हजार रुपैयाँ राजस्व हिनामिना गरेको आरोपमा अख्तियारले उदयपुरको त्रियुगा नगरपालिकाका पूर्वमेयर र तत्कालीन निमित्त प्रशासकीय अधिकृतसहित चारजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। अख्तियारले नगरपालिकाका यसअघिका मेयर बलदेव चौधरी, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत किरणकुमार कार्की, तत्कालीन राजस्व शाखा प्रमुख गुरुप्रसाद ढकाल र ठेकेदार राजेश बछारलाई प्रतिवादी बनाएर बुधबार मुद्दा दायर गरेको हो। मेयर, निमित्त प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा प्रमुख र ठेकेदारसमेतको मिलेमतोमा ०७८/७९ मा नगरपालिकाभित्रका बरुवा र त्रियुगा खोला तथा सुनकोशी नदीबाट ढुंगा, गिटी, बालुवाजस्ता नदीजन्य पदार्थको ठेक्का लगाउँदा न्यूनतम रकम कायम गरेर कम राजस्व उठाइएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्यस्तै, ठेक्का नै नभएको भरौटे र बलौटे माटो गैरकानुनी ढंगले उत्खनन र बिक्री गर्न दिएको पनि अख्तियारको निचोड छ। राजस्व चुहावटको आरोपमा अख्तियारले उनीहरूविरुद्ध मुद्दा दायर गरेको हो। नदीजन्य पदार्थमा ६२ लाख ९१ हजार दुई सय चार र गैरकानुनी ढंगले माटो उत्खनन र बिक्रीतर्फ १८ लाख ४४ हजार एक सय ७७ सहित कुल ८१ लाख ३५ हजार ३८ हजार तीन सय ८२ रुपैयाँ राजस्व चुहावट भएको अख्तियारको दाबी छ।

तत्कालीन मेयर चौधरीले आर्थिक वर्ष ०७८/७९ मा खोला र नदीबाट नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आइईई) स्वीकृत गरी नगरस्तरीय राजस्व परामर्श समितिको निर्णयअनुसार नदीजन्य पदार्थको प्रस्तावित आय प्रक्षेपण गरेका थिए। अधिकतम रकमको ठेक्का लगाउनुपर्नेमा न्यूनतमलाई दिँदा ६२ लाख ९१ हजार राजस्व चुहावट भएको दाबी अख्तियारको छ।

त्यस्तै, ठेक्का नै नभएको भरौटे र बलौटे माटो गैरकानुनी ढंगले उत्खनन र बिक्री गर्न दिएर उनले थप १८ लाख ४४ हजार एक सय ७७ रुपैयाँ राजस्व चुहावट गरेको पनि अख्तियारको आरोपपत्रमा उल्लेख छ। माटो र बालुवा दुवैमा चुहावट भएको कुल ८१ लाख ३५ हजार तीन सय ८२ रुपैयाँलाई बिगो कायम गरेर अख्तियारले उनीविरुद्ध मुद्दा दायर गरेको छ। तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत कार्कीविरुद्ध पनि अख्तियारले उही परिमाणको बिगो मागदाबी गरेको छ। त्यस्तै, नगरपालिकाका तत्कालीन राजस्व शाखा प्रमुख ढकाललाई चुहावट भएको राजस्व रकमको दोब्बर जरिवानासहित एक करोड ६२ लाख ७० हजार सात सय ६४ रुपैयाँ र ठेकेदार निश्चल ट्रेडर्स हेटौंडाका सञ्चालकसँग ३६ लाख ८८ हजार तीन सय ५५ रुपैयाँ बिगो दाबी गरेको छ।

सिम्रौनगढका प्रमुख प्रशासकीयविरुद्ध ६ महिनामै भ्रष्टाचारको दोस्रो मुद्दा दायर

विद्यालय भवन निर्माणमा भ्रष्टाचार गरेको आरोपमा अख्तियारले बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनीसहित पाँचजनाविरुद्ध ७ असोजमा मुद्दा दायर गरेको गऱ्यो। मधेश प्रदेश सरकारको अनुदानबाट सञ्चालित योजनाहरूमध्ये नगरपालिकाको वडा नम्बर ८ कचोर्वास्थित जनता माविको भवन निर्माणमा अनियमितता भएको अख्तियारको दाबी छ। निर्माणकार्यमा भए-गरेको परिमाणभन्दा ६ लाख ५८ हजार चार सय ४० रुपैयाँ बढी भुक्तानी दिएर सरकारी रकम हानिनोक्सानी गरेको दाबी अख्तियारको छ। विद्यालय भवन निर्माण समितिका अध्यक्ष रामबाबुप्रसाद यादव, सचिव रामाकान्त प्रसाद र कोषाध्यक्ष किरणदेवी यादवलाई पनि अख्तियारले प्रतिवादी बताएको छ। नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय मरासेनी र लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरीविरुद्ध अख्तियारले यसअघि २२ चैतमा पनि मुद्दा दायर गरेको थियो। यो मुद्दा विचाराधीन रहँदै अख्तियारले मरासेनी र चौधरीमाथि भ्रष्टाचारको नयाँ मुद्दा दायर भएको छ।

गरेको कामको भुक्तानी मागदा घुस, विष्णुपुर गाउँपालिका अध्यक्षसहित तीनविरुद्ध मुद्दा

सोलारबत्ती जडानलगायतका योजनाको रकम भुक्तानीका क्रममा घुस लिएको आरोपमा अख्तियारले गत १९ भदौमा सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद यादवसहित लेखापाल र एमआइएस अप्रेटरविरुद्ध मंगलबार भ्रष्टाचार मुद्दा दायर गऱ्यो। गत ३१ साउनमा अख्तियारको टोलीले विष्णुपुरका लेखापाल टेकनारायण यादव र एमआइएस अप्रेटर वीरेन्द्रकुमार यादवलाई सेवाग्राहीबाट घुस लिएको दुई लाख नगद र तीन लाखको चेकसहित पक्राउ गरेको थियो। यो प्रकरणमा गाउँपालिका अध्यक्षको पनि मिलेमतो देखिएकाले तीनैजनामाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

लिखुपिकेमा निःशुल्क प्राप्त जग्गालाई ६ लाखमा किनेको देखाएर भ्रष्टाचार

सोलुखुम्बुको लिखुपिके गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भण्डारीसहित तीनजनाविरुद्ध अख्तियारले गत १७ भदौमा मुद्दा दायर गऱ्यो। निःशुल्क रूपमा दानपत्रमार्फत प्राप्त भएको जग्गालाई ६ लाखमा खरिद गरेको देखाएर भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भण्डारी, तत्कालीन लेखापाल जीवन सुवेदी र वडा नम्बर २ का तत्कालीन वडाध्यक्ष रमेशकुमार बस्नेतविरुद्ध बिगोबमोजिमको कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो।

बोदेबर्साइनमा सुरु नै नभएको आयोजनामा १४ लाख ७२ हजार भुक्तानी

सुरु नै नभएको आयोजनाको स्थलगत अनुगमनदेखि कार्यसम्पन्न प्रतिवेदन बनाएर नगरपालिकाबाट झुटा बिलका आधारमा भुक्तानी दिएको आरोपमा अख्तियारले गत १३ भदौमा सप्तरीको बोदेबर्साइन नगरपालिकाका बहालवाला मेयर र निमित्त प्रमुख प्रशासकीय अधिकृतविरुद्ध मुद्दा दायर गऱ्यो। नक्कली बिलका आधारमा १४ लाख ७२ हजार रुपैयाँ भुक्तानी दिएर भ्रष्टाचार गरेको भन्दै अख्तियारले नगरपालिकाका मेयर आतेशकुमार सिंह, निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, पशु विकास अधिकृत (अधिकृत छैटौं) अर्जुनप्रसाद यादव, लेखापाल सरोजकुमार मण्डल र कृषि समूहका अध्यक्षसहित आठजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो। ०७७/७८ मा सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत वडा नम्बर ६ मा बाख्रा व्यवसायी पकेट कार्यक्रमअन्तर्गत अनियमितता भएको हो।

अख्तियारले मेयर आतेशकुमार सिंह, वडा नम्बर ४ का तत्कालीन वडाध्यक्ष रामानन्द चौधरी, तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगतसमेतलाई अख्तियारले प्रतिवादी बनाएको छ। अख्तियारले जगदम्बा कृषक समूहका अध्यक्ष राधेश्यामकुमार साह र कोषाध्यक्ष नीलमकुमारी शर्मालाई पनि प्रतिवादी बनाएको छ।

कृषि अनुदानका लागि सिफारिस गरेबापत घुस लिए नेपालगन्ज- १३ का कार्यवाहक वडाध्यक्षले

कृषि अनुदानका लागि सिफारिस गरिदिएबापत नौ हजार रुपैयाँ घुस लिने वडाध्यक्षविरुद्ध अख्तियारले गत १२ भदौमा मुद्दा दायर गऱ्यो। नेपालगन्ज उपमहानगरपालिका- १३ का तत्कालीन कार्यवाहक वडाध्यक्ष रहेका बेला वडासदस्य दिलावर कवडियाले पशु फर्म निर्माण सम्पन्न भएपछि अनुदान रकम प्राप्त गर्नका लागि वडा कार्यालयबाट सिफारिस गरिदिएबापत सेवाग्राहीसँग नौ हजार घुस लिएपछि अख्तियारले मुद्दा दायर गरेको हो। अख्तियारले उनलाई सेवाग्राहीबाट रकम लिएको अवस्थामा रंगेहात पक्राउ गरेको थियो।

भीमदत्त नगरपालिकामा ढुंगा, गिटीको ठेक्कामा तत्कालीन मेयरसहित १० विरुद्ध मुद्दा

नदीजन्य ढुंगा, गिटी, बालुवाको ठेक्कामा सवा करोड रुपैयाँ छुट दिने कञ्चनपुरको भीमदत्त नगरपालिकाका पूर्वमेयर र तत्कालीन निमित्त प्रमुख प्रशासकीयसहित १० विरुद्ध अख्तियारले गत १२ भदौमा मुद्दा दायर गऱ्यो। अख्तियारले तत्कालीन मेयर सुरेन्द्रबहादुर विष्ट र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिदत्त जोशीसहितलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो। ०७६/७७ मा महाकाली नदीबाट ढुंगा, गिटी, बालुवा, ग्राभेल र माटोको रोयल्टी शुल्क उठाउन ठेक्का सम्झौतापश्चात् नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने ठेक्कामा अनियमितता भएको हो। ठेक्का कबोल गरी भएको सम्झौताबमोजिम कुनै कारणले पनि मिनाहा दाबी-भुक्तानी गर्न नपाइने व्यवस्थाविपरीत एक करोड ३४ लाख ९७ हजार भ्याट छुट दिइएको थियो।

नगरपालिकाको तत्कालीन राजस्व छुटका लागि गठित कार्यदल संयोजक तत्कालीन वडा नम्बर १७ का वडाध्यक्ष हिमालबहादुर चन्द, इन्जिनियर हिमालयसिंह ऐर, लेखा अधिकृत गोविन्द उपाध्याय, लेखा अधिकृत (छैटौं) विक्रम भण्डारी र नायब सुब्बा नरेन्द्रदेव भट्टलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ। अख्तियारले ठेकेदार कम्पनी भवानी कन्स्ट्रक्सन, त्यसका सञ्चालक ईश्वरीप्रसाद भट्ट तथा उनकी पत्नी खगेश्वरी, केशवराज भट्ट, पुष्पराज भट्टविरुद्ध पनि मुद्दा दायर गरेको छ।

पालिका कोषमा दाखिला गर्नुपर्ने ६ लाख आफैंले लिएर अपचलन गर्ने विजयनगर- ४ का वडाध्यक्षविरुद्ध मुद्दा

पालिका कोषमा दाखिला गर्नुपर्ने रकम आफैंले लिएर भ्रष्टाचार गर्ने कपिलवस्तुको विजयनगर गाउँपालिका- ४ का वडाध्यक्षविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ। वडाध्यक्ष तिलकराम कँडेलले गाउँपालिकामा बुझाउनुपर्ने शंकरपुर तालको ठेक्काको ६ लाख १० हजार ठेकेदारबाट लिई अपचलन गरेको अख्तियारको ठहर छ। अख्तियारले हाल वडा रहेको साबिक पत्थरदेइया गाविसका तत्कालीनसचिव कृष्णकुमार चौधरी र ठेकेदार सेराज महम्मदलाई पनि प्रतिवादी बनाएको छ।

गाउँपालिकामा भ्रष्टाचार गरी छोराको खातामा कमिसन

गाउँपालिकाका विकास निर्माण तथा कार्यक्रमहरूबाट कमिसन लिएर छोराको खातामा जम्मा गर्ने रुपन्देहीको मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालविरुद्ध अख्तियारले गत १ भदौमा मुद्दा दायर गऱ्यो। अर्यालले पालिकाको बजेटमा विकास निर्माण र कार्यक्रम गर्नेहरूलाई वर्षको अन्त्यमा सरकारी रकम भुक्तानी दिँदा कमिसन लिएको र रकम छोराको नाममा जम्मा गरेको भेटिएको थियो। पालिकाले ०७७/७८ मा सम्पन्न गरेका सौर्य ऊर्जा जडान, सामाजिक विकासतर्फको सीपमूलक सिलाइकटाइ तालिम, वडा नं. ३, ६ र ७ मा गरिएका विकास निर्माणका कार्यबापतको भुक्तानी दिँदा उनले १३ लाख ४५ हजार रुपैयाँ कमिसन लिएको अख्तियारको दाबी छ। उक्त कमिसन रकम छोराको नाममा जम्मा गरेको भेटिएको अख्तियारले जनाएको छ। भ्रष्टाचारको अभियोगमा अख्तियारले अर्याल र उनका छोरा पवनकुमारलाई प्रतिवादी बनाएको छ। वडा नम्बर ३ का तत्कालीन वडाध्यक्ष नारायणबहादुर यादव, वडासचिव गुलाब यादव, वडा नम्बर ५ र ६ का वडासचिव र तत्कालीन गाउँ कार्यपालिका सदस्य राजेश हरिजनविरुद्ध पनि मुद्दा दायर भएको छ। त्यस्तै, मानसरोवर टेक्निकल ट्रेनिङ इन्स्टिच्युटका प्रोप्राइटर अमरिश यादव र समृद्ध नेपाल इनर्जीका प्रोप्राइटर विनोदबाबु तिवारीलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

अनुदान दुरुपयोग गर्ने सिम्रौनगढका निमित्त प्रमुख प्रशासकीयविरुद्ध मुद्दा

भवन निर्माणका लागि प्रदेश सरकारबाट प्राप्त अनुदानको दुरुपयोग गरेको आरोपमा अख्तियारले गत २४ साउनमा बाराको सिम्रौनगढ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानुसहित १० जनाविरुद्ध मुद्दा दायर गऱ्यो। तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानु, लेखा अधिकृत सर्मेन्द्रप्रसाद चौधरी, इन्जिनियर सुरेशकुमार यादव र सबइन्जिनियर उपेन्द्र कुशवाहले नगरपालिकाको वडा नम्बर ३ मा सामुदायिक भवन र बर्थिङ सेन्टर निर्माणकार्यमा सम्झौताविपरीत निर्माणस्थलमा भएको परिमाणको झुटा बिल भर्पाई बनाई ३७ लाख ९३ हजार रुपैयाँ अनियमितता गरेको आरोप अख्तियारको छ। सामुदायिक भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष सिकेन्द्रप्रसाद यादव, सचिव विजयकुमार यादव र कोषाध्यक्ष कविता देवी तथा बर्थिङ सेन्टर निर्माण उपभोक्ता समितिका अध्यक्ष रामलोचन साह कानु, सचिव छठु गिरी र कोषाध्यक्ष अनिता देवीलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

महोत्तरीको पिपरामा गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन बनाएर भ्रष्टाचार

महोत्तरीको पिपरा गाउँपालिका- १ खैरबामा बाटो ढलानको कार्य गर्दा कमसल सामग्री प्रयोग गरी गाउँपालिकाबाट प्राप्त रकम हिनामिना गरेको आरोपमा प्रमुख प्रशासकीयसहित पाँचजनाविरुद्ध अख्तियारले १२ साउनमै अर्को भ्रष्टाचार मुद्दा दायर गऱ्यो। ०७४/७५ मा वडाको एकरहिया कृषि सडक ओलारदेखि खैरबा सडकको पिसिसी ढलान कार्य गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रञ्जिता झा, तत्कालीन सबइन्जिनियर श्यामकिशोर मण्डलले नभएको कामलाई भएको नापी किताब तयार पारी अधिक गरी झुटा नापी किताब, भुक्तानी बिल र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको अख्तियारको छानबिनबाट देखिएको छ। त्यसबापत उपभोक्ता समितिलाई एक लाख ४८ हजार नौ सय १० रुपैयाँ बढी भुक्तानी दिई सरकारी रकम हानिनोक्सानी पुऱ्याएको आरोप अख्तियारको छ। उपभोक्ता समितिका अध्यक्ष नवोनारायण मिश्र, सचिव कमरुल खातुन र कोषाध्यक्ष रतन साहलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

मुगुको छाँयानाथ रारामा पार्क निर्माणमा साढे ३८ लाख हिनामिना

पार्क निर्माणमा अनियमितता गरेको आरोपमा अख्तियारले गत १२ साउनमा मुगुको छाँयानाथ रारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियरसहित सातजनाविरुद्ध मुद्दा दायर गऱ्यो। नगरपालिकाको वडा नम्बर २ मा पार्क निर्माण गर्दा अनियमितता गरेको आरोपमा अख्तियारले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत ललितजंग मल्ल, तत्कालीन लेखापाल रुनबहादुर सेजुवाल, कम्प्युटर अप्रेटर केशरबहादुर रावल, तत्कालीन इन्जिनियर महेशसिंह कठायत र तत्कालीन असिस्टेन्ट सबइन्जिनियर हस्तबहादुर मल्लविरुद्ध मुद्दा दायर गरेको हो। उपभोक्ता समितिलाई ३८ लाख ४७ हजार पाँच सय रुपैयाँ पेस्की उपलब्ध गराएको, तर जिल्ला वन कार्यालयले अनुमति नदिएकाले सम्झौताबमोजिम पार्क निर्माण हुन नसक्ने अवस्था भई निर्मित संरचनासमेतबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको आरोपपत्रमा उल्लेख छ। उक्त कार्यका लागि उपभोक्ता समितिलाई भुक्तानी भएको पेस्की रकम हिनामिना भएको अख्तियारको दाबी छ। उपभोक्ता समितिका अध्यक्ष विष्णुबहादुर रावल र कोषाध्यक्ष वसन्ती रावललाई पनि अख्तियारले प्रतिवादी बनाएको छ।

शैल्यशिखरमा झुटा बिल बनाएर भुक्तानी

झुटा बिल बनाएर साइटमा भएभन्दा बढी काम देखाई भ्रष्टाचार गरेको आरोपमा गत ११ साउनमा अख्तियारले दार्चुलाको शैल्यशिखर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित सातजनाविरुद्ध मुद्दा दायर गऱ्यो। वडा नं. ६ को पनेबाज मौरीभिटादेखि वडा नं. ७ र ८ को बन्तोली बोहरीगाउँको सडकखण्ड निर्माणकार्यमा भ्रष्टाचार भएको अख्तियारको दाबी छ। निमित्त प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर विष्टले ०७४/७५ र ०७५/७६ मा सञ्चालित उक्त सडक कार्यमा फिल्डको वास्तविकताभन्दा बढी कार्य भएको देखाएर झुटा बिल-भर्पाई र कार्यसम्पन्न प्रतिवेदनका आधारमा २६ लाखभन्दा बढी भुक्तानी दिएको दाबी अख्तियारको छ। साइटमा भएभन्दा बढी काम देखाएर हिनामिना गर्ने काममा संलग्न भएको आरोपमा अख्तियारले नगरपालिकाका इन्जिनियर सन्तोष पाण्डेय, तत्कालीन इन्जिनियर राजेन्द्रसिंह धामी, सबइन्जिनियर दीपकसिंह विष्ट, उपभोक्ता समितिका अध्यक्ष जनकराज जोशी, सचिव धनञ्जय जोशी र कोषाध्यक्ष जानकी बडू जोशीलाई पनि प्रतिवादी बनाएको छ।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत हुँदा भ्रष्टाचार, सिडिओ हुँदा मुद्दा

ओखलढुंगाको सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा बहाल रहँदा गरेको भ्रष्टाचार प्रकरणमा खोटाङका बहालवाला प्रमुख जिल्ला अधिकारी (सिडिओ) भोजराज खतिवडाविरुद्ध अख्तियारले ७ साउनमा मुद्दा दायर गरेको छ। विद्युत्को पोल, तार र ट्रान्समिटर खरिद योजनामा मिलोमतो गरेर भ्रष्टाचार गरेको आरोपमा मुद्दा लागेपछि उनी निलम्बनमा छन्। खतिवडासँगै नेपाल विद्युत् प्राधिकरण ओखलढुंगा वितरण केन्द्रका तत्कालीन कार्यालय प्रमुख सञ्जीव साह तथा भण्डारण प्रमुख वीरबहादुर राई, सिद्धिचरण नगरपालिका- १० का तत्कालीन वडाध्यक्ष दामोदर धमला, तत्कालीन इन्जिनियर अमृतकुमार दाहाल, तत्कालीन खानेपानी तथा सरसफाइ प्राविधिक दिलकुमार बुढाथोकी, नमामी सप्लायर्सका प्रोप्राइटर सञ्जीवकुमार यादव, उपभोक्ता समितिका अध्यक्ष डिककुमार धमला, सचिव दीपकप्रसाद धमला र कोषाध्यक्ष गोठीमाया मगरलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ। आरोपितहरूले खरिद नै नगरिएको पोल तथा विद्युतीय सामग्रीको बिल पेस गर्न लगाएर भुक्तानीका लागि सिफारिस तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी-गराई त्यसका आधारमा चार लाख ७७ हजार आठ सय ९९ रुपैयाँ हिनामिना गरेको आरोप अख्तियारको छ।

प्रधानमन्त्री प्रचण्ड कैलाश मानसरोवरमा

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड बिहीबार तिब्बतस्थित हिन्दुहरूको पवित्र तीर्थस्थल कैलाश मानसरोवर पुगेका छन्। प्रधानमन्त्री प्रचण्ड र प्रतिनिधिमण्डलले कैलाश पर्वत र मानसरोवरको दर्शन गरेका हुन्। बुधबार चीनको स्वशासित क्षेत्र तिब्बतको राजधानी ल्हासामा उच्च अधिकारीहरूसँगको छलफलपछि उनी कैलाश पुगेका हुन्। नेपाली प्रतिनिधिमण्डललाई तिब्बत सरकारले कैलाश मानसरोवर भ्रमणको विशेष प्रबन्ध गरेको थियो।

भारत भ्रमणमा जाँदा उज्जैनस्थित महाकालेश्वरको मन्दिर पुगेका प्रधानमन्त्री प्रचण्ड काठमाडौं फर्केलगत्तै पशुपतिनाथ मन्दिरमा पुगेर पूजाअर्चना गरेका थिए। चीन भ्रमणको अन्त्यतिर प्रधानमन्त्री प्रचण्डले मानसरोवरलाई प्रमुख गन्तव्य बनाएका छन्। प्रधानमन्त्रीको सचिवालयले सामाजिक सञ्जालमा भ्रमणबारे केही विवरण राखेको छैन। संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन न्युयोर्क गएका प्रधानमन्त्री प्रचण्ड अमेरिकाबाट सोझै चीन भ्रमणमा गएका थिए। एसियाली खेलकुद भइरहेको सहर हाङझाउमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग र बेइजिङमा समकक्षी लीसँग भेट गरेका प्रधानमन्त्री प्रचण्ड ल्हासा हुँदै कैलाश मानसरोवर गएका हुन्।

भ्रमणदलमा रहेका परराष्ट्रमन्त्री एनपी साउद र उनकी पत्नी ज्योत्सना साउदले कैलाश पर्वतमा भगवान् शिव र पार्वतीको पूजा गरेको ट्विटरमा जनाएका छन्। उनले भनेका छन्, 'भगवान् शिव र देवी पार्वतीको दिव्य निवासस्थान कैलाश मानसरोवरको दर्शन र पूजा गर्न पाउँदा मैले धन्य महसुस गरेको छु। यस पवित्र स्थानको आध्यात्मिक शक्ति शब्दहरूभन्दा निकै माथि छ।'

प्रधानमन्त्री प्रचण्डले नेपालको हुम्लाको बाटो भएर हिन्दुहरूको पवित्र तीर्थस्थल कैलाश पर्वत र मानसरोवर तालको सजिलै भ्रमण गर्ने व्यवस्था मिलाउने बताएका छन्। कैलाश पर्वत र मानसरोवर ताल दर्शन अवलोकनपछि सञ्चारकर्मीसँगको कुराकानीमा प्रचण्डले हुम्ला भएर सजिलै भ्रमण गर्ने व्यवस्थाका लागि चीनसँग सहमति भइसकेको पनि बताए। 'नेपाली, भारतीय र अन्य देशका पर्यटकहरूले हुम्लाको बाटो भएर सजिलै कैलाश भ्रमण गर्न पाउने व्यवस्थाका लागि चीन सरकारसँग सैद्धान्तिक सहमति भैसकेको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'हुम्लाको सिमकोटबाट कैलाश पर्वततर्फ ओहोरदोहोर गर्न गुणस्तरीय बाटो निर्माणको काम छिट्टै अघि बढ्नेछ।'

तिब्बतको पश्चिम भाग डारीबाट कैलाश मानसरोवर करिब २ सय ५० किलोमिटर टाढा रहेको छ। तर, हुम्ला सिमकोटबाट १ सय ६० किलोमिटर र नेपाल-चीन सिमानाबाट जम्मा ७० किलोमिटरको दूरीमा कैलाश मानसरोवर अवस्थित छ। सिमकोटबाट कैलाश मानसरोवर जान अहिले सडक सञ्जाल जोडिएको भए पनि सडकको ट्याक मात्रै खोलिएकाले यात्रा गर्न सहज छैन। प्रधानमन्त्री प्रचण्डले सो सडकको गुणस्तर वृद्धि गर्ने काम छिट्टै अघि बढाइने जानकारी दिए।

कैलाश पर्वतबाट केही तल तिब्बती भागमै मानसरोवर ताल छ। मानसरोवर ताल पनि हिन्दुहरूका लागि पवित्र तीर्थस्थल हो। कैलाश पर्वतमा बस्ने महादेवले यही मानसरोवर तालमा स्नान गर्ने गर्दछन् भन्ने हिन्दु धर्मावलम्बीहरूको जनविश्वास छ।

तीन महिनामा...

पृष्ठ १ बाट क्रमशः

अस्पताल विकास समितिका अध्यक्ष र कार्यकारी निर्देशकका कारण चिकित्सक अस्पताल छाड्न बाध्य भएको दाबी गरे। 'सेवा-सुविधा नदिने, काममा मात्र लगाउने, उल्टै अपमानजनक व्यवहार गर्ने गरेकाले चिकित्सकहरू यो अस्पताल छाडेर बाहिर जाने क्रम बढेको हो,' एक चिकित्सकले भने।

क्यान्सर अस्पतालले छोटो समयमा आवश्यक जनशक्ति व्यवस्था गरे पनि टिकाउन नसकेको ती चिकित्सकको भनाइ छ। 'चिकित्सकहरू स्वतन्त्र रूपमा काम गर्न चाहन्छन्, तर त्यहाँका निर्देशकले चिकित्सक र अन्य स्वास्थ्यकर्मीमाथि हैकमवादी चरित्र देखाउँदा अहिले यो परिणाम भोग्नुपरेको हो,' उनले भने, 'नसुधिए अझ धेरै चिकित्सकले अस्पताल छाड्ने अवस्था छ। यसमा सरोकारवाला निकायले वेलैमा ध्यान दिन जरुरी छ।'

तीन दिनमा अल्ट्रासाउन्ड रिपोर्ट

विशेषज्ञ चिकित्सकले अस्पताल छाडेपछि बिरामीहरू मर्कामा परेका छन्। विशेषज्ञता भएका चिकित्सक अभावमा अल्ट्रासाउन्ड (भिडियो एक्स-रे) रिपोर्ट पाउन तीन दिन कुर्नुपर्ने बाध्यता छ। 'डाक्टरहरू नहुँदा पछिल्लो समय उपचार पाउनै मुस्किल छ। भिडियो, प्याथोलोजीलगायतका रिपोर्ट पाउन दुई-तीन दिन कुर्नुपर्छ,' बिरामीका एक आफन्तले भने।

अस्पतालका निर्देशक डा. भट्टराईले रेडियोलोजिस्ट नहुँदा अल्ट्रासाउन्ड रिपोर्ट आउन ढिलाइ भएको स्वीकार गरे। उनले बाहिरबाट बोलाएको चिकित्सकले समय दिन नसक्ने भएपछि रिपोर्ट आउन समय लाग्ने गरेको जिकिर गरे। 'दिनमा १५-१६ जना बिरामीको अल्ट्रासाउन्ड हुन्छ, तर रेडियोलोजिस्टले हेर्न भ्याउनुहुन्न,' उनले भने। बिरामीले सिटिस्क्यान, बायोप्सी रिपोर्ट पनि समयमा पाउन सकेका छैनन्। 'दक्ष जनशक्ति नभएकाले सिटिस्क्यान र बायोप्सी रिपोर्ट आउन ढिलाइ भएको हो,' डा. भट्टराईले भने।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

स्यानीटरी प्याड खरिदसम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१२

ठेक्का नं. BM/NCB/G/01/2080/81

बेनी नगर कार्यपालिका कार्यालयको लागि चालु आ.व. २०८०/०८१ मा नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड वितरण गर्न विद्युतीय खरिद प्रणाली (e-GP) को माध्यमबाट खरिद प्रक्रिया अगाडि बढानुपर्ने भएको हुँदा ईजाजत प्राप्त इच्छुक योग्य फर्महरुले फर्म दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र आर्थिक वर्ष २०७९/२०८० को कर चुक्ताको प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र प्रमाणित प्रतिलिपीहरु संलग्न राखी निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र विद्युतीय माध्यमबाट पेश गर्न आह्वान गरिन्छ।

शर्तहरु

१. योग्यता पुगेका फर्म/कम्पनीहरुले मिति २०८०/०७/१२ गतेका दिन दिउसो १२:०० बजे भित्र ३,०००/- दस्तुर (फिर्ता नहुने) नेपाल बैङ्क लि म्यार्दी शाखामा रहेको खाता नं. ०६३०३०००००१००१०००००१ (आन्तरिक राजस्व खाता) मा नगद जम्मा गरेको बैंक भौचर सहित विद्युतीय खरिद प्रणाली e-GP मार्फत पेश गर्नुपर्नेछ।
२. अनलाइन प्रणालीमा दर्ता भएका बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरुको रोहवरमा बेनी नगरपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजका आधिकारिक प्रतिनिधीहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

SQ.ID.	Description of Works	Estimated Amount Nrs (With VAT)	Bid Security Amount (Nrs.)	Bid Document Fee (Nrs.)
BM/SQ/G/ 03/080-81	Procurement, Supply and Delivery of Sanitary Pad As per technical specification	21,50,435.20/-	54,000/-	3,000/-

विस्तृत सूचना www.benimun.gov.np वा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को विद्युतीय बोलपत्र प्रणालीबाट प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०/०६/१२

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फर्पि

१९औँ एसियाड

लगातार चौथोपटक तेक्वान्दोमा पदकविहीन

सन् २००६ पछि नेपाली तेक्वान्दो खेलाडी एसियाडमा खाली हात फर्किएका छन्

हाङ्झाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

सन् २००६ सम्म दक्षिण एसियाली खेलकुद (एसियाड) प्रतियोगितामा तेक्वान्दो नेपालको सबैभन्दा सफल खेलमा पर्थ्यो। डेढ दशकपछि एसियाडमा तेक्वान्दोको कथा फेरिएको छ। नेपाली खेलकुदको इतिहासमा स्वर्णिम अक्षरमा अंकित तेक्वान्दो लगातार चौथोपटक एसियाडमा पदकविहीन भएर घर फर्किएको छ।

नेपाल सन् २०१० को ग्वाङ्झाउ, सन् २०१४ को इन्चोन, २०१८ को जाकार्ता र सन् २०२३ को हाङ्झाउ एसियाडमा तेक्वान्दोमा पदकविहीन बन्दुपरेको हो। लगातार एसियाडमा असफल बनिरहेको खेल तेक्वान्दो भए पनि यस खेलबाट नेपालका सम्बन्धित अधिकारीले सधैं पदकको आशा गरेका थिए। यसका लागि उनीहरूले खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाएका पनि थिए। यसपटक कमजोर तयारी र लगानीका कारणले पनि तेक्वान्दोले पुरानो विरासत जोगाउन नसकेको हो।

चीनको हाङ्झाउमा १९औँ एसियाडमा ११ खेलाडीले प्रतिस्पर्धा गरेका थिए। सहभागीमध्ये तीन खेलाडीले पहिलो चरण पार गरे। अन्य खेलाडी केवल सहभागितामा मात्रै सीमित बने। व्यक्तिगत पुम्सेमा प्रेम लिम्बू, ४९ केजी तौलसमूहमा अन्जली तामाङ र ६३ केजी तौलसमूहमा गोविन्द आलेले मात्र एक-एक खेल आफ्नो नाममा राखे। प्रेम सीधै प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका थिए। उनी क्वार्टरफाइनलमा नराम्रोसँग पराजित भए। अन्जली र गोविन्दले पनि अन्तिम ३२ को फाइट जितेका थिए। यी दुवै खेलाडी प्रिक्वार्टरफाइनलबाट बाहिरिए।

चीनको पूर्वी सहर हाङ्झाउमा सञ्चालन भइरहेको एसियाडअन्तर्गत बिहीबार लिनान स्पोर्टस् कल्चर एन्ड एक्जिबिसन सेन्टरमा नेपालबाट एक मात्र खेलाडीले प्रतिस्पर्धा गरेका थिए। ८० केजीमाथि तौलसमूहमा ज्याकी यादव जोर्डनका साडेकासँग भिडेका थिए। निकै अनुभवी खेलाडी साडेकाले नेपालका यादवलाई दुवै चरणमा खेल्नै दिएनन्। पहिलो चरणमा यादवले केवल १ स्कोर गरे। जोर्डनका खेलाडीले १० स्कोर गरी १-० को अग्रता लिए।

पहिलो चरणमै थाकिसकेका यादव दोस्रो चरणमा रिङमा चल्नै सकेनन्। साडेकले लगातारजसो तीन स्कोर गर्दै यादवमाथि दबाब राखे। यस चरणमा साडेकाले १३-१ ले बाजी मारे। उनी २-० को जितसँगै अर्को चरणमा पुगे। यादवको पराजयसँगै तेक्वान्दोको एसियाड यात्रा मात्र समाप्त भएन, नेपाल चौथोपटक यस खेलमा पदकविहीन बन्यो।



८० केजीमाथि तौलसमूहमा नेपालका ज्याकी यादव (बायाँ) जोर्डनका साडेकासँग भिड्दै

विगतमा तेक्वान्दोमा एक रजत र १३ कांस्य

एसियाडको पदक हेर्दा तेक्वान्दोले नेपाललाई सर्वाधिक १४ पदक दिलाएको छ। जसमा एक रजत र १३ कांस्य समावेश छ। नेपाललाई अन्तिमपटक तेक्वान्दोले सन् २००६ को दोहा एसियाडमा दिलाएको थियो। त्यसवेला दीपक विष्ट, आयषा शाक्य र मनिता शाहीले कांस्य पदक जितेका थिए। नेपालले सन् १९८६ को दक्षिण कोरियाको सोलमा भएको १०औँ एसियाडमा पदक जितेको थियो।

सोलमा तेक्वान्दोले सर्वाधिक चार कांस्य जित्दै सनसनी मच्चाएको थियो। सन् १९९८ मा सविता राजभण्डारीले इतिहास नै रचिन्। अहिले अमेरिकाको स्थायी नागरिक बनिसकेकी सविताले बैंकक एसियाडमा नेपाललाई ऐतिहासिक रूपमा रजत पदक दिलाइन्। यद्यपि, नेपाललाई जाकार्तामा पाँच वर्षअघि भएको एसियाडमा प्यारागलाइडिङको क्रसकन्ट्रीमा नेपाली टिमले रजत दिलाएको थियो। सन् २००२ मा दीपक विष्ट, रेणुका रानामगर तथा जिमी राईले कांस्य जितेका थिए।

नेपालको तयारी कमजोर

दीपक विष्ट, एसियाडमा दुईपटकको कांस्य विजेता

नेपालमा अहिले तेक्वान्दो खेलको माहोल कम छ। यसको तयारीसमेत राम्रो हुन सकेन। प्रतियोगितामा सहभागी अन्य देशका खेलाडीको तयारी राम्रो थियो। उनीहरूको तुलनामा नेपालको छैन। अहिले नयाँ खेलाडीहरू छन्। उनीहरूले अन्तर्राष्ट्रिय खेलको एक्सपोजरसमेत पाउन सकेनन्। धेरैभन्दा धेरै अन्तर्राष्ट्रिय खेलको एक्सपोजर पाउँदा खेलाडीहरूको आत्मविश्वास बढ्छ।

साथै, खेलमा पहिलेजस्तो लगाव नहुँदा पनि पदकविहीन भएको हो। एसियाडका लागि भनेर अन्य राष्ट्रले कम्तीमा चार वर्षअघिदेखि नै तयारी गरेका छन्। हामी केवल चार महिनाको तयारीका साथ आएका छौं। पछिल्लो समय हामी पदक ल्याउने बाटोमा छैनौं। राम्रा खेलाडी विदेश पलायन भइसकेका कारण पनि पदकविहीन हुनुपरेको हो। फेरि तेक्वान्दोमा धेरै विवाद छन्। तेक्वान्दो खेलमा राम्रो वातावरण बनाएर अगाडि बढ्नुपर्ने वेला भएको छ।

हाम्रो तयारी तीन-चार महिना

कुमार घिसिङ, प्रशिक्षक, तेक्वान्दो

नेपाली खेलाडीले एसियाडका लागि धेरैमा ३-४ महिनाको तयारी गरेका छन्। यसैको भरमा खेलाडीले प्रतिस्पर्धा गरे। यहाँ आएका अरू देशका खेलाडीले कम्तीमा चार वर्षदेखि अभ्यास गरिरहेका छन्। हामीले चारपटक छनोट गरेर राम्रा खेलाडीलाई एसियाडमा ल्याएका हौं। हाइटका कारणले नेपाललाई समस्या देखियो। बलिया खेलाडीविरुद्ध अगाडि बढ्नै सकेनन्। देशको खेलकुद राजनीति र खेलाडी पलायनले पनि तेक्वान्दोलाई असर पारेको छ। तेक्वान्दोका सबै सिनियर खेलाडी विदेश पलायन भएका छन्। अहिले थोरै मात्र हामीसँग सिनियर खेलाडी छन्।

एसियाडमा तेक्वान्दो पदक जित्ने

सन्	खेलाडी	पदक
१९८६	राजकुमार राई	कांस्य
१९८६	विधान लामा	कांस्य
१९८६	राजकुमार घर्ती क्षेत्री	कांस्य
१९८६	राजकुमार बुढाथोकी	कांस्य
१९९४	मानबहादुर शाही	कांस्य
१९९८	सविता राजभण्डारी	रजत
१९९८	किशोर श्रेष्ठ	कांस्य
१९९८	सपना मल्ल	कांस्य
२००२	दीपक विष्ट	कांस्य
२००२	रेनुका मगर	कांस्य
२००२	रितु जिमी राई	कांस्य
२००६	दीपक विष्ट	कांस्य
२००६	मनिता शाही	कांस्य
२००६	आयषा शाक्य	कांस्य

आफैं अध्यक्ष, आफ्नै नाम सिफारिस

निर्णायकको कोटामा हकीका अध्यक्ष अनिलप्रसाद शर्मा र बुद्धिचालका अध्यक्ष विदुरप्रसाद गौतम एसियाडमा सहभागी



अनिलप्रसाद शर्मा विदुरप्रसाद गौतम

एसियाडमा आउने मोह सबैको हुन्छ। चीनको हाङ्झाउमा ४५ राष्ट्रका विभिन्न खेलका सर्यौं पदाधिकारी छन्। विकसित देशले आधिकारिक अफिसियल मात्र हाङ्झाउमा पठाएका छन्। अविकसित र आर्थिक रूपमा कमजोर राष्ट्रका खेल संघका पदाधिकारीहरू भने आफ्नो नाम आफैंले सिफारिस गरी १९औँ एसियाडको मजा लिइरहेका छन्। यसको एउटा उदाहरण नेपाल पनि एक हो। पछिल्लो समय एसियाडमा असम्बन्धित खेलका पदाधिकारी एसियाडमा आएको चर्चा थियो। अहिले दुई संघका अध्यक्षले हाङ्झाउमा आउन आफ्नो नाम आफैंले सिफारिस गरेको खुलेको छ।

यी दुवै पदाधिकारी निर्णायकको कोटामा एसियाड आएका हुन्। नेपाल बुद्धिचाल संघका अध्यक्ष विदुरप्रसाद गौतम र हकी संघका अध्यक्ष अनिलप्रसाद शर्मा निर्णायकका रूपमा आएका हुन्। यसपटक यी दुवै खेलले सहभागिता जनाएका छैनन्। तर पनि अध्यक्षद्वय आफूहरू निर्णायक बनेर आएको बताइएको छ। खेलको निर्णायक बन्न एसियाडको आयोजकले ओलम्पिक काउन्सिल एसिया (ओसिए) लाई जिम्मा दिएको छ। ओसिएले आफूसँग आबद्ध संघलाई नै अफिसियल छान्न अधिकार दिएको छ। हकी र बुद्धिचालका अध्यक्ष स्वयंले प्रतियोगितामा आफ्नो नाम सिफारिस गरेका हुन्। अहिले बुद्धिचालका अध्यक्ष गौतम नै कसरी चीन पुगेको भन्ने सम्बन्धमा यस खेलका पदाधिकारी नै अचम्ममा परेका छन्। हालै मात्र हेर्दौंडामा भएको निर्वाचनमा गौतम निर्वाचित भएका थिए।

'अध्यक्षज्यू कसरी एसियाडमा जानुभयो, त्यो अचम्मको विषय हो, अझ उहाँ आफ्नो नाम आफूले नै सिफारिस गरी जानुभएको रहेछ,' संघका एक पदाधिकारीले भने, 'यसबारेमा हामीलाई आधिकारिक रूपमा जानकारी नै छैन।' उनका अनुसार १९औँ एसियाडमा अन्य प्राविधिकलाई पठाउने तयारी थियो।

यता, आर्थिक कारण बुद्धिचाल संघले एसियाडमा खेलाडी नपठाएको हो। प्रतियोगिताअघि नेपाल ओलम्पिक कमिटीले बारम्बार १९औँ एसियाडमा बुद्धिचालमा सहभागी जनाउन बारम्बार पत्र लेखेको थियो। संघले ओलम्पिकले काटेको पत्रको खासै प्रतिक्रिया दिएन। 'बुद्धिचाललाई पनि एसियाडमा समावेश गराउने लक्ष्य थियो, तर उहाँहरूले यस सम्बन्धमा खासै वास्ता नै गर्नुभएन,' नेपाल ओलम्पिक कमिटी (एनओसी)का एक पदाधिकारीले भने।

बुद्धिचालकै जस्तै हकीको पनि अवस्था छ। गत महिना मात्र अध्यक्ष बनेका शर्मा अफिसियलकै हैसियतमा यहाँ छन्। संघका पदाधिकारीले अध्यक्ष निर्णायकको कोटामा एसियाडमा पुग्दा लाज लागेको बताए।

नेपाली पब्जी टिम दोस्रो चरणमा

पदक आशा गरेको ई-स्पोर्टस्को पिस एलिटको रूपमा रहेको पब्जी मोबाइलको प्रतिस्पर्धामा नेपाली टोली दोस्रो चरणमा पुगेको छ। चीनको हाङ्झाउ ई-स्पोर्टस् सेन्टरमा भएको समूह 'सी'को प्रारम्भिक चरणमा नेपाल आफ्नो समूहमा उत्कृष्ट दोस्रो हुँदै दोस्रो चरणमा पुगेको हो। समूहमा नेपालसहित दक्षिण कोरिया, मंगोलिया र भियतनाम छन्। नेपाल उत्कृष्ट टाइममा दोस्रो भएको हो। समूहमा शीर्ष स्थानमा दक्षिण कोरिया रह्यो।

नेपालको ५२ मिनेट २०.२८ सेकेन्ड तथा कोरियाको ४७ मिनेट २८.४६७ सेकेन्डको टाइमिङ रह्यो। नेपाल चार समूहमा दोस्रो हुनेमध्ये उत्कृष्ट टाइमिङका आधारमा अन्तिम १६ मा छनोट भएको हो। अब दोस्रो चरणमा शुक्रबार नेपालले समूहमा प्रतिस्पर्धा गर्नेछ। उत्कृष्ट आठ टोली तेस्रो चरणमा प्रवेश गर्नेछन्। पहिलो चरणमा समूह 'ए'बाट हङकङ, 'बी'बाट चाइनिज ताइपेई, 'सी'बाट दक्षिण कोरिया र नेपाल तथा 'डी'बाट इन्डोनेसिया दोस्रो चरणमा पुगेका छन्। वरीयताका आधारमा चीनसहित चार देश दोस्रो चरणमा पुगेका छन्। समूहबाट सीधै दोस्रो चरणमा पुग्न नसकेका ११ टोलीबीचको प्रतिस्पर्धाबाट सात टोली अन्तिम १६ मा पुग्नेछन्।

ब्याडमिन्टन टोली क्वार्टरफाइनलमा

ब्याडमिन्टनमा नेपालको पुरुष टिम इभेन्ट्सका खेलाडी क्वार्टरफाइनलमा पुगेका छन्। नेपालले पुरुषमा मंगोलियालाई ३-१ हराउँदै अन्तिम आठको स्थान पक्का गरेको हो। नेपालका प्रिन्स दाहाल र सुनील जोशीले जित निकालेका हुन्। नेपालका विष्णु कटुवाल पराजित भए। दाहाल र कटुवालको जोडीले डबल्समा जित निकालेका छन्। महिला टिममा नेपाल माल्दिभ्ससँग ३-१ ले पराजित भयो। नेपालका रसिला महर्जन, नड्सल तामाङ पराजित भएका थिए। अनुमाया राईले मात्र जित हात पारिन्। डबल्स पनि रसिला र अनुमाया पराजित भए।

स्क्वास टोली भारतसँग पराजित

नेपालको पुरुष स्क्वास टोली भारतीय टोलीसँग पराजित भएको छ। एचओसी स्क्वास कोर्टमा पुरुष टिम गेममा नेपाली टोली भारतसँग ३-० ले पराजित भएको हो। सिंगल्समको पहिलो खेलमा अमृत थापामगरले भारतका अभय सिंहसँग ११-२, ११-४ र ११-१ ले हार बेहोरे। अर्को खेलमा अराहन्तकेशर सिंह महेश मान्गोनकरसँग ११-२, ११-३ र ११-३ ले पराजित भएपछि भारतले २-० को अग्रता लियो।

नविता पराजित



नेपालकी नम्बर एक महिला खेलाडी नविता श्रेष्ठ एसियाडअन्तर्गत टेबलटेनिसको अन्तिम ३२ मा पराजित भएकी छिन्। श्रेष्ठले प्रिक्वार्टरफाइनल प्रवेशका लागि भारतकी मनिका भत्रासँग प्रतिस्पर्धा गरेकी थिइन्। जसमा श्रेष्ठ ४-० को एकपक्षीय रूपमा पराजित भइन्। मनिकाले नवितालाई ११-५, ११-४, ११-३ र ११-२ ले हराइन्। यसैगरी, महिला एकलमा नेपालकी सिका सुवाल श्रेष्ठ जापानकी मिउ हिरानोसँग ४-० ले हारिन्। मिउले सुवाललाई ११-७, ११-१, ११-४ र ११-५ ले पाखा लगाइन्।

बक्सिङमा रविन प्रिक्वार्टरफाइनलबाटै बाहिरिए

एसियाडमा बक्सिङ खेलमा सहभागी नेपाली खेलाडीको खराब प्रदर्शन जारी रहेको छ। हाङ्झाउ जिम्न्यासियम हलमा पुरुषतर्फ ५१ केजी तौल समूहमा नेपालका रविन थापा पराजित भएका छन्। उनी उत्तर कोरियाका सो चोयोडविरुद्ध भिडेका थिए। जसमा उनी ५-० ले पराजित भए। रविन र चोयोडबीच तीन राउन्डसम्म खेल भएको थियो। तीनवटै चरणमा नेपालका रविनले उत्तर कोरियाली खेलाडीलाई चुनौती दिन सकेनन्। खेलका पाँच जजले उत्तर कोरियाका चोयोडलाई पूरै १० स्कोर दिएका थिए। नेपालका रविनले सबै जजबाट तीनवटै चरणमा नौ स्कोर पाए।

रेखाको गोलमा नेपालको हार टर्‍यो

रेखा पौडेलको गोलमा नेपाल बंगलादेशसँग हारबाट जोगिएको छ। बिहीबार भएको खेलमा नेपाल र बंगलादेशले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्। यससँगै महिला फुटबल टोलीले एसियाडमा लगातार हार शृंखला रोकेको छ। बालगोपाल महर्जनको प्रशिक्षणमा रहेको नेपाल पहिलो खेलमा भियतनामसँग २-० र जापानसँग ८-० ले पराजित भएको थियो। भियतनाम र जापान महिला विश्वकप खेलिसकेका टोली हुन्। जापान सन् २०११ को च्याम्पियन पनि हो। लगातारको हारपछि नेपाल यसअघि नै प्रतियोगिताबाट बाहिरिएको थियो।

ओलम्पिक स्पोर्टस् सेन्टर स्टेडियममा सविना खातुनको गोलमार्फत बंगलादेशले ४४औँ मिनेटमा अग्रता बनाएको थियो। रेखाले ८३औँ मिनेटमा बराबरी गोल गर्दै लगातार तेस्रो हारबाट नेपाललाई जोगाएकी हुन्। रेखाले चार वर्षपछि राष्ट्रिय टोलीका लागि गोल गरेकी हुन्। सन् २०१९ साफ च्याम्पियनसिपमा श्रीलंकाविरुद्ध गोल गरेपछि रेखाको यो दोस्रो गोल हो।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशित मिति : २०८०।६।१२

यस समितिबाट मिति २०८०।५।५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा 04/TGDB/2080/2081 - Supply and Delivery of Foodstuffs, Fleshy, Milky Product, Fruit & Vegetable Items को आपूर्ति गर्न बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको ले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिल

सि.नं	ठेक्का नं. तथा विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर बाहेक)
१	04/TGDB/2080/2081-Supply and Delivery of Foodstuffs, Fleshy, Milky Product, Fruit & Vegetable Items	श्री खप्तड बाबा ट्रेड लिङ्क प्रा.लि., संखमुल, काठमाण्डौ।	१,२२,०८,६१९.४७

LUMBINI PROVINCIAL GOVERNMENT
MINISTRY OF HEALTH
Province Health Logistic Management Center, Butwal
INVITATION FOR ELECTRONIC BIDS
First date of publication: 12th Ashoj, 2080 (29th Sep, 2023)

1. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Butwal, Rupandehi E-mail: info.phlmc@lumbini.gov.np, Phone: 071-530304, 547304, website phlmc.p5.gov.np or may visit e-GP system www.bolpatra.gov.np/egp.
2. Bidding documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

Name of Bank :	Rastriya Banijya Bank, Butwal	**Office Code No :**3700348015
Name of the Office :	Province Health Logistic Management Center, Province-5, Butwal, Rupandehi	
Office Account No :	1000100200010000	**Revenue Head No :** 14229

3. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting as per below Bank Voucher in the name of Province Health Logistic Management Center, Lumbini Province, Butwal, Rupandehi, **Dharauti Account No: 3120100202030000 (Rastriya Banijaya Bank, Butwal)**. The bid security shall be valid for minimum 30 days beyond the bid validity period **15 Falgun, 2080 (27th Feb, 2024)**
4. If the last date of the Bid submission and opening falls on a public holiday, then the next working day shall be considered as the last date. In such . case the bid validity and bid security validity shall recognized with effect from the original bid submission deadline.
5. The bid is in single package and tender will be evaluation in package wise
6. The prebid meeting is held on Ashoj 29 2080 (16 Oct 2023) at 11:30 at PHLMC Butwal.

S. N.	Contract Identification No.	Description of Items	Cost of Bidding document (NRs)	Slice	Amount of Bid security (NRs)
1	L/PHLMC/NCB/GOODS-4/2080-081	SUPPLY DELIVERY AND INSTALLATION OF DR SYSTEM WITH 500 MA X-RAY	3000.00		460000.00
2	L/PHLMC/NCB/GOODS-5/2080-081	SUPPLY DELIVERY AND INSTALLATION OF MEDICAL EQUIPEMENTS	5,000.00	Slice A	466000.00
				Slice B	455000.00

PHLMC, Butwal

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com